# वृद्धावस्था सम्बन्धी अन्तर्राष्ट्रिय कार्ययोजना - २००२

# Madrid International Plan of Action on Ageing - 2002 (MIPPA)


नेपाल सहभागीमूलक कार्य समूह (नेपान)
नयाँ बानेश्वर, काठमाडौं

संयुक्त राष्ट्र जनसंख्या कोष
संयुक्त राष्ट्र भवन, पुल्चोक, ललितपुर

श्री ५ को सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# Madrid International Plan of Action on Ageing - 2002

## बृद्धावस्थासम्बन्धी म्याड्रिड अन्तर्राष्ट्रिय कार्य योजना - २००२

**प्रकाशक :** नेपाल सहभागीमूलक कार्य समूह (नेपान)
पो.व.नं. १३७९१, काठमाडौं
फोन नं. ४-७८१९५५
फ्याक्सः ४-७८०९५९
इमेलः nepan@mos. com.np
वेव साइटः www.nepan.org.np

**प्रकाशन :** प्रथम पटक ३००० प्रति
आषाढ, २०६१

**मुद्रक :** मास प्रिन्टिङ्ग प्रेस
छाउनी, म्यूजियम रोड, काठमाडौ
फोन नं. ४२७०१५७

प्रस्तुत दस्तावेज Report of the Second World Assembly on Ageing Madird, 8-12 April 2002 मा सम्पन्न संयुक्त राष्ट्रसंघीय सम्मेलनद्वारा पारित Madrid International Plan of Action on Ageing-2002 (MIPPA) को अनुवादित दस्तावेज हो । यस पुस्तिकालाई कानून किताब व्यवस्था समितिद्वारा अंग्रेजीबाट नेपाली भाषामा अनुवाद गराइएको हो ।

जिल्ला प्रशासन कार्यालय काठमाडौं द. नं.: ४८५-०५१/५२
समाज कल्याण परिषद् द.नं.: ४३८७-०५३/५४

नेपाल सहभागीमूलक कार्य समूह (नेपान)
**Nepal Participatory Action Network [NEPAN]**

पत्र संख्या: / Ref. No.:

मिति / Date: १९/०४/२०६१

## मन्तब्य !

जेष्ठ नागरिकको सवालमा नेपाल सहभागीमूलक कार्यसमूह (नेपान) ले गएको चार वर्षदेखि निरन्तर काम गर्दै आएको छ । वृद्धवृद्धाको सवाललाई मुख्य रुपमा उठाउन नेपानले जेष्ठ नागरिक सम्बन्धी सहभागीमूलक अनुसन्धान, उनीहरुको हक हितका नीतिगत वकालत, तालिम, छलफल तथा अनुभवहरु आदान-प्रदान लगायत सूचना प्रवाहको कार्य गरिरहेको छ । यो सवालमा सैद्धान्तिक रुपमा प्रष्ट हुँदै व्यवहारिक जीवनमा पुऱ्याउनका लागि विभिन्न सरकारी एवं गैरसरकारी संस्थाहरु वीच समन्वय एवं नेटवर्किङ्ग पनि नेपानले गर्दै आएको छ । जेष्ठ नागरिकका सवालमा गरिएको नेपालकै पहिलो सहभागीमूलक अनुसन्धानको प्रतिवेदनको वुद्यौली आवाजको प्रकाशन पछि अहिले यस सवालमा काम गर्ने रुचि धेरैमा बढेको पाइनुलाई सकारात्मक संकेतको रुपमा नेपानले लिएको छ । नेपानको २०६० सालमा सम्पन्न कार्यनीतिक गोष्ठीले पनि यो सवाललाई सामाजिक विभेद अन्तर्गत समावेश गरी आगामी पाँच वर्षसम्म यस क्षेत्रमा नेपान अझै क्रियाशिल हुने कार्यनीति नै तयार गरिसकेको छ ।

नेपालमा वृद्धवृद्धा सम्बन्धी व्यवस्था भएका स्वास्थ्य, सेवा एवं सुरक्षा लगायत विविध खालका सुविधा बारे अझै पनि ग्रामीण स्तरसम्म सूचनाहरु पुग्न सकेको छैन । नीति निर्माण गर्ने तहदेखि सुविधा उपभोग गर्ने जेष्ठ नागरिक वीचको दूरी फराकिलो छ । यस सवालमा क्रियाशिल सरकारी निकाय एवं संघसंस्थाहरु वीचमा पनि वृद्धवृद्धा सम्बन्धीको बुझाइ, व्याख्या एवं विश्लेषणहरु अलग अलग पाइएका छन् । जसले जेष्ठ नागरिकको सवालमा कार्यरत संस्थाहरु वीच समन्वयको वातावरण सृजना गर्न नसकेको देखिन्छ । यिनै पृष्ठभूमिलाई महसुस गरि विश्वव्यापी रुपमा ग्रहण गरिएको जेष्ठ नागरिक सम्बन्धी मूल्य, मान्यता एवं सिद्धान्तहरुको व्यापक प्रचार प्रसार गर्ने उद्देश्यले यो वृद्धाअवस्था सम्बन्धी अन्तर्राष्ट्रिय कार्य योजना २००२ को प्रकाशन नेपाल सहभागीमूलक कार्यसमूह (नेपान), महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष वीचको संयुक्त पहलमा गरिएको हो ।

विपन्न तथा ग्रामीण क्षेत्रमा अझैसम्म पनि जेष्ठ नागरिक सम्बन्धी सूचनाको अभाव रहेकाले यस अन्तर्राष्ट्रिय अभिलेखनमा सवैको समान र सहज रुपमा पहुँच पुऱ्याउन जेष्ठ नागरिकका सवालमा कार्यरत संघसंस्था, वृद्धाश्रम तथा दिवासेवा केन्द्रहरु तथा अन्य सरोकारवालाहरुलाई सर्व सुलभ रुपमा उपलब्ध गराउने लक्ष्य यस प्रकाशनले लिएको छ । जेष्ठ नागरिकहरुको हकहित एवं उनीहरुको सम्मानजक जीवन यापनका लागि राज्यसंग निश्चित कार्यक्रम हुनु जरुरी छ । अन्तर्राष्ट्रिय कार्य योजना मुताविक हाम्रो माटो सुहाउँदो योजनाहरु तयार पारी यस सवालमा क्रियाशिल संघसंस्थाहरुको सक्रिय सहभागिता गराई जेष्ठ नागरिकहरुको जीवनलाई सम्मानित पार्न सकिने भएकाले यो अभिलेखनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा नेपानले लिएको छ ।

राघव राज रेग्मी
अध्यक्ष,
नेपाल सहभागीमूलक कार्यसमूह, नेपान

New Baneshwor chowk (South), Kathmandu, P.O. Box: 13791
Phone: 4781955, Fax: 977-1-4780959, E-mail: nepan@mos.com.np

श्री ५ को सरकार

# महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय

पत्र संख्या :-

सिंहदरवार, काठमाडौं
फोन नं. : ४२४१८१६, ४२४१८६८
४२४१६१३, ४२४१७२८
फ्याक्स : ४२४१५१६
मिति : २०६१।४।१९

## मन्तब्य

सन् २००२ मा स्पेनको म्याड्रिडमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको "बृद्धावस्था सम्बन्धी अन्तर्राष्ट्रिय कार्ययोजना" को नेपाली अनुवादलाई यस मन्त्रालय र नेपाल सहभागिमूलक कार्य समूह (नेपान) को संयुक्त सहयोगमा प्रकाशन हुन लागेकोमा मलाई खुशी लागेको छ ।

बृद्धहरुले समाजमा सम्मानित जीवनयापन गर्न पाउने वातावरण श्रृजना गरिनु पर्दछ भन्ने कुरामा हाम्रो सहमती छ । बृद्धहरुको पालन पोषण, स्वास्थ्य उपचार, उचित रेखदेख र सुरक्षा जस्ता न्यूनतम आवश्यकीय विषयहरुमा अझ व्यापक रुपमा कार्य गर्नु जरुरी छ । यस बाहेक यस्ता नागरिकहरुको दीर्घ जीवनको अनुभवलाई भावी पुस्ताका निमित्त उपयोगी हुने क्षेत्रमा सदुपयोग गर्नु आजको आवश्यकता पनि हो । यसको लागि उक्त अन्तर्राष्ट्रिय कार्ययोजनाको व्यापक प्रचार प्रसार एवं कार्यान्वयन आवश्यक छ । यसै सन्दर्भमा कार्ययोजना प्रकाशन गरी बृद्धबृद्धाको क्षेत्रमा त्यस संस्थाले पुऱ्याउन खोजेको योगदानको निमित्त म धन्यवाद दिन चाहन्छु ।

नेपानसंग भविष्यमा पनि यस्ता विषयमा सहकार्य र सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

(शशिकान्त मैनाली)
सचिव

# मन्तव्य

साठी (६०) वर्ष भन्दा माथिको जनसंख्या वृद्धि हुनु जनसांख्यिक संक्रमण (Demographic Transition) को एउटा महत्वपूर्ण पक्ष हो । प्रजनन् दर, मृत्यु दर र विशेष गरी बाल मृत्यु दर घटनाले औसत आयु बढ्ने गर्दछ । नेपालमा पनि औसत आयु ६० वर्ष भन्दा माथि पुगेको छ र २०५८ को जनगणनाले पहिलो पटक नेपाली महिलाहरूको औसत आयु पुरूष सरह वा सो भन्दा माथि भएको इंगित गरेको छ ।

घट्दो प्रजनन्, बाल मृत्यु दर एवं आधुनिक औषधोपचार र विकासले आउँदा दिनहरूमा मानिसहरू झन् धेरै बाँच्ने निश्चित नै छ । नेपालको जनसांख्यिक तथ्याङ्कले पनि यही कुरा देखाउँछ र २०५८ को जनगणना अनुसार कुल जनसंख्यामा करिब ६.५ प्रतिशत जनसंख्या ६० वर्ष भन्दा माथिको रहेको छ ।

विश्वमा बढ्दो वृद्धवृद्धा जनसंख्याको व्यवस्थापन एउटा चुनौतिपूर्ण कार्य हो । नेपाल जस्तो विकासोन्मुख देशको लागि यो झन् चुनौतिपूर्ण हुने पक्का छ किनभने नेपालको जनसंख्यामा बाल तथा युवाको अंश पनि धेरै छ । यी बाल वृद्धा दुवैको आवश्यकताहरू भिन्न भिन्न छन् र यिनीहरूलाई चाहिने सेवा पनि बेग्लै प्रकृतिका छन् । अहिलेसम्म विकासोन्मुख मुलुकहरूको ध्यान बाल तथा युवा जनसंख्याको आवश्यकता पूरा गर्नमा नै धेरै केन्द्रित भएको र वृद्धवृद्धाको समस्यामा त्यति ध्यान नपुऱ्याएको अवस्थामा नेपाल सहभागीमूलक कार्य समूह, नेपानले यु.एन.एफ.पी.ए.को आर्थिक सहयोगमा स्पेनको म्याड्रिडमा भएको दोश्रो अन्तर्राष्ट्रिय वृद्धवृद्धा सम्मेलनले पारित गरेको कार्य योजना नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ । प्रकाशित पुस्तकले वृद्धावस्थाको समस्या पहिचान गर्न र आवश्यक नीति निर्माण गरी कार्यक्रम संचालन गर्न सबैलाई उपयोगी हुने हामीले विश्वास लिएका छौं र यस्तो उपयोगी काम गरे वापत नेपानलाई धन्यवाद समेत दिन चाहन्छौं ।

Hernando Agudelo

डा. हर्नान्डो अगुडेलो
कार्यवाहक प्रतिनिधी
यु.एन.एफ.पी.ए., नेपाल

संयुक्त राष्ट्र संघ ए/सीओएन्एफ १९७/९

# वृद्धावस्था सम्बन्धी दोस्रो विश्व सम्मेलनको प्रतिवेदन

म्याड्रिड, ८-१२ अप्रील २००२

# वृद्धावस्था सम्बन्धी दोस्रो विश्व सम्मेलनको प्रतिवेदन
# संयुक्त राष्ट्र संघ, न्यूयोर्क, २००२

द्रष्टव्य:

संयुक्त राष्ट्र संघका संकेतहरू अंक सहितका ठूला अक्षरहरूबाट देखाईएका छन् ।

यस प्रकाशनमा पदहरूको उल्लेखन तथा सामग्रीको प्रस्तुतीबाट कुनै पनि देश, ईलाका, शहर वा क्षेत्र वा यसका अधिकारीहरूको कानूनी हैसियत वा यसका सीमानाको निर्धारण सम्वन्धमा संयुक्त राष्ट्र संघीय सचिवालयको तर्फबाट कुनै पनि किसिमको धारणा व्यक्त गरिएको मानिने छैन ।

ए/सी ओ एन एफ १९७/९

संयुक्त राष्ट्र संघीय प्रकाशन

विक्री नम्वर ई. ०२. IV. ४

आई एस् वी एन् ९२-१-१३०२२१-८

# विषयसूची


१ परिचय १

२ सिफारिश गरिएका क्रियाकलाप, प्राथमिकता प्राप्त क्षेत्र

१. बृद्ध व्यक्तिहरू र विकास ७

- समाज र विकासमा सक्रिय सहभागिता ८
- काम र श्रम शक्ति बीच तालमेल १०
- ग्रामीण विकास, बसाई सराई र शहरीकरण १३
- ज्ञान, शिक्षा र तालीममा पहूँच १६
- अन्तर सन्ततिगत ऐक्यवद्धता १९
- गरिबी निवारण २०
- आयगत सुरक्षा, सामाजिक संरक्षण/सामाजिक सुरक्षा र गरिबी निवारण २२
- संकटकालिन अवस्थाहरू २४

२. बृद्धावस्थामा स्वास्थ्य र संवृद्धि अभिबृद्धि गर्ने २६

- आजीवन स्वास्थ्य प्रवर्द्धन र कुशलता २८
- स्वास्थ्य-स्याहार सेवाहरूमा विश्वव्यापी तथा समान पहूँच ३२
- बृद्ध व्यक्तिहरू र एच.आइ.भी/एड्स ३७
- स्याहार सुसार गर्ने व्यक्तिहरू तथा स्वास्थ्य व्यवसायीहरूको तालीम ३९
- बृद्ध व्यक्तिहरूका मानसिक स्वास्थ्यसंग सम्बन्धित आवश्यकताहरू ४०
- बृद्ध व्यक्तिहरू र अपाङ्गता ४१

३. सबल र सहयोगी वातावरण सुनिश्चित गर्ने ४३

- आवास तथा वातावरण ४३
- स्याहार गर्ने व्यक्तिहरूको हेरविचार र सहयोग ४७
- उपेक्षा, दुर्व्यवहार तथा हिंसा ५१
- बृद्धावस्थाको चित्रण ५३

## ३ कार्यान्वयन र अनुगमन

- राष्ट्रिय क्रियाकलापहरू ५३
- अन्तर्राष्ट्रिय क्रियाकलापहरू ५५
- अनुसन्धान ५८
- विश्वव्यापी सुपरिवेक्षण, पुनारावलोकन र अद्यावधिकता ५८

## ४ विविध

- ज्येष्ठ नागरिकावस्था सम्बन्धी दोश्रो विश्व सभा ६८
- नेपानद्वारा ज्येष्ठ नागरिकका सवालमा हालसम्म संचालित विविध गतिविधीहरू ६८

# अनुसूची - २

## वृद्धावस्था सम्बन्धी म्याड्रिड अन्तर्राष्ट्रिय कार्ययोजना, २००२

### विषय सूची

१. परिचय
२. सिफारिश गरिएका कृयाकलापहरू
३. कार्यान्वयन र अनुगमन

### १. परिचय

१. भियनामा सम्पन्न वृद्धावस्था सम्बन्धी प्रथम विश्व सम्मेलनमा ग्रहण गरिएको वृद्धावस्था सम्बन्धी अन्तर्राष्ट्रिय कार्ययोजनाले[1] महत्वपूर्ण नीति तथा पहलहरूको रुपमा २० वर्षमा अवधारणाको पथप्रदर्शन गरी वृद्धावस्था सम्बन्धी कृयाकलापहरूलाई निर्देशित गऱ्यो । वृद्ध व्यक्तिका मानव अधिकारहरू सम्बन्धी विषय/सवालहरू सन् १९९१ मा वृद्ध व्यक्तिहरूका लागि संयुक्त राष्ट्र संघीय सिद्धान्तहरूको[2] तर्जुमामा समावेश गरियो, जसले स्वतन्त्रता, सहभागिता, हेरचाह/हेरविचार आत्मपरिपूर्ति तथा सम्मानका क्षेत्रहरूमा पथ प्रदर्शन गऱ्यो ।

२. एक्काइसौं शताब्दीमा दीर्घ जीवन सम्बन्धी क्रान्तीहरू भए । जन्मदा औषत आयु सन् १९५० देखि २० वर्षबाट वृद्धी भई ६६ वर्ष पुऱ्यो भने सन् २०५० सम्म अझ १० वर्ष बढ्ने अपेक्षा गरिएको छ । प्रस्तुत जनसांख्यिक विजय र एक्काइसौं शताव्दीको शुरुको आधा अवधिमा जनसंख्यामा भएको तीव्र वृद्धीको अर्थ ६० वर्ष माथिका व्यक्तिहरूको संख्या सन् २००० मा करीव ६० करोडबाट वृद्धि भई सन् २०५० मा करिव २ अर्व पुग्ने र वृद्ध व्यक्तिको रुपमा परिभाषित व्यक्तिहरूको अनुपात विश्वभर सन् १९९८ मा १० प्रतिशतबाट बढेर सन् २०२५ मा १५ प्रतिशत पुग्ने अनुमान छ । सो वृद्धी उच्चतम हुनेछ र विकासोन्मुख देशहरू, जहां वृद्धहरूको जनसंख्या आगामी ५० वर्ष भित्र चौवर हुने अनुमान छ, मा जनसंख्याको अती तीव्र वृद्धि हुने छ । एशिया र दक्षिण अमेरिकामा वृद्धको रुपमा वर्गिकृत व्यक्तिहरूको अनुपात सन् १९९८ र २०२५ बीचको अवधिमा ८ देखि १५ प्रतिशतका दरले वृद्धि हुने छ । सो अवधिमा अफ्रिकामा सो अनुपात ५ देखि ६ प्रतिशतका दरले वृद्धी हुने छ तापनि सन् २०५० सम्म दोव्वर हुनेछ । अफ्रिकाको सव शाहारा, जहां एच.आइ. भी/एड्सको महामारी तथा आर्थिक र

[1] सन् १९८२ को २६ जुलाई देखि ६ अगस्त सम्म भियनामा सम्पन्न *वृद्धावस्था सम्बन्धी विश्व सम्मेलनको प्रतिवेदन* (राष्ट्र संघको प्रकाशन, विक्री नम्वर ई. ४२.१.१६), परिच्छेद ६, दफा क. हेर्नुहोस् ।

[2] साधारण सभावाट पारित प्रस्ताव ४६/९१ अनुसूची ।

सामाजिक कठोरता विरुद्धको सङ्घर्ष निरन्तर छ, मा सो प्रतिशत उक्त तहको आधामा पुग्नेछ। युरोप र उत्तर अमेरिकामा, सन् १९९८ र २०२५ वीचको अवधिमा वृद्धको रुपमा वर्गिकृत व्यक्तिहरूको अनुपात क्रमश: २० देखि २८ प्रतिशत र १६ देखि २६ प्रतिशतका दरले वृद्धि हुने छ। यस्तो विश्वव्यापी जनसांख्यिक परिवर्तन (रुपान्तरण) ले वैयक्तिक, सामुदायिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय जीवनका हरेक क्षेत्रमा महत्वपूर्ण प्रभाव पार्छ। मानवताको प्रत्येक पहलूको विस्तार हुनेछ:- सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, मनोवैज्ञानिक र आध्यात्मिक।

३. उल्लेखनीय मार्गस्थ जनसांख्यिक संक्रमणवाट वृद्ध तथा युवाले शताव्दीको मध्य सम्ममा विश्वको जनसंख्याको वरावर हिस्साको प्रतिनिधित्व गर्ने छन्। विश्वव्यापी रुपमा, साठी वर्ष र सो भन्दा बढी उमेरका व्यक्तिहरूको अनुपात सन् २००० र २०५० बीचको अवधिमा दोव्वर, १० देखि २१ प्रतिशत, हुने प्रक्षेपण गरिएको छ जवकि वालवालिकाको अनुपात एक तिहाई, ३० देखि २१ प्रतिशत, का दरले घट्ने अनुमान छ। केही खास विकसित देशहरू र संक्रमणकालिन अर्थतन्त्र भएका देशहरूमा वृद्ध व्यक्तिहरूको संख्या वालवालिकाको संख्या भन्दा वढी भैसकेको र जन्म दर विस्थापनका तहहरू भन्दा तल भरेको छ। केही विकशित देशहरूमा सन् २०५० सम्ममा वृद्ध व्यक्तिहरूको संख्या वालवालिकाको संख्या भन्दा दोव्वर भन्दा वढी हुने छ। विकसित देशहरूमा, प्रति १०० महिलामा ७१ पुरुषको औषत वृद्धी भई ७८ पुग्ने अनुमान गरिएको छ। कम विकसित क्षेत्रहरूमा विकसित क्षेत्रहरूमा जस्तै वृद्ध महिलाको संख्या वृद्ध पुरुषको संख्या भन्दा वढी छैन किनभने औषत आयु सम्वन्धी लैंगिक भिन्नताहरू सामान्यत: ससाना छन्। विकासोन्मुख देशहरूमा साठी वर्ष वा सो भन्दा वढी उमेरका जनसंख्या मध्येको वर्तमान लैंगिक अनुपात औषत ८८ पुरुष प्रति १०० महिला रहेको छ। शताव्दीको मध्य सम्ममा यो औषत दरमा हल्का परिवर्तन भई ८७ हुने प्रक्षेपण गरिएको छ।

४. वृद्ध जनसंख्या विकासोन्मुख देशहरूमा मुख्य समस्या हुने देखिन्छ। वृद्ध व्यक्तिहरूको जनसख्या एक्काईसौं शताव्दीको शुरुको आधा अवधिमा तीव्र ढंगले वृद्धि हुने अनुमान गरिएको छ। सन् २०५० सम्ममा, वृद्ध व्यक्तिहरूको अनुपात ८ प्रतिशतवाट वृद्धि भै १९ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ जवकी वालवालिकाको अनुपात ३३ प्रतिशतवाट घटी २२ प्रतिशतमा झर्ने छ। यो जनसांख्यिक परिवर्तनले स्रोत सम्वन्धी ठूलो चुनौती प्रस्तुत गर्छ। विकसित देशहरूमा वृद्ध व्यक्तिहरूको जनसंख्या क्रमिक रुपमा वृद्धि हुँदै गएको भएतापनि तिनीहरूले वृद्धावस्था र वेरोजगारी तथा निवृत्तिभरण प्रणालीहरूको दीगोपन बीचको सम्वन्धवाट उत्पन्न

चुनौतीहरूको सामना गर्छन् । जवकी विकासोन्मुख देशहरूले संगसंगै विकास र जनसांख्यिक वृद्धिको चुनौतिको सामना गर्छन् ।

५. विकसित र विकासोन्मुख देशहरू बीच अन्य महत्वपूर्ण जनसांख्यिक विभेदहरू पनि छन् । विकसित देशमा वहुसंख्यक वृद्ध व्यक्तिहरू शहरी क्षेत्रको रुपमा वर्गिकृत क्षेत्रहरूमा वसोवास गर्छन् भने विकासोन्मुख देशहरूमा वहुसंख्यक वृद्ध व्यक्तिहरू ग्रामीण इलाकाहरूमा वसोवास गर्छन् । जनसांख्यिक प्रक्षेपणहरू अनुसार सन् २०२५ सम्ममा, विकसित देशहरूका जनसंख्याको ८२ प्रतिशत हिस्सा शहरी क्षेत्रहरूमा वसोवास गर्ने छन् जवकी विकासोन्मुख देशहरूका जनसंख्याको आधा भन्दा कम जनसंख्या शहरी क्षेत्रहरूमा वसोवास गर्ने छन् । विकासोन्मुख देशहरूमा, ग्रामीण इलाकाहरूमा वसोवास गर्ने वृद्ध व्यक्तिहरूको अनुपात शहरी इलाकामा वसोवास गर्ने वृद्ध व्यक्तिहरूको भन्दा उच्च छ । वृद्धावस्था र शहरीकरण बीचको सम्वन्धका सम्वन्धमा थप अध्ययन हुन आवश्यक छ तापनि प्रवृतिहरूले के देखाउंछन् भने भविष्यमा वृद्ध व्यक्तिहरूको ठूलो जनसंख्या रहने छ ।

६. वृद्ध व्यक्तिले जीवन यापन गर्ने घरपरिवारको प्रकारका सम्वन्धमा पनि विकसित र विकासोन्मुख देशहरू बीच उल्लेखनीय फरकहरू विद्यमान छन् । विकासोन्मुख देशहरूमा, वृद्ध व्यक्तिहरूको ठूलो अनुपात वहु सन्ततिगत घरपरिवारमा वस्छन् । यी फरकहरूले के देखाउंछन् भने विकासोन्मुख र विकसित देशहरूका लागि नीतिगत कृयाकलापहरू पनि फरक फरक हुने छन् ।

७. वृद्ध व्यक्तिहरूको जनसंख्या मध्ये तीव्रतम वृद्धी भएको समुह वयोवृद्ध अर्थात ८० वर्ष वा सो भन्दा वढी उमेका वृद्ध व्यक्तिहरूको समुह हो । सन् २००० मा वयोवृद्धहरूको संख्या ७ (सात) करोड थियो भने आगामी ५० वर्षको अवधिमा वयोवृद्धहरूको संख्या ५ गुण भन्दा वढी वृद्धी हुने प्रक्षेपण गरिएको छ ।

८. वृद्ध महिलाको संख्या वृद्ध पुरुषको संख्या भन्दा वढी छ, उमेर जति जति वढ्दै जान्छ यस्तो वृद्धि पनि त्यति त्यति वढ्दै गएको पाइन्छ । जुनसुकै स्थानमा पनि वृद्ध महिलाको स्थितिले नीतिगत कार्यका लागि प्राथमिकता पाउनै पर्छ । महिला र पुरुषमा वृद्धावस्थाको भिन्न भिन्न प्रभाव हुनेछ भन्ने कुराको स्वीकृति महिला र पुरुष बीच पूर्ण समानता सुनिश्चित गर्न र समस्यालाई सम्बोधन गर्ने प्रभावकारी र दक्ष उपायहरूको विकास गर्नका लागि अपरिहार्य तत्व हो । तसर्थ, सवै नीति, कार्यक्रम र कानूनहरूमा लैंगिक दृष्टिकोणको एकीकरण सुनिश्चित गर्ने कुरा नै संगीन विषय हो ।

९. विश्वव्यापी वृद्धावस्थाको विकसित हुंदै गएको प्रकृयालाई विकासको व्यापकतर प्रकृयामा एकीकृत गर्न अत्यावश्यक छ । वृद्धावस्था सम्वन्धी नीतिको लागि, नूतन विश्वव्यापी पहलहरू र मुख्य मुख्य राष्ट्र संघीय सम्मेलन तथा शिखर

सम्मेलनहरूबाट तय गरिएका निर्देशक सिद्धान्तहरूलाई मध्यनजर राखी विकासवादी दृष्टिकोणबाट व्यापकतर जीवनचक्रको निकट परीक्षण र समाजव्यापी विचारको जरुरत पर्छ ।

१०. वृद्धावस्था सम्बन्धी अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ ले सवै क्षेत्र र सवै तहहरूमा दृष्टिकोण, नीति तथा व्यवहारमा परिवतर्न गर्न आव्हान गर्छ ताकि एक्काइसौं शताब्दीमा वृद्धावस्थाको व्यापक संभाव्यता पूरा गर्न सकियोस् । धेरै वृद्ध व्यक्तिहरू सुरक्षा र मर्यादा संगसंगै वृद्ध हुदै जान्छन् र स्वयं आफूलाई आफ्ना समुदाय र परिवारभित्र सहभागि हुन सवल पनि बनाउंछन् । अन्तर्राष्ट्रिय कार्ययोजनाको उद्देश्य जहांतहीका व्यक्तिहरू सुरक्षा र मर्यादा संगसंगै वृद्ध हुंदै जान र पूर्ण अधिकार सम्पन्न नागरिकको रुपमा आ-आफ्ना समाजहरूमा निरन्तर रुपमा सहभागी हुन सक्षम भएको सुनिश्चित गर्नु हो । स्वस्थ र समृद्ध वृद्धावस्थाको जग जीवनको पूर्वार्धमै वसालिने कुरा स्वीकार गर्दै, व्यक्तिगत तथा जनसांख्यिक वृद्धावस्थासंग सम्वद्ध मुख्य मुख्य प्राथमिकताहरूमा ध्यान दिन नीति निर्माताहरूलाई सघाउन प्रस्तुत योजनालाई एउटा व्यवहारिक साधनको रुपमा लिईएको छ । प्रत्येक देशमा विद्यमान परिस्थितिहरूको व्यापक विविधतामा ग्रहणीय वनाउन वृद्धावस्थाका साझा प्रकृतिका विशेषताहरू तथा यसले उब्जाउने चुनौतिहरूलाई स्वीकार गरी विशेष सिफारिशहरूको तय गरिएको छ । विभिन्न क्षेत्रहरूमा भई रहेका विकासका विभिन्न चरण तथा संक्रमणहरूका साथै विश्वव्यापिकृत हुंदै गएको विश्वमा सवै देशहरूको अन्तरनिर्भरतालाई प्रस्तुत योजनाले मान्यता दिएको छ ।

११. सवै उमेरका व्यक्तिहरूका लागि समाज, जो वृद्ध व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्ष १९९९ को नारा थियो, मा चारवटा आयामहरू समावेश थिए:- व्यक्तिगत दीर्घ जीवन विकास, वहु सन्ततिगत सम्बन्ध, वृद्ध व्यक्तिहरूको जनसंख्या वृद्धी तथा विकास बीचको अन्तरसम्बन्ध र वृद्ध व्यक्तिहरूको स्थिति । अन्तर्राष्ट्रिय वर्षले वृद्धावस्थाको सवाललाई सवै क्षेत्रहरूमा एकीकृत गर्ने र जीवनका सम्पूर्ण चरणहरूमा अभिन्न अवसरहरूको विकास गर्ने प्रयत्नहरू लगायत विश्वव्यापी रुपमा सचेतता, अनुसन्धान र कार्यनीतिलाई अधि बढाउन सहयोग गर्‍यो ।

१२. मुख्य मुख्य राष्ट्र संघीय सम्मेलन र शिखर सम्मेलनहरू, महासभाका विशेष अधिवेशनहरू तथा अनुगमन प्रकृयाहरूको पुनरावलोकनले प्रत्येक व्यक्तिको आर्थिक तथा सामाजिक अवस्थाहरूमा सुधार ल्याउने उद्देश्यले सवै तहमा लक्ष्य, उद्देश्य र प्रतिवद्धताहरू निर्धारण गरेका छन् । यिनीहरूले यस्तो पृष्ठभूमिं/सन्दर्भ उपलब्ध गराउंछन् जहां वृद्ध व्यक्तिहरूको विशिष्टिकृत योगदान/समर्थन र सरोकारहरूलाई स्थापना गर्नैपर्छ । यी व्यवस्थाहरूको कार्यान्वयनले वृद्ध

व्यक्तिहरूलाई विकासमा पूर्ण रुपमा योगदान दिन र विकासबाट समान रुपले फाईदा लिन सवल बनाउने छ। वृद्धावस्था सम्बन्धी अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ मा यी लक्ष्य, उद्देश्य र प्रतिवद्धताहरूसंग गांसिएका विभिन्न केन्द्रीय मूल विषयहरू निहित छन्। यस्ता विषयहरूमा देहायका कुराहरू समेत समाविष्ट छन्:-

(क) सवै वृद्ध व्यक्तिहरूका सम्पूर्ण मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको पूर्ण वहाली गर्ने,

(ख) वृद्धावस्थामा गरिवी निवारण गर्ने लक्ष्यलाई पुन: पुष्टि गर्ने तथा वृद्ध व्यक्तिहरूका लागि राष्ट्र संघीय सिद्धान्तहरूमा आधारित कुराहरू समावेश सुरक्षित वृद्धावस्था हासिल गर्ने,

(ग) आयमूलक तथा स्वेच्छिक कामको माध्यमबाट समेत आफना समाजहरूमा आर्थिक, राजनीतिक तथा सामाजिक जीवनमा पूर्ण र प्रभावकारी ढंगले सहभागि हुन वृद्ध व्यक्तिहरूको सवलीकरण गर्ने,

(घ) वृद्ध व्यक्तिहरू एउटा समरुप समुह होइनन् भन्ने कुरा स्वीकार गर्दै समुदायमा जीवनभर सिकाई तथा सहभागितामा पहुंच उपलब्ध गराउने आदि माध्यमहरूबाट जीवनभर एवं जीवनको उत्तरार्धमा वैयक्तिक विकास, स्वतन्त्रता, स्व-सम्पन्नता तथा समुन्नतिका लागि अवसरहरू उपलब्ध गराउने,

(ङ) व्यक्तिहरूका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र नागरिक तथा राजनीतिक अधिकारहरूको पूर्ण उपयोग र वृद्ध व्यक्तिहरू विरुद्धका सवै किसिमका हिंसा तथा भेदभाव उन्मूलन सुनिश्चित गर्ने,

(च) अन्य कुराका अतिरिक्त, लैंगिक विभेद उन्मूलन गरी वृद्ध व्यक्तिहरू बीच लैंगिक समानता प्रति प्रतिवद्धता व्यक्त गर्ने,

(छ) सामाजिक विकासका लागि परिवार, अन्तरसन्ततिगत अन्तरनिर्भरता, एक्यवद्धता तथा पारस्परिकताको गहन महत्व आत्मसात गर्ने,

(ज) वृद्ध व्यक्तिहरूलाई निरोधात्मक तथा पुनर्स्थापनामूलक स्वास्थ्य स्याहार लगायत स्वास्थ्य हेरविचार, सहयोग तथा सामाजिक संरक्षण उपलब्ध गराउने,

(झ) अन्तर्राष्ट्रिय कार्ययोजनालाई व्यवहारमा उतार्न सरकारका सवै तहहरू, नागरिक समाज, निजी क्षेत्र र वृद्ध व्यक्तिहरू बीचको साझेदारीलाई सुगम बनाउने,

(ञ) खासगरी विकासोन्मुख देशहरूमा, अन्य कुराका अतिरिक्त, वृद्धावस्थाका वैयक्तिक, सामाजिक र स्वास्थ्यगत प्रभावहरू उपर ध्यान पुऱ्याउने गरी संभाव्य प्रविधि र वैज्ञानिक अनुसन्धान र विशेषज्ञताको उपयोग गर्ने,

(ट) वृद्ध आदिवासी व्यक्तिहरूको स्थितिको, उनीहरूको विलक्षण परिस्थितिको र उनीहरूलाई प्रत्यक्ष प्रभाव पार्ने निर्णय गर्दा उनीहरूको तर्फबाट प्रभावकारी आवाज उठाउने माध्यमहरूको खोजी गर्नु पर्ने आवश्यकताको वोध गर्ने ।

१३. विकासको अधिकार लगायत सम्पूर्ण मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको प्रवर्द्धन र संरक्षण वृद्ध व्यक्तिहरूले पूर्ण रुपले र कुनै पनि भेदभाव वेगर र समानताको आधारमा सहभागिता राख्ने सवै उमेरका व्यक्तिहरूका लागि ग्रहणशील समाजको निर्माण गर्नका लागि अत्यावश्यक छ। उमेरमा आधारित भेदभाव विरुद्धको संघर्ष र वृद्ध व्यक्तिहरूको मर्यादाको प्रवर्द्धन वृद्ध व्यक्तिहरूले पाउनु पर्ने सम्मान सुनिश्चित गर्ने मौलिक शर्त हो । सम्पूर्ण मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको प्रवर्द्धन र संरचनाले सवै उमेरका व्यक्तिहरूका लागिको समाज हासिल गर्न महत्वपूर्ण स्थान राख्छ । यसमा, सन्ततिहरू बीचको पारस्परिक सम्बन्धलाई वृहत तथा प्रभावकारी संवादको माध्यमवाट जोड दिंदै पृष्ठपोषण र प्रवर्द्धन गर्नुपर्छ ।

१४. कृयाकलापका सिफारिशहरूलाई तीनवटा प्राथमिकताप्राप्त क्षेत्रहरू अनुसार संगठीत गरिएको छः वृद्ध व्यक्तिहरू र विकास, वृद्धावस्थामा स्वास्थ्य र संवृद्धि अभिवृद्धि गर्ने, तथा सवल र सहायक वातावरणहरू सुनिश्चित गर्ने । कुन हदसम्म वृद्ध व्यक्तिहरूको जीवन सुरक्षित गरिएको छ भन्ने कुरा यी तीनवटा क्षेत्रहरूमा भएको प्रगतिबाट अत्यधिक रुपमा प्रभावित हुन्छ । यी प्राथमिकताप्राप्त क्षेत्रहरू वृद्ध विश्वमा सफल समायोजनको विशिष्ट लक्ष्य प्राप्ती तर्फ उन्मुख नीतिको तर्जुमा र कार्यान्वयनलाई मार्गनिर्देश गर्न तय गरिएका छन् । यस्तो वृद्ध विश्वमा वृद्ध व्यक्तिहरूको जीवनमार्ग भर संवृद्धिको गुणस्तरमा टेवा पुऱ्याउने सामाजिक विकास, जीवनको गुणात्मकता र विभिन्न औपचारिक तथा अनौपचारिक प्रणालीहरूको दीगोपनमा भएको सुधारको दृष्टिकोणबाट सफलताको मापन गरिन्छ ।

१५. वृद्धावस्थालाई विश्वव्यापी कार्यसूचीको मूलधारमा ल्याउन अत्यावश्यक छ । एकीकृत नीतिको व्यापक तथा समन्यायिक उपागमतर्फ लैजानको लागि अनुकुल प्रयत्न आवश्यक पर्छ । सामाजिक र आर्थिक विकास तथा मानव अधिकारहरूका अन्य कार्यसंरचनाहरूसंग वृद्धावस्थालाई आवद्ध गर्नु पर्छ । विशिष्टिकृत नीतिहरू देश र क्षेत्र अनुसार फरक फरक हुने छन् तर वृद्ध व्यक्तिको जनसंख्या भने विश्वव्यापीकरणले जत्तिकै भविष्यलाई आकार दिने क्षमता सहितको विश्वव्यापी शक्ति हो । आफ्नो समुन्नति मात्र नभइ समग्र समाजको समुन्नतिमा अग्रणी भएर समाजमा योगदान पुऱ्याउने वृद्ध व्यक्तिहरूको क्षमतालाई स्वीकार गर्नु आवश्यक छ । अग्रगामी चिन्तनले हामीलाई वृद्ध जनसंख्याको संभाव्यता भावी विकासका लागि एक आधारको रुपमा ग्रहण गर्न आव्हान गर्छ ।

## २. सिफारिश गरिएका कृयाकलापहरु

### क. प्राथमिकता प्राप्त क्षेत्र १: वृद्ध व्यक्तिहरु र विकास

१६. वृद्ध व्यक्तिहरूले विकास प्रकृयामा पूर्ण रुपमा सहभागी भई यसका लाभहरूमा हिस्सेदारी समेत पाउनु पर्छ । विकासको फलबाट लाभान्वित हुने अवसरबाट कुनै पनि व्यक्तिलाई वन्चित गर्नु हुदैन । वृद्ध जनसंख्याबाट समाजको आर्थिक विकासमा पर्ने प्रभाव र सबै देशहरूमा भईरहेका सामाजिक तथा आर्थिक परिवर्तनहरूले समग्रमा वृद्ध व्यक्तिहरूको निरन्तर एकीकरण र सवलीकरण सुनिश्चित गर्न अविलम्ब कामकारवाई गर्नुपर्ने आवश्यकता उजागर गर्छन् । साथै, बसाई सराई, शहरीकरण, ठूलो परिवारबाट सानो घुम्ती (मोवाईल) परिवारमा परिवर्तन, स्वाधिनता प्रवर्द्धन गर्ने प्राविधिक पहुंचको कमी तथा अन्य सामाजिक-आर्थिक परिवर्तनहरूले वृद्ध व्यक्तिहरूलाई विकासको मूल प्रवाहबाट संकुचन गर्न सक्छन्, जसले उनीहरूको अर्थपूर्ण आर्थिक तथा सामाजिक भूमिका हरण गरी उनीहरूले पुऱ्याउने सहयोगका परम्परागत स्रोतहरूलाई कमजोर पार्छ ।

१७. विकासबाट समाजका सबै क्षेत्रहरू लाभान्वित हुने भएकोले प्रकृयाको दीगो वैधताका लागि आर्थिक वृद्धीका फाईदाहरूको समन्यायिक वितरण सुनिश्चित गर्ने नीतिहरूको प्रयोग तथा वहाली आवश्यक पर्छ । सामाजिक विकासका लागि विश्व शिखर सम्मेलनमा ग्रहण गरिएका सामाजिक विकास[3] सम्बन्धी कोपेनहेगन घोषणापत्र र कार्ययोजनामा[4] सन्निहित सिद्धान्तहरू मध्ये सन्ततिहरू बीच समन्याय सुनिश्चित गरी वर्तमान तथा भावी सन्ततिहरू प्रति सरकारका जिम्मेवारी पूरा गर्न सरकारहरूले एक कार्ययोजना तयार गर्ने एउटा सिद्धान्त हो । त्यसका साथै, सहस्राब्दी शिखर सम्मेलनले गरिवी उन्मूलन गर्ने र १९९० को दशकमा सम्पन्न विश्वव्यापी सम्मेलनहरूबाट तय गरिएका सामाजिक तथा मानवतावादी लक्ष्यहरू प्राप्त गर्ने आवश्यकतालाई पुष्टि गऱ्यो ।

१८. श्रमिक उत्पादकत्व र प्रतिस्पर्धामा सुधार एवं सामाजिक संरक्षण प्रणालीहरूको दीगोपन सुनिश्चित गर्दै वृद्ध श्रम शक्तिका प्रभावहरूमा समायोजन गर्नुपर्ने समकालीन आवश्यकताले नीति निर्माताहरूको ध्यान आकृष्ट गरेको छ । उपयुक्त भएको अवस्थामा, निवृत्तिभरण प्रणालीहरूलाई कुशल वित्तीय धरातलमा उभ्याउन वहुआयामिक सुधारका रणनीतिहरू कार्यान्वयन गर्नुपर्छ ।

---

[3] सामाजिक विकासका लागि विश्व शिखर सम्मेलनको प्रतिवेदन, कोपेनहेगन, ६-१२ मार्च १९९५ (राष्ट्र संघीय प्रकाशन, विक्री नम्बर ई. ९६.४.८), परिच्छेद १, प्रस्ताव १, अनुसूची १ ।

[4] ऐजन अनुसूची २ ।

## विषय १: समाज र विकासमा सक्रिय सहभागिता

१९. सबै उमेरका व्यक्तिकालागि समाजको अवधारणले वृद्ध व्यक्तिहरूलाई समाजमा निरन्तर योगदान दिईरहन पाउने अवसर उपलब्ध गराउने लक्ष्य समेत अंगिकार गर्छ । यस लक्ष्य तर्फ उन्मूख भई काम गर्नका लागि उनीहरूलाई बाहेक वा विभेद गर्ने कुनै पनि कुरालाई पन्छाउनु पर्छ । वृद्ध व्यक्तिहरूको सामाजिक र आर्थिक योगदान उनीहरूको आर्थिक कृयाकलापहरूको तुलनामा बढी हुन्छ । उनीहरूले परिवारमा तथा समुदायमा प्रायः महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । उनीहरूले आर्थिक रुपमा मापन नहुने धेरै मूल्यवान योगदान पनि दिन्छन्: परिवारका सदस्यहरूको हेरविचार, उत्पादनमुखी निर्वाहमूलक काम, घरको परिवारको हेरविचार तथा समुदायमा स्वेच्छिक कृयाकलापहरू । साथै, यी भूमिकाहरूले भावी श्रमशक्तिको तयारीकोलागि सहयोग पनि पुऱ्याउंछन् । सबै उमेरका व्यक्तिहरू खासगरी महिलाले सबै क्षेत्रहरूमा निशुल्क काम गरी दिएको योगदान लगायतका सबै योगदानहरूलाई स्वीकार गर्नुपर्छ ।

२०. सामाजिक, आर्थिक, सांस्कृतिक, खेलकुद, आमोदप्रमोदजन्य तथा स्वेच्छिक कृयाकलापहरूमा रहने सहभागिताले व्यक्तिगत समुन्नतिको अभिवृद्धि एवं निरन्तरताका लागि समेत योगदान पुऱ्याउंछ । वृद्ध व्यक्तिका संगठनहरू वहु सन्ततिगत अन्तरकृयाहरूको वकालत तथा प्रवर्द्धनको माध्यमवाट सहभागिता हासिल गराउने महत्वपूर्ण साधन हुन् ।

### २१. उद्देश्य १: वृद्ध व्यक्तिहरुको सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनैतिक योगदानको स्वीकृति ।

कृयाकलापहरु:

(क) मानव अधिकार सम्बन्धी महासन्धिहरू तथा मानव अधिकार सम्बन्धी अन्य दस्तावेजहरू, खासगरी सबै किसिमका भेदभाव विरुद्धका दस्तावेजहरूको कार्यान्वयन प्रवर्द्धन गरी सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण उपयोग सुनिश्चित गर्ने,

(ख) वृद्ध व्यक्तिहरूले परिवार, समुदाय तथा अर्थतन्त्रमा पुऱ्याउने योगदानलाई हृदयंगम गर्ने, प्रोत्साहन दिने र समर्थन गर्ने,

(ग) सांस्कृतिक, आर्थिक, राजनीतिक, सामाजिक जीवन तथा आजन्म सिकाईमा सहभागी हुन वा सहभागी भैराख्न वृद्ध व्यक्तिहरूलाई प्रोत्साहन दिने अवसर, कार्यक्रम तथा सहयोग उपलब्ध गराउने,

(घ) आपसी स्व-सहयोग, अन्तरसन्ततिगत सामुदायिक समुहमा वृद्ध व्यक्तिहरूको सहभागिता सहज वनाउन जानकारी र पहुंच तथा उनीहरूको पूर्ण संभाव्यता हासिल गर्न अवसरहरू उपलब्ध गराउने,

(ङ) सार्वजनिक सम्मान आदिको माध्यमबाट सवै उमेरका व्यक्तिहरूले स्वयंसेवा गर्ने सवल वातावरण सिर्जना गर्ने, र संलग्न हुंदा प्राप्त हुने फाईदाहरूमा कम पहुंच भएका वा पहुंच नै नभएका वृद्ध व्यक्तिहरूको सहभागिता सुगम बनाउने,

(च) वृद्ध व्यक्तिहरूको सांस्कृतिक, सामाजिक र आर्थिक भूमिकाको व्यापकतर वोध तथा निशुल्क काम गरेर समेत वृद्ध व्यक्तिहरूले समाजमा पुराउने योगदानलाई निरन्तरता दिने कार्य प्रवर्द्धन गर्ने,

(छ) अपांग वा अन्य हैसियत जे सुकै भएतापनि वृद्ध व्यक्तिहरू प्रतिको व्यवहार न्यायपूर्ण र मर्यादित हुनुपर्छ र उनीहरूको मूल्यांकन उनीहरूले पुर्‍याउने आर्थिक योगदानका आधारमा गर्नु हुंदैन,

(ज) वृद्ध व्यक्तिहरूको आवश्यकतालाई मध्यनजर राख्ने र जीवनका प्रत्येक चरणमा मर्यादापूर्वक वांच्न पाउने उनीहरूको अधिकारलाई सम्मान गर्ने,

(झ) वृद्ध कामदारहरूको उत्पादन क्षमता उनीहरूको निरन्तर रोजगारीकालागि सहायक भएको कुराको सम्वन्धमा रोजगारदाताहरू बीच अनुकूल धारणा/दृष्टिकोण प्रवर्द्धन गर्ने र श्रम बजारमा उनीहरूको मूल्य/योगदानका वारेमा सचेतना एवं उनीहरूको स्व-सचेतना समेत प्रवर्द्धन गर्ने,

(ञ) सामाजिक एक्लोपन विरुद्ध जुध्ने र सवलीकरणमा सहयोग गर्ने रणनीतिहरूका रुपमा नागरिक र सांस्कृतिक सहभागिता प्रवर्द्धन गर्ने ।

## २२. उद्देश्य २: सवै तहका निर्णय प्रकृयाहरुमा वृद्ध व्यक्तिहरुलाई सहभागी गराउने ।

कृयाकलापहरु:

(क) सवै तहका निर्णय निर्माण प्रकृयाहरूमा वृद्ध व्यक्तिहरूको आवश्यकता र सरोकारहरूलाई मध्यनजर राख्ने,

(ख) वृद्ध व्यक्तिहरूका संगठनहरू विद्यमान नभएमा, अन्य कुराहरूका अतिरिक्त, निर्णय निर्माणमा वृद्ध व्यक्तिहरूको प्रतिनिधित्व गराउन सवै तहमा त्यस्ता संगठनहरू स्थापना गर्न प्रोत्साहन दिने,

(ग) सवै तहको निर्णय निर्माण प्रकृयामा वृद्ध व्यक्तिहरू खासगरी वृद्ध महिलाको पूर्ण तथा समान सहभागिता हासिल गर्न उपायहरू अवलम्वन गर्ने ।

## विषय २: काम र श्रम शक्ति बीच तालमेल

२३. वृद्ध व्यक्तिहरूले काम गर्न चाहेसम्म र उत्पादनमूलक रुपले काम गर्न सक्दा सम्म उनीहरूलाई आयमूलक काममा निरन्तर लागिराख्न सक्ने बनाउनु पर्छ। वेरोजगरी, अर्ध-रोजगारी र श्रम बजारका कठोरताहरूले यस कार्यमा प्रायः अवरोध पुऱ्याउंछन् । फलतः व्यक्तिलाई उपलब्ध अवसरहरूमा संकुचन आई उनीहरूको उर्जा तथा सीपहरूबाट समाज बन्चित हुन पुग्छ । यीनै कारणहरूले गर्दा पूर्ण रोजगारीको लक्ष्य प्रवर्द्धन गर्न सामाजिक विकास सम्बन्धी कोपेनहेगन घोषणापत्रको प्रतिवद्धताको[३] कार्यान्वयन अपरिहार्य छ । विश्व शिखर सम्मेलन कार्य योजनामा[४] उल्लिखित रणनीति तथा नीतिहरू र साधारण सभाको[५] २४ औं विशेष अधिवेशनबाट सिफारिश गरिएका रोजगारी वृद्धीका लागि गरिने अग्रीम पहलहरू पनि उत्तिकै महत्वपूर्ण छन् । वृद्ध श्रमशक्ति कायम राख्दा हुने फाईदाहरूको वारेमा कार्यस्थलमै सचेतना वृद्धि गर्नुपर्ने आवश्यकता छ ।

२४. विकासोन्मुख देशहरूमा र संक्रमणकालीन अर्थतन्त्र भएका देशहरूमा, अधिकांश व्यक्तिहरू, जो हाल वृद्ध छन् र जसले काम गर्छन्, अनौपचारिक अर्थतन्त्रमा कार्यरत/संलग्न छन् । यसले गर्दा उनीहरू प्रायः अनौपचारिक क्षेत्रको अर्थतन्त्रमा उपलब्ध पर्याप्त काम गर्ने अवस्था तथा सामाजिक सुरक्षाका फाईदाहरूबाट बन्चित हुन पुगेका छन् । धेरै विकसित देशहरूमा तथा संक्रमणकालीन अर्थतन्त्र भएका देशहरूमा औषत आयु स्थापित निवृत्तिभरण वा अवकाश पाउने उमेर भन्दा बढी छ ; साथै, यी देशहरूमा जन्मदरमा कमी आएको कारणले श्रम बजारमा धेरै कम मानिसहरू प्रवेश गरिरहेका छन् । यो प्रवृत्तिमा अक्सर उमेरको भेदभाव समेत गांसिएको छ । श्रम बजारमा प्रवेश गर्ने युवा व्यक्तिहरूको संचयनमा गिरावट, वृद्ध श्रम शक्ति तथा छिटो अवकास हुने प्रचलनको कारणले श्रम अभाव हुनसक्ने देखिन्छ । यस परिप्रेक्ष्यमा, अशक्त वृद्ध व्यक्तिहरूका ला लचीलो अवकास, नयां कामको प्रवन्ध, काम गर्न अनुकुल वातावरण र ब्यावसायिक पुनर्स्थापना जस्ता रोजगारी पाउन सक्ने अवस्था विस्तार गर्ने नीतिहरूको आवश्यकता छ । साथै, वृद्ध व्यक्तिहरूलाई पारिश्रमिक सहितको रोजगारीलाई अन्य कृयाकलापहरूसंग समिश्रित गर्ने अवसर पनि दिनुपर्छ ।

२५. श्रम बजारमा वृद्ध महिलाहरूलाई प्रभाव पार्ने तत्वहरू खासगरी न्यून तलब, निरन्तर काम नगरेको इतिहास, परिवारको हेरविचार गर्नुपर्ने दायित्व, र अवकाश पछि निवृत्तिभरण तथा अन्य स्रोतहरू निर्माण गर्न सक्ने क्षमता लगायत पारिश्रमिक सहितको काममा महिलाको संलग्नतामा प्रभाव पार्ने तत्वहरू उपर विशेष ध्यान दिनुपर्छ । कामको संगठन सम्बन्धी परिवार मैत्रिपूर्ण नीतिको अभावले यी

---

[५] साधारण सभाको प्रस्ताव एस् - २४/२, अनुसूची हेर्नुहोस् ।

कठिनाईहरू बढाउन सक्छ। गरिवी र महिलाले कमाउने उमेरमा न्यून आय आर्जनले वुढेसकालमा पनि झन् गरिवीतर्फ धकेल्छ। अन्तर्राष्ट्रिय कार्ययोजनाको अभिन्न लक्ष्य कार्यस्थलमा उमेरको विविधता र लैंगिक सन्तुलन हासिल गर्नु हो।

२६. सवैका लागि रोजगारीको लक्ष्य सम्वोधन गर्दा, वृद्ध कामदारहरूको निरन्तर रोजगारीले युवाहरूको लागि श्रम बजारका अवसरहरू घटाउँदैन र समाजका सवै सदस्यहरूको हीतकालागि राष्ट्रिय आर्थिक सम्पादन तथा उपलब्धीमा सुधार ल्याउन निरन्तर र मूल्यवान योगदान उपलब्ध गराउंछ भन्ने कुरा स्वीकार गर्नैपर्छ। वृद्ध कामदारहरूको अनुभव र सीपलाई युवा तथा नयां कर्मचारीहरूलाई प्रशिक्षण दिन उपयोग गर्ने अन्य योजनाहरूबाट पनि समग्र अर्थतन्त्र लाभान्वित हुन सक्छ।

२७. संभावित श्रम अभाव विद्यमान भएमा, आंशिक समय (पार्ट टाइम) वा पूरा समय काम गर्ने कर्मचारीको रुपमा निरन्तर काम गरिरहन र पूर्ण निवृत्त हुन उत्सुकतापूर्वक विलम्ब गर्न बढी से बढी कामदारहरूलाई प्रोत्साहित गर्न विद्यमान सुविधा संरचनाहरूमा मौलिक परिवर्तन गर्नुपर्ने हुनसक्छ। मानव स्रोत व्यवस्थापन सम्बन्धी व्यवहार र नीतिहरूले वृद्ध कर्मचारीहरूका केही विशिष्ट आवश्यकताहरूलाई मध्यनजर राखी सम्वोधन गर्नुपर्छ। वृद्ध कामदारहरूसंग, आफ्ना उत्तरार्धका वर्षहरूमा पनि रोजगारीमा लागिराख्न सीप, अनुकुल स्वास्थ्य स्थिति तथा क्षमता भएको सुनिश्चित गर्न कार्यस्थलको वातावरण र काम गर्ने अवस्थाहरूमा उपयुक्त समायोजन गर्न आवश्यक हुनसक्छ। यस कुराले रोजगारदाता, कामदारका संगठन र मानव स्रोत कर्मचारीहरूले उत्पन्न भैरहेका घरेलु तथा अन्तर्राष्ट्रिय कार्यस्थल व्यवहारहरू, जसले वृद्ध कामदारहरूलाई श्रममूलक काममा लागिराख्न र उत्पादनमूलक कार्य सम्पादन गर्न सहज बनाउन सक्छ, उपर निकट ध्यान दिनु पर्ने सुझाव दिन्छ।

## २८. उद्देश्य १: काम गर्न चाहने सवै वृद्ध व्यक्तिहरुका लागि रोजगारीका अवसरहरु

### कृयाकलापहरु:

(क) रोजगारी वृद्धी गर्ने विषय समष्टिगत अर्थतन्त्र सम्बन्धी नीतिहरूको केन्द्रमा राख्ने, उदाहरणको लागि, श्रम बजार नीतिले सवै उमेरका व्यक्तिहरूको फाईदाको लागि उत्पादन र रोजगारीमा उच्च दरको वृद्धी प्रवर्द्धन गर्ने लक्ष्य राखेको कुरा सुनिश्चित गरेर।

(ख) वृद्ध व्यक्तिहरूले काम गर्न चाहेसम्म र काम गर्न सक्दासम्म उनीहरूलाई निरन्तर काम गरिराख्न सक्षम बनाउने,

(ग) काम गर्ने उमेरका जनसंख्याको श्रम बजारमा सहभागिता वृद्धि गर्न र पछिल्ला दिनहरूमा वाहेक वा निर्भर हुने जोखिम कम गर्न कार्य गर्ने । वृद्ध महिलाको सहभागितामा वृद्धी, काम गर्ने क्षमता कायम राखिराख्न रोकथाममूलक र प्रवर्द्धनात्मक पेशागत स्वास्थ्य तथा सुरक्षामा महत्व दिने कामसंग सम्वन्धित दीगो स्वास्थ्य सेवाहरू, प्राविधिमा पहुंच, आजीवन सिकाई, निरन्तर शिक्षा, सेवाकालीन तालीम, व्यवसायिक पुनर्स्थापन र लचीला अवकास व्यवस्थाहरू जस्ता नीतिहरूको र वेरोजगार तथा अशक्त व्यक्तिहरूलाई श्रम बजारमा पुनः एकीकृत गर्ने प्रयत्नहरूको कार्यान्वयनबाट प्रस्तुत कार्यलाई प्रवर्द्धन गर्नुपर्छ,

(घ) महिला तथा सुविधा विमुख समुहहरू, जस्तै दीर्घकालीन रुपमा वेरोजगार र अशक्त व्यक्तिहरूको सहभागिता दर बढाउन विशेष प्रयत्नहरू गर्ने, यसवाट उनीहरू आफ्नो जीवनको उत्तरार्धमा वाहेक वा निर्भर हुने जोखिम कम हुने छ,

(ङ) अन्य कुराका अतिरिक्त, ससाना र लघु व्यवसायहरूको विकास प्रोत्साहन गरेर तथा भेदभाव खासगरी लैंगिक विभेद विना वृद्ध व्यक्तिहरूकालागि दिईने ऋण कर्जामा वृद्ध व्यक्तिहरूको पहुंच सुनिश्चित गरेर वृद्ध व्यक्तिहरूकालागि स्वरोजगारीका पहलहरू प्रवर्द्धन गर्ने,

(च) अनौपचारिक क्षेत्रका कृयाकलापहरूमा संलग्न भैसकेका वृद्ध व्यक्तिहरूको आय, उत्पादकत्व र काम गर्ने अवस्थाहरूमा सुधार गरेर उनीहरूलाई सहयोग गर्ने,

(छ) वृद्ध व्यक्तिहरूको भर्ना प्रवर्द्धन गरेर तथा रोजगारमा कामदारहरूले अनुभव गरेका वेफाईदाहरूको रोकथाम गरेर औपचारिक श्रम बजारमा रहेका उमेरगत व्यवधानहरू उन्मूलन गर्ने,

(ज) प्राप्त भएको निवृत्तिभरणको अधिकारलाई कायम राख्दै, खासगरी लचीला अवकाश नीति र व्यवहारका सिद्धान्त लागू गरेर कामदार तथा रोजगारदाताका आवश्यकताहरूलाई उपयुक्तता अनुसार ध्यान दिने अवकाश सम्बन्धी नयां उपागमलाई प्रवर्द्धन गर्ने,

(झ) अन्य कुराका अतिरिक्त काम तथा हेरविचार गर्ने जिम्मेवारीहरू समायोजन गर्ने लक्ष्य भएका नीतिहरू अवलम्वन गरी परिवारका वृद्ध सदस्यहरू, अशक्त व्यक्तिहरू तथा एच.आइ.भी./एड्स लगायतका दीर्घ रोग लागेका व्यक्तिहरू प्रतिको वढ्दो अनुपातका कामदारहरूको हेरचाह पुर्‍याउने जिम्मेवारी स्वीकार गरी समायोजन गर्ने,

(ञ) उदाहरणको लागि, प्राप्त गरेको निवृत्तिभरणको अधिकार, अशक्त वृत्तिको अधिकार तथा स्वास्थ्य सुविधाहरूलाई विलम्वित अवकाश पाउने उमेरबाट पर्ने प्रभावबाट संरक्षण गरी अवकाश पाउने उमेर पछिको रोजगारी निरुत्साहित गर्ने असुविधाहरू हटाउने,

(ट) अन्य कुराका अतिरिक्त, कर्मचारी सहायता कार्यक्रमहरू स्थापित गरी कार्य क्षमता दीगो बनाउने र कामदारहरूको उमेर बढ्दै जाने क्रममा उनीहरूका आवश्यकताहरू समायोजन गर्ने लक्ष्य राख्ने नयां कार्यव्यवस्थाहरू तथा नवीन कार्यस्थल अभ्यासहरू प्रवर्द्धन गर्ने,

(ठ) श्रमवलमा लामो सहभागिताका संभावित वित्तीय, स्वास्थ्य तथा अन्य प्रभावहरूका वारेमा सूचित निर्णय लिन कामदारहरूलाई सहयोग गर्ने,

(ड) वृद्ध कामदारहरू वा रोजगारीका उम्मेदवारहरूको वारेमा रहेका हानीकारक रुढिवद्दताहरूमा सुधार गरी वृद्ध कामदारका सीप र क्षमताको यथार्थपरक चित्रण प्रस्तुत गर्ने कार्य प्रवर्द्धन गर्ने,

(ढ) नीति वा निर्णय निर्माताले व्यवसायको विलयन/एकीकरण स्वीकृत गर्दा वृद्ध कामदारहरूको हीतलाई मध्यनजर राख्ने ताकि युवा समकक्षीको तुलनामा उनीहरूलाई बढी वेफाईदा वा उनीहरूको सुविधाको कटौती वा रोजगारीको हरण हुन नपाओस् ।

## विषय ३ : ग्रामीण विकास, बसाई सराई र शहरीकरण

२९. धेरै विकासोन्मुख देशहरूमा र संक्रमणकालीन अर्थतन्त्र भएका देशहरूमा वृद्ध जनसंख्या युवाहरूको निर्गमनको कारणले ग्रामीण क्षेत्रहरूमा चित्रित छन् । वृद्ध व्यक्तिहरूलाई परम्परागत पारिवारिक सहयोग वेगर र त्यसमा पनि पर्याप्त वित्तीय सहयोग वेगर एक्लै छाड्ने पनि गरिन्छ । खाद्यान्न सुरक्षा र कृषिजन्य उत्पादन सम्वन्धी नीति तथा कार्यक्रमहरूले ग्रामीण वृद्धावस्थालाई ध्यान दिनै पर्छ । ग्रामीण क्षेत्रहरूका वृद्ध महिलाहरू मूलतः आर्थिक रुपमा भेध्य छन्, खासगरी जव उनीहरूको भूमिकालाई परिवारको हेरविचार गर्न पारिश्रमिक वेगरको काममा सिमित गरिन्छ र जव उनीहरू आफ्नो पालणपोषण र जीविकोपार्जनका लागि अरुमा निर्भर हुन्छन् । विकसित देशहरू र संक्रमणकालीन अर्थतन्त्र भएका देशहरूका ग्रामीण इलाकाका वृद्ध व्यक्तिहरूसंग आधारभूत सेवाहरूको अझै पनि कमी छ र पर्याप्त आर्थिक तथा सामुदायिक स्रोत छैन ।

३०. अन्तर्राष्ट्रिय वसाई सराईमा प्रतिवन्ध लगाईएको भएतापनि, बसाई सराईको प्रवाह अन्तर्राष्ट्रिय रुपमै बढेको छ । विकासोन्मुख देशहरू र संक्रमणकालिन अर्थतन्त्र भएका देशहरूमा विदेश स्थित वालवालिकाले प्रेषण गरेका धनराशी

लगायतका आर्थिक सहयोग वृद्ध व्यक्तिकालागि र उनीहरू मार्फत उनीहरूका समुदाय तथा स्थानीय अर्थतन्त्रकालागि प्रायः महत्वपूर्ण जीवनाधार हो । अघिल्ला दशकदेखि अन्तर्राष्ट्रिय आप्रवासीहरूको संख्यामा वृद्धी हुंदै गएकोले, केही सरकारहरूले वृद्ध आप्रवासीहरूलाई सहयोग गर्न खोजिरहेका छन् ।

३१. ग्रामीण क्षेत्रको तुलनामा शहरी अवस्थिति परम्परागत विस्तारित पारिवारिक संजाल र पारस्परिक प्रणालीलाई दीगो बनाउन सामान्यत कम अनुकुल छ । विकासोन्मुख देशहरूमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रहरूमा बसाई सरेका वृद्ध व्यक्तिहरूले प्रायः सामाजिक संजालको अभावको सामना गरी शहरहरूमा सहयोगी पूर्वाधार संरचनाको अभावको पीडा भोग्छन्, जसको कारणले गर्दा खासगरी बिरामी परेका वा अशक्त भएका बखत उनीहरू संकुचित वा बाहेक हुन सक्छन् । ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा भएको बसाई सराईको लामो इतिहास र अर्ध विकसित शहरहरूको विस्तार भएका देशहरूमा गरीब वृद्ध व्यक्तिहरूको जनसंख्या वृद्धि भै रहेको छ । विकासोन्मुख देशहरू र संक्रमणकालिन अर्थतन्त्र भएका देशहरूमा बसाई सरेका वृद्ध व्यक्तिको लागि शहरी अवस्थितिमा प्रायः भिडभाडपूर्ण आवास, गरिबी, आर्थिक स्वायत्तताको अभाव र परिवारका सदस्यहरूबाट नगन्य भौतिक र सामाजिक हेरविचार हुने आदि कारणले गृह बाहिरबाटै आफ्नो जीवन धान्नु पर्ने हुन्छ ।

## ३२. उद्देश्य १: ग्रामीण क्षेत्रहरुमा जीवनावस्था तथा पूर्वाधार संरचनाहरुमा सुधार गर्ने ।

### कृयाकलापहरु:

(क) संवृद्ध कृषिजन्य प्रविधि र तरीकाका लागि वित्तीय तथा पूर्वाधार संरचनाजन्य सेवा र तालीममा निरन्तर पहुंच उपलब्ध गराई वृद्ध कृषकहरूको क्षमता सुदृढ गर्ने,

(ख) आयमूलक आयोजनाहरू र ग्रामीण सहकारीलाई धनराशी तथा सहयोग उपलब्ध गराई एवं आर्थिक विविधिकरणलाई व्यापक बनाई ससाना व्यवसायहरूको स्थापना र पुनः शसक्तिकरण प्रवर्द्धन गर्ने,

(ग) लगानी प्रोत्साहन गर्ने उद्देश्यले सेवास्तर कम भएका ग्रामीण क्षेत्रहरूमा लघु कर्जा योजना तथा लघु वित्तीय संस्थाहरू एवं स्थानीय वित्तीय सेवाहरूको विकास सम्वर्धन गर्ने,

(घ) ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा चालू वयस्क शिक्षा, तालीम र पुनः तालीम प्रवर्द्धन गर्ने,

(ङ) ग्रामीण तथा दुर्गम भेगका जनसंख्यालाई ज्ञानमा आधारित अर्थतन्त्र र समाजसंग आवद्ध गर्ने,

(च) आर्थिक स्रोतहरूमा ग्रामीण तथा दुर्गम क्षेत्रका वृद्ध महिलाको समान पहुंच र नियन्त्रणका सम्बन्धमा उनीहरूका अधिकारहरू उपर ध्यान दिईएको कुरा सुनिश्चित गर्ने,

(छ) ग्रामीण तथा दुर्गम क्षेत्रका वृद्ध व्यक्तिहरूका लागि उपयुक्त सामाजिक संरक्षण र सामाजिक सुरक्षा प्रवर्द्धन गर्ने,

(ज) ग्रामीण तथा दुर्गम क्षेत्रका वृद्ध व्यक्तिहरूको आधारभूत सामाजिक सेवाहरूमा समान पहुंच सुनिश्चित गर्ने ।

## ३३. उद्देश्य २: ग्रामीण क्षेत्रहरुमा वृद्ध व्यक्तिहरुको संकुचन उन्मूलन गर्ने ।

कृयाकलापहरु:

(क) अशक्त वृद्ध व्यक्तिहरू लगायतका ग्रामीण क्षेत्रका वृद्ध व्यक्तिहरूको स्वाधिनता दीगो वनाउन कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने र सेवाहरू उपलब्ध गराउने,

(ख) परम्परागत ग्रामीण र सामुदायिक सहयोगका संयन्त्रहरू सहज बनाई सुदृढ गर्ने,

(ग) ग्रामीण क्षेत्रमा वस्ने आफन्त नभएका वृद्ध व्यक्तिहरू खासगरी प्राय: न्यूनतर स्रोतहरू भएका वयोवृद्ध महिलाहरूलाई सहयोग पुऱ्याउन जोड दिने,

(घ) वित्तीय तथा पूर्वाधार संरचनागत सेवाहरूमा पहुंच उपलब्ध गराएर ग्रामीण क्षेत्रका वृद्ध महिलाहरूको सशक्तिकरणमा प्राथमिकता दिने,

(ङ) वृद्ध व्यक्तिहरू बीच ज्ञान तथा अनुभवको आदान प्रदान सहज बनाउने संयन्त्रहरू लगायतका ग्रामीण तथा सामुदायिक सहयोगका नवीन संयन्त्रहरूको प्रवर्द्धन गर्ने ।

## ३४. उद्देश्य ३: वसाई सरेका वृद्ध व्यक्तिहरुको नयां समुदायमा एकीकरण

कृयाकलापहरु :

(क) वसाई सरेका वृद्ध व्यक्तिहरूका लागि सहयोगी सामाजिक संजालहरू प्रवर्द्धन गर्ने,

(ख) आर्थिक र सामाजिक सुरक्षा धान्न वसाई सरेका वृद्ध व्यक्तिहरूलाई सघाउने उपायहरू तर्जुमा गर्ने,

(ग) शहरीकरणका नकारात्मक प्रभावहरू रोकथाम वा सामना गर्न वृद्ध व्यक्तिहरूका लागि केन्द्रहरूको स्थापना जस्ता समुदायमा आधारित उपायहरूको विकास गर्ने,

(घ) सांस्कृतिक रुपमा उपयुक्त र वैयक्तिक रुपमा वान्छीत भएको अवस्थामा, अन्तरसंततिगत बसाई प्रवर्द्धन गर्ने आवास डिजाईनलाई प्रोत्साहित गर्ने,

(ङ) इच्छुक वृद्ध परिवारका सदस्यहरूसंग वसोवासमा हिस्सेदारी गर्ने परिवार हरूलाई सहयोग गर्ने,

(च) उपयुक्ततानुसार र राष्ट्रिय कानूनहरूसंग अनुकुल हुने गरी वसाई सरेका वृद्ध व्यक्तिहरूको गन्तव्य देशका सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक जीवनसंग एकीकृत गर्ने काम सहज वनाउने र ती वसाई सरेका व्यक्तिहरू प्रतिको आदर प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रमहरूको विकास गर्ने,

(छ) वसाई सरेका वृद्ध व्यक्तिहरूलाई सार्वजनिक सेवाहरू उपलब्ध गराउंदा उत्पन्न हुनसक्ने भाषागत तथा सांस्कृतिक अवरोध/व्यवधानहरू हटाउने ।

## विषय ४ : ज्ञान, शिक्षा र तालीममा पहुंच

३५. सक्रिय र परिपूर्ण जीवनका लागि शिक्षा एउटा महत्वपूर्ण आधार हो । सहस्राव्दी शिखर सम्मेलमा सन् २०१५ सम्ममा सवै वालवालिकाले प्राथमिक विद्यालयको पूर्ण शिक्षा पूरा गरेको कुरा सुनिश्चित गर्ने प्रतिवद्धता जाहेर गरिएको थियो । ज्ञानमा आधारित समाजकालागि शिक्षा र तालीममा आजीवन पहुंच सुनिश्चित गर्ने नीतिहरू अवलम्वन गरिएको हुनुपर्छ । निरन्तर शिक्षा र तालीम व्यक्ति तथा राष्ट्र दुवैको उत्पादकत्व सुनिश्चित गर्न अत्यावश्यक हुन्छ ।

३६. वर्तमान समयमा, विकासोन्मुख देशहरूमा वृद्ध हुन लागेका व्यक्तिहरूको संख्या ज्यादै ठूलो छ । त्यस्ता व्यक्तिहरू ज्यादै कम मात्रामा साक्षर भएकोले गर्दा जीविकोपार्जन गर्ने उनीहरूको सक्षमता सीमित हुन पुगी फलतः स्वास्थ्य र संवृद्धिको उपभोगमा प्रभाव परेको छ । सवै देशहरूमा आजीवन शिक्षा र तालीम वृद्ध व्यक्तिहरूको रोजगारीमा सहभागिताको लागि एउटा पूर्वशर्त पनि हो ।

३७. विविध उमेर समुहको कार्यस्थलले एउटा यस्तो वातावरण सिर्जना गर्छ जहां व्यक्तिहरूले सीप, ज्ञान र अनुभवको आदान प्रदान गर्न सक्छन् । यस्तो किसिमको आपसी तालीमलाई सामुहिक सम्झौता र नीतिहरूमा औपचारिक रुप दिन वा अनौपचारिक अभ्यासहरूमा छाड्न पनि सकिन्छ ।

३८. शिक्षा र तालीम वेगरको प्रविधिगत परिवर्तन भोगिरहेका वृद्ध व्यक्तिहरूले पृथकता महशुस गर्न सक्छन् । युवा उमेरमा शिक्षामा प्राप्त बढ्दो पहुंचले व्यक्तिहरू वृद्ध हुँदै जांदा प्रविधिगत परिवर्तनको सामना गर्न समेत फाईदा पुऱ्याउने छ । यस्तो पहुंचको वावजुद, विश्वका धेरै स्थानहरूमा निरक्षरता निरन्तर रुपमा उच्च रहेको छ । व्यक्तिहरूलाई संगै ल्याउनको लागि प्रविधिको उपयोग पनि गर्न सकिन्छ, संकुचन, एक्लोपन र उमेरावस्था बीच पृथक्करणमा कमी ल्याउन मद्दत पुग्छ । अतः वृद्ध व्यक्तिहरूलाई प्रविधिगत परिवर्तहरूमा पहुंच प्राप्त गर्न, सहभागी र अभ्यस्त हुन सक्षम बनाउने उपायहरू अवलम्बन गर्नु पर्छ ।

३९. तालीम, पुनःतालीम र शिक्षा कुनै पनि कामदारको काम गर्ने क्षमता र कार्यस्थलमा भएका परिवर्तनमा अभ्यस्त हुने क्षमताका महत्वपूर्ण निर्णायक तत्वहरू हुन् । प्रविधिगत तथा संगठनात्मक परिवर्तनले कुनै पनि कामदारको सीपलाई वेकम्मा वनाई दिन र विगतको संचित कार्यअनुभवसंग गांसिएको मूल्यमा नाटकीय रुपमा ह्रास ल्याउन सक्छ । ज्ञान, शिक्षा र तालीमका अवसरहरूमा उच्चतर पहुंच श्रमवलमा संलग्न वृद्ध व्यक्तिहरूका लागि आवश्यक छ । खासगरी सूचना प्रविधिहरूको बढ्दो व्यापक प्रयोग उपर विचार गर्दा, युवा कामदारहरूले भन्दा यस्ता वृद्ध व्यक्तिहरूले प्रविधिगत र संगठनात्मक परिवर्तनमा अभ्यस्त हुन अक्सर बढी कठिनाईहरूको अनुभव गर्छन् ।

## ४०. उद्देश्य १: निरन्तर शिक्षा, तालीम, पुनःतालीम एवं व्यवसायिक सल्लाह/पथ प्रदर्शन र पदस्थापन सेवाका सम्बन्धमा जीवनभर अवसरको समानता ।

### कृयाकलापहरु :

(क) सन् २०१५ सम्ममा, वयस्क साक्षरताका तहहरूमा ५० प्रतिशत सुधार र सबै वयस्कहरूका लागि आधारभूत र निरन्तर शिक्षामा समन्यायिक पहुंच हासिल गने,

(ख) अशक्त वृद्ध व्यक्तिहरूका लागि विशिष्टिकृत साक्षरता र कम्प्यूटर तालीम लगायत वृद्ध व्यक्तिहरू र वृद्ध श्रम शक्तिका लागि साक्षरता, सांख्यिक ज्ञान तथा प्रविधिगत सीप प्रोत्साहन र प्रवर्द्धन गर्ने,

(ग) वृद्ध व्यक्तिहरूका लागि तालीम र पुनःतालीममा पहुंच प्रवर्द्धन गर्ने र उनीहरूले हासिल गरेको ज्ञान र सीपको अवकाश पछि पनि निरन्तर उपभोग गर्न प्रोत्साहित गर्ने नीतिहरू कार्यान्वयन गर्ने,

(घ) वृद्ध महिलाका आवश्यकताहरूलाई ध्यान दिदै नयां नयां प्रविधिहरू खासगरी सूचना र संचार सम्वन्धी प्रविधिहरूका फाईदाहरू सवैलाई उपलब्ध भएको सुनिश्चित गर्ने,

(ङ) दैनिक जीवनका प्रविधिगत माग/आवश्यकताहरूलाई प्रभावकारी ढंगले संबोधन गर्न वृद्ध व्यक्तिहरूलाई सघाउन प्रयोगकर्ता मैत्रीपूर्ण जानकारी/सूचना विकास गरी सो को प्रचार प्रसार गर्ने,

(च) वृद्ध व्यक्तिहरूको शारीरिक सक्षमता तथा दृष्टिगत सक्षमतामा हुने परिवर्तनलाई ध्यान दिने कम्प्यूटर प्रविधि र छपाई तथा श्रव्य सामग्रीको डिजाईन गर्ने कार्यलाई प्रोत्साहन दिने,

(छ) रोजगारदाता र कामदार/कर्मचारीहरू दुवैलाई निरन्तर तालीम र शिक्षा दिंदा हुने फाईदाहरू स्पष्ट रुपमा प्रदर्शन गर्ने उद्देश्यले तालीम र उत्पादकत्व बीचको सम्वन्ध राम्रोसंग निर्धारण गर्न अग्रीम/थप अनुसन्धान कार्यलाई प्रोत्साहन दिने,

(ज) वृद्ध कामदारहरू खासगरी महिलाको पुन: तालीमको महत्वको वारेमा रोजगारदाता र कामदारका संगठनहरूको सचेतता अभिवृद्धि गर्ने ।

## ४१. उद्देश्य २: बढ्दो उमेरका अनुभवका फाईदाहरुलाई स्वीकार गर्दै, सवै उमेरका व्यक्तिहरुको संभाव्यता र दक्षतालाई पूर्ण रुपमा उपयोग गर्ने

### कृयाकलापहरु :

(क) शिक्षामा वृद्ध व्यक्तिहरूको संभाव्यता र दक्षता पूर्ण रुपमा उपयोग गर्ने उपायहरूका सम्वन्धमा विचार गर्ने,

(ख) नयां नयां प्रविधिहरूको प्रयोग लगायत सन्ततिहरू बीच ज्ञान र अनुभवको आदान प्रदानका लागि शैक्षिक कार्यक्रमहरू अन्तरगत अवसरहरू उपलब्ध गराउने,

(ग) वृद्ध व्यक्तिहरूलाई परामर्शदाता, मध्यस्थ तथा सल्लाहकारको रुपमा काम गर्न सक्षम वनाउने,

(घ) परिवार, छरछिमेक तथा समुदायमा स्पष्ट लैंगिक दृष्टिकोण सहितका परम्परागत र गैर-परम्परागत वहुसन्ततिगत आपसी सहयोगलाई प्रवर्द्धन र समर्थन गर्ने,

(ङ) सवै क्षेत्रका कृयाकलापहरू खासगरी सूचना प्रविधिहरूमा वृद्ध स्वयंसेवकहरूलाई आ-आफ्नो सीप उपयोग गर्न प्रोत्साहन दिने,

(च) वृद्ध व्यक्तिहरूको सामाजिक, सांस्कृतिक र शैक्षिक ज्ञान र संभाव्यताको उपयोगलाई प्रोत्साहन दिने ।

## विषय ९ : अन्तर सन्ततिगत ऐक्यवद्धता

४२. सवै तहहरूमा परिवार, समुदाय र राष्ट्रमा सन्ततिहरू बीचको ऐक्यवद्धता सवै उमेरका लागिको समाज हासिल गर्नका लागि चाहिने एउटा मौलिक कुरा हो । ऐक्यवद्धता सामाजिक सहिष्णुताका लागि प्रमुख पूर्वशर्त र औपचारिक सार्वजनिक कल्याण र अनौपचारिक हेरविचार/स्याहार सुसार प्रणालीहरूको जग पनि हो । परिवर्तनशील जनसांख्यिक, सामाजिक र आर्थिक परिस्थितिहरूको कारणले आर्थिक वृद्धि र विकास दीगो वनाउन तथा पर्याप्त र प्रभावकारी आय र सेवा ब्यवस्था सुनिश्चित गर्नका लागि निवृत्तिभरण, सामाजिक सुरक्षा, स्वास्थ्य र दीर्घकालिन स्याहार सुसार प्रणालीको समायोजन आवश्यक हुन्छ ।

४३. पारिवारिक र सामुदायिक स्तरमा, अन्तरसन्ततिगत सम्वन्धहरू प्रत्येक व्यक्तिका लागि मूल्यवान हुन सक्छन् । जनतालाई अलग्गै राख्न सक्ने भौगोलिक अस्थिरता तथा समकालीन जीवनका अन्य चापहरूको वावजुद, सवै संस्कृतिहरूमा जनताको वहुसंख्यक हिस्साले आफ्नो जीवनभर आफ्ना परिवारहरूसंग निकट सम्बन्ध कायम राख्छन् । यी सम्वन्धहरूले दुवै दिशाहरूमा काम गर्छन् र वृद्ध व्यक्तिहरूले अक्सर गरेर आर्थिक तथा मूलतः नातिनातिनाहरू र अन्य नातेदारहरूको शिक्षा दिक्षा र हेरविचारमा महत्वपूर्ण योगदान पुऱ्याउंछन् । सरकार लगायत समाजका सवै क्षेत्रहरूले यी सम्वन्धहरूलाई सुदृढ गर्ने लक्ष्य राख्नुपर्छ । तथापि, युवा सन्ततिहरूसंगै वस्ने कुरा वृद्ध व्यक्तिहरूका लागि सदैव इच्छाईएको वा उत्तम विकल्प होइन भन्ने कुरा पनि स्वीकार गर्न आवश्यक छ ।

### ४४. उद्देश्य १: सन्ततिहरु बीच समन्याय र पारस्परिकताको माध्यमबाट ऐक्यवद्धताको सुदृढीकरण गर्ने ।

**कृयाकलापहरु:**

(क) सार्वजनिक शिक्षाको माध्यमबाट वृद्धावस्था समग्र समाजको सरोकारको विषय हो भन्ने कुराको वोध प्रवर्द्धन गर्ने,

(ख) विद्यमान नीतिहरूले सन्ततिहरू बीचको ऐक्यवद्धता सम्वर्धन गरी सामाजिक सहिष्णुताको प्रवर्द्धन सुनिश्चित गर्न त्यस्ता नीतिहरूमा पुनरावलोकन गर्न विचार गर्ने,

(ग) वृद्ध व्यक्तिहरूलाई सामाजिक स्रोतको रुपमा जोड दिंदै सन्ततिहरू बीच आपसी उत्पादनमूलक आदान प्रदान प्रवर्द्धन गर्ने लक्ष्य भएका पहलहरूको विकास गर्ने,

(घ) अन्य कुराका अतिरिक्त, सवै उमेर समुह बीचको वैठक/भेटघाट सहज बनाई तथा सन्ततिगत विभाजन हटाई स्थानीय समुदायहरूमा अन्तरसन्ततिगत सम्वन्ध कायम राख्ने र सुधार गर्ने अवसरहरू अधिकतम बनाउने,

(ङ) आफ्ना मातापिता, वालवालिका र नातिनातिना सवैको एकसाथ हेरविचार गर्नु पर्ने अवस्थामा रहेका जनताका सन्ततिका विशिष्ट अवस्था सम्वोधन गर्ने आवश्यकता उपर विचार पुऱ्याउने,

(च) सन्ततिहरू बीच ऐक्यवद्धता र आपसी सहयोगलाई सामाजिक विकासका लागि मुख्य तत्वको रुपमा प्रवर्द्धन र सुदृढ गर्ने,

(छ) विभिन्न संस्कृति र अवस्थितिहरूमा संयुक्त पारिवारिक आवास र स्वतन्त्र वसाई लगायत वृद्ध व्यक्तिहरूका लागि विभिन्न वसाई प्रवन्धहरूका फाईदा तथा वेफाईदाहरूका सम्वन्धमा अनुसन्धान कार्य प्रारम्भ गर्ने ।

## विषय ६ : गरिवी निवारण

४५. गरिवी निवारण गर्ने लक्ष्य लिएर वृद्ध व्यक्तिहरू बीच रहेको गरिवी विरुद्धको संघर्ष वृद्धावस्था सम्वन्धी अन्तर्राष्ट्रिय कार्ययोजनाको मौलिक लक्ष्य हो । गरिवी निवरण सम्वन्धी लक्ष्य र नीतिहरूमा हालै आएर विश्वव्यापी ध्यान बढी सक्रियतापूर्वक दिईएको भएतापनि, धेरै जसो देशहरूमा वृद्ध व्यक्तिहरू यस्ता नीति तथा कार्यक्रमहरूवाट अझै पनि वाहेक गरिएका छन् । जहां गरिवी व्याप्त छ त्यहां गरिवी जीवन वाँचिरहेका व्यक्तिहरूले प्रायः चरम गरिवी वृद्धावस्थाको सामना गर्छन् ।

४६. महिलाहरूको लागि सामाजिक संरक्षण प्रणालीहरूमा रहेका संस्थागत पूर्वाग्रहहरू खासगरी अविच्छिन्न/अटुट काम गरेको इतिहासमा आधारित पूर्वाग्रहहरूले महिलाको गरिवीकरणलाई पृष्टपोषण गर्छन् । आर्थिक शक्ति हिस्सेदारीमा लैंगिक असमानता र विभेदहरू, महिला र पुरुष बीच पारिश्रमिक वेगरको कामको असमान वितरण, महिलाको उद्यमशिलताका लागि प्राविधिक र वित्तीय सहयोगको कमी, पूंजी खासगरी भूमि र कर्जा उपर असमान पहुंच र नियन्त्रण, श्रम वजारमा असमान पहुंच एवं सम्पूर्ण हानीकारक परम्परागत तथा प्रथाजन्य व्यवहारहरूले महिलाको आर्थिक सशक्तिकरणमा अवरोध पुऱ्याएका र महिलाको

गरिवीकरण लाई बढावा दिएका छन् । धेरै समाजहरूमा महिला घरमूली भएका घरपरिवारहरू, सम्वन्ध विच्छेद गरेका, छुट्टिएका र अविवाहित महिला र विधवाहरू गरिवीको खास जोखिममा छन् । खासगरी वृद्ध महिलाहरू बीच महिलाको गरिवीकरणलाई सम्वोधन गर्न विशेष सामाजिक संरक्षणका उपायहरू अपनाउनु पर्छ ।

४७. रोजगारदाताको भेदभाव लगायत कार्यस्थलमा भेदभाव र उनीहरूका आवश्यकताहरू समायोजन गर्ने कार्यस्थलको अभाव आदि कारणले अशक्त वृद्ध व्यक्तिहरू शक्त वृद्ध व्यक्तिहरूको तुलनामा गरिवीको उच्चतर जोखिममा समेत रहेका छन् ।

## ४८. उद्देश्य १ : वृद्ध व्यक्तिहरु बीच गरिवीमा कमी घटाउने

कृयाकलापहरु :

(क) सन् २०१५ सम्ममा, चरम गरिवीमा रहेका व्यक्तिहरूको अनुपात आधा पार्ने,

(ख) गरिवी घटाउने लक्ष्यमा पुग्न नीति तथा कार्यक्रमहरूमा वृद्ध व्यक्तिहरूलाई समावेश गर्ने,

(ग) रोजगारी तथा आयमूलक अवसरहरू, कर्जा, बजार तथा सम्पत्तिमा वृद्ध व्यक्तिहरूको समान पहुंच प्रवर्द्धन गर्ने,

(घ) वृद्ध महिला, वयोवृद्ध व्यक्ति, अशक्त वृद्ध व्यक्ति तथा एक्लै वस्ने वृद्ध व्यक्तिहरूका खास खास आवश्यकताहरूलाई गरिवी उन्मूलन गर्ने रणनीति तथा कार्यान्वयनकारी कार्यक्रमहरूमा विशिष्टिकृत ढंगले सम्वोधन गरिएको सुनिश्चित गर्ने,

(ङ) गरीव वृद्ध महिलाका आवश्यकताहरूको पहिचान गर्न आवश्यक माध्यमको रुपमा उमेरगत तथा लैंगिक सम्वद्ध गरिवी सूचकहरू उपयुक्त भएको र सवै उपयुक्त तहहरूमा विकास गर्ने र गरिवीका विद्यमान सूचकहरूको प्रयोग प्रवर्द्धन गर्ने ताकी उमेर समूह र लैंगिक आधारमा पुनरावलोकन गर्न सकियोस्,

(च) वृद्ध व्यक्तिहरू खासगरी महिलालाई गरिवी उन्मूलन गर्ने विकास प्रयत्नहरूमा उनीहरूको योगदान तथा सोबाट प्राप्त गर्ने फाईदा वृद्धी गर्न सवल बनाउने नवीन कार्यक्रमहरूलाई समर्थन गर्ने,

(छ) वृद्ध व्यक्तिहरूकालागि दीगो सामाजिक र आर्थिक सहयोग हासिल गर्न अन्तर्राष्ट्रिय रुपमा स्वीकृत लक्ष्यहरू अनुकुल गरिवी उन्मूलन गर्ने राष्ट्रिय प्रयत्नहरूलाई सघाउन अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने,

(ज) खासगरी वृद्ध व्यक्तिहरू बीच गरिवी उन्मूलन गर्ने प्रयत्नहरूमा सहयोग पुऱ्याउने उद्देश्यले बढ्दो विश्वव्यापीकृत अर्थतन्त्रमा उनीहरूको सहभागितामा अवरोध पुऱ्याउने व्यवधानहरूलाई सम्वोधन गर्न विकासोन्मुख देशहरूको सक्षमता अभिवृद्धि गर्ने ।

## विषय ७ : आयगत सुरक्षा, सामाजिक संरक्षण/सामाजिक सुरक्षा र गरिवी निवारण ।

४९. योगदानमूलक भए वा नभएतापनि, आयगत सुरक्षा र सामाजिक संरक्षण/सामाजिक सुरक्षाका उपायहरूमा अनौपचारिक एवं उच्च रुपमा संरचित योजनाहरू सामेल हुन्छन् । ती आर्थिक समुन्नती तथा सामाजिक सहिष्णुताको आधारशिलाका अंगहरू हुन् ।

५०. विश्वव्यापीकरण, संरचनागत समायोजन कार्यक्रमहरू, वित्तीय अवरोध तथा वढ्दो वृद्ध जनसंख्यालाई अक्सर अनौपचारिक सामाजिक संरक्षण/सामाजिक सुरक्षा प्रणालीहरूमा दवाव दिने तत्वको रुपमा लिईन्छ । पर्याप्त आयगत सुरक्षाको उपलब्धतामा दीगोपनको ठूलो महत्व छ । सामाजिक संरक्षण/सामाजिक सुरक्षाका औपचारिक प्रणालीहरूको सीमित क्षेत्र भएका विकासोन्मुख देशका जनता अनौपचारिक पारिवारिक सहयोगमा अवरोध पुऱ्याउने वैयक्तिक दुर्भाग्य तथा बजार संघातबाट भेद्य छन् । संक्रमणकालीन अर्थतन्त्र भएका देशहरूमा आर्थिक रुपान्तरणहरूले जनसंख्याको समग्र हिस्सा खासगरी वृद्ध व्यक्तिहरू र वालवच्चा सहितका धेरै परिवारहरूलाई विपन्न बनाएको छ। यसरी विपन्न बनाईएका स्थानहरूमा उच्च दरको मुद्रास्फितिले निवृत्तिभरण, अशक्त वीमा, स्वास्थ्यगत फाईदाहरू तथा वचतलाई प्रायः निरर्थक बनाएको छ ।

५१. खासगरी वृद्ध महिलाहरू बीच महिलाको गरिवीकरणलाई सम्वोधन गर्न उपयुक्त सामाजिक संरक्षण/सामाजिक सुरक्षाका उपायहरूको आवश्यकता पर्छ ।

### ५२. उद्देश्य १: लागू हुने अवस्थामा, निवृत्तिभरण, अशक्त बीमा र स्वास्थ्य सम्बन्धी फाइदाहरु लगायत आधारभूत सामाजिक संरक्षण/सामाजिक सुरक्षा प्राप्त गर्न सवै कामदारहरुलाई सक्षम बनाउने कार्यक्रमहरुको प्रवर्द्धन ।

कृयाकलापहरु

(क) सबै व्यक्तिहरूलाई वृद्धावस्थाभर पर्याप्त आर्थिक र सामाजिक संरक्षण प्राप्त भएको सुनिश्चित गर्ने लक्ष्य राखेका नीतिहरू तर्जुमा/विकास गरी कार्यान्वयन गर्ने,

(ख) सामाजिक संरक्षण/सामाजिक सुरक्षा प्रणालीहरूमा लैंगिक समानता सुनिश्चित गर्न प्रयत्न गर्ने,

(ग) उपयुक्त भएकोमा, सामाजिक संरक्षण/सामाजिक सुरक्षा प्रणालीले औपचारिक तथा अनौपचारिक रुपमा काम गर्ने जनसंख्याको बढ्दो अनुपातलाई समेटेको सुनिश्चित गर्ने,

(घ) अनौपचारिक क्षेत्रमा कार्यरत व्यक्तिहरूका लागि नवीन सामाजिक संरक्षण/सामाजिक सुरक्षा कार्यक्रमहरू उपर विचार पुऱ्याउने,

(ङ) सामाजिक संरक्षण/सामाजिक सुरक्षा प्रणालीहरूमा पहुंच उपलब्ध गराउँदै, न्यून सीप भएका वृद्ध व्यक्तिहरूको रोजगारी प्रवर्द्धन गर्ने कार्यक्रमहरू लागू गर्ने,

(च) निवृत्तिभरण योजना, तथा उपयुक्त भएको अवस्थामा, अशक्त बीमाको पूर्णता/अखण्डता, दीगोपन, समृद्धता तथा पारदर्शिता सुनिश्चित गर्न प्रयत्न गर्ने,

(छ) निजी तथा परिपूरक निवृत्तिभरण र उपयुक्त भएको अवस्थामा, अशक्त बीमाको लागि एउटा नियमनकारी संरचना स्थापित गर्ने,

(ज) सामाजिक संरक्षण/सामाजिक सुरक्षाका सम्पूर्ण क्षेत्रहरूका सम्वन्धमा वृद्ध व्यक्तिहरूलाई सरसल्लाह र परामर्श सेवाहरू उपलब्ध गराउने ।

## ५३. उद्देश्य २: सामाजिक तथा आर्थिक रुपले विपन्न समुहहरु उपर विशेष ध्यान दिँदै, सबै वृद्ध व्यक्तिहरुका लागि पर्याप्त न्यूनतम आय ।

कृयाकलापहरु :

(क) उपयुक्त भएको अवस्थामा, गैर-योगदानमुखी निवृत्तिभरण प्रणाली र अशक्त वृत्ति प्रणाली स्थापना गर्न विचार गर्ने,

(ख) विद्यमान नभएको अवस्थामा तुरुन्तै गर्नुपर्ने कामको रुपमा, जीविकोपार्जनको अन्य कुनै पनि माध्यम नभएका वृद्ध व्यक्तिहरू, जसमध्ये अधिकांश महिला

छन्, खास गरी जो एक्लै वस्छन् र बढी गरिवीको शिकार हुन सक्छन्, का लागि न्यूनतम आय सुनिश्चित गर्ने सामाजिक संरक्षण/सामाजिक सुरक्षा प्रणालीहरू संगठित गर्ने,

(ग) निवृत्तिभरण प्रणाली र उपयुक्त भएको अवस्थामा, अशक्त बीमा प्रणालीहरूमा सुधार गर्दा वृद्ध व्यक्तिहरूको जीवनस्तरलाई मध्यनजर राख्ने)

(घ) चरम मुद्रास्फितिले, उपयुक्त भएको अवस्थामा, निवृत्तिभरण, अशक्त बीमा र बचत योजनाहरूमा पार्ने प्रभावहरूलाई प्रतिरोध गर्ने उपायहरू अपनाउने,

(ङ) अन्तराष्ट्रिय संगठनहरू, खासगरी अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई उनीहरूका कार्यादेश अनुसार, विकासोन्मुख देशहरू र आवश्यक परेको सवै देशहरूलाई खासगरी वृद्ध व्यक्तिहरूका लागि आधारभूत सामाजिक संरक्षण हासिल गर्ने प्रयत्नहरूमा सघाउन आव्हान गर्ने ।

## विषय ८ : संकटकालिन अवस्थाहरु

५४. संकटकालिन अवस्थाहरू जस्तै प्राकृतिक विपत्ति र अन्य मानव निर्मित संकटहरूमा खासगरी वृद्ध व्यक्तिहरू भेद्य हुन्छन् र उनीहरू परिवार र साथीभाईबाट अलग हुन र गासवास प्राप्त गर्न कमै मात्रामा सक्षम हुन सक्छन्। उनीहरूलाई प्राथमिक हेरविचार गर्ने भूमिकाहरू ग्रहण गर्न पनि अनुरोध गर्न सकिन्छ। सरकार तथा मानवतावादी राहत उपलब्ध गराउने निकायहरूले वृद्ध व्यक्तिहरूले पुनर्स्थापन तथा पुनःनिर्माण प्रवर्द्धन गर्न संकटहरूको सामना गर्न सकारात्मक योगदान दिन सक्छन् भन्ने कुरा स्वीकार गर्नुपर्छ।

### ५५. उद्देश्य १ : प्राकृतिक विपत्ति तथा अन्य मानव निर्मित संकट उत्पन्न भएका बखत वा त्यसपछि खाद्यान्न, वास तथा स्वास्थ्य हेरचाह र अन्य सेवाहरुमा वृद्ध व्यक्तिहरुको समान पहुंच ।

कृयाकलापहरु :

(क) शसस्त्र द्वन्द र विदेशी कब्जाका अवस्थाहरूमा अशक्त व्यक्तिहरूका लागि भौतिक तथा मानसिक पुनर्स्थापन सेवाहरू समेत उपलब्ध गराएर यी अवस्थाहरूमा वृद्ध व्यक्तिहरूलाई संरक्षण र सहयोग गर्ने ठोस उपायहरू अपनाउने,

(ख) साधारण सभाबाट पारित प्रस्तावहरू अनुसार, आन्तरिक विस्थापनका अवस्थाहरूमा वृद्ध व्यक्तिहरूलाई संरक्षण गर्न, सहयोग गर्न र मानवीय

सहायता तथा मानव निर्मित संकटका बखत सहायता उपलब्ध गराउन सरकारहरूलाई आव्हान गर्ने,

(ग) संकटकालीन अवस्थामा वृद्ध व्यक्तिहरूको अवस्थिति पत्ता लगाई पहिचान गर्ने र आवश्यकताको मूल्याकंन सम्बन्धी प्रतिवेदनहरूमा उनीहरूको योगदान तथा भेद्यता समावेश भएको सुनिश्चित गर्ने,

(घ) वृद्ध व्यक्तिका विशेष शारीरिक तथा स्वास्थ्य सम्बन्धी विषयका वारेमा र आधारभूत आवश्यकतालाई उनीहरूका आवश्यकतासंग अनुकुल बनाउने उपायहरूका वारेमा उद्दार कार्य गर्ने निकायका कर्मचारीहरूको सचेतता अभिवृद्धि गर्ने,

(ङ) उपयुक्त सेवाहरू उपलब्ध भएको, त्यस्ता सेवाहरूमा वृद्ध व्यक्तिहरूको भौतिक पहुंच भएको र उनीहरू उपयुक्त सेवाहरूको तर्जुमा र वितरणमा संलग्न भएको सुनिश्चित गर्ने लक्ष्य राख्ने,

(च) फरक/विविध सांस्कृतिक पृष्ठभूमिबाट आई नयां तथा अपरिचित परिवेशहरूमा हुर्किरहेका वृद्ध शरणार्थीहरूलाई प्राय: सामाजिक संयन्त्रको तथा अतिरिक्त सहयोगको विशेष आवश्यकता पर्छ भन्ने कुरा स्वीकार गर्ने र त्यस्ता सेवाहरूमा उनीहरूको भौतिक पहुंच सुनिश्चित गर्ने लक्ष्य राख्ने,

(छ) विपत्तिकालागि तयारी लगायत विपत्तिबाट उद्दार गर्ने योजना, उद्धारकर्मीहरूका लागि तालीम र सेवा तथा वस्तुहरूको उपलब्धतामा वृद्ध व्यक्तिहरूको सहयोगको स्पष्ट सन्दर्भ बनाउने र सोको लागि राष्ट्रिय मार्गनिर्देशिकाहरूको तर्जुमा गर्ने,

(ज) पारिवारिक र सामाजिक सम्बन्ध पुन:स्थापित गर्न र भावनात्मक चोट पछि उनीहरूलाई पर्न गएको चाप/धपेडीलाई सम्बोधन गर्न वृद्ध व्यक्तिहरूलाई सहयोग गर्ने,

(झ) विपत्ति पछि, वृद्ध व्यक्तिहरू जालसाज अवशरवादीहरूको लक्ष्य वन्न र उनिहरूबाट वृद्ध व्यक्तिहरूको वित्तीय शोषण हुन नदिन संयन्त्रहरू स्थापित गर्ने,

(ञ) सचेतना बढाउने र महिलाले भोग्नु परेका विशेष जोखिमहरू उपर विशेष ध्यान दिंदै संकटकालीन अवस्थाहरूमा वृद्ध व्यक्तिहरूलाई शारीरिक, मनोवैज्ञानिक, यौनजन्य वा वित्तीय शोषणबाट संरक्षण गर्ने,

(ट) अन्य कुराका अतिरिक्त, सक्रिय व्यक्तिहरूलाई अझ बढी स्वावलम्वी हुन सहयोग गरी तथा बयोवृद्धहरूका लागि उत्तम सामुदायिक हेरविचार प्रयासहरू प्रवर्द्धन गरी कार्यक्रम तर्जुमा र कार्यक्रमका सम्पूर्ण पक्षहरूमा वृद्ध शरणार्थीहरूको अझ बढी लक्षित संलग्नता प्रोत्साहित गर्ने,

(ठ) स्वास्थ्य लाभ तथा दीर्घकालीन विकासका लागि सहयोगी हुनसक्ने गरी प्राकृतिक विपत्ति र अन्य मानवीय संकट तथा द्वन्द पछिका अवस्थाहरूबाट प्रभावित देशहरूलाई मानवीय सहायताको भार हिस्सेदारी तथा समन्वयन लगायतका अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने ।

## ५६. उद्देश्य २: समुदायको पुनर्स्थापना तथा पुनर्निमाण र संकटपछि सामाजिक रुपरेखाको पुनर्रचना/पुनर्वनौटमा वृद्ध व्यक्तिहरुको योगदान अभिवृद्धि गर्ने ।

कृयाकलापहरु :

(क) अन्य कुराका अतिरिक्त, भेद्य वृद्ध व्यक्तिहरूको पहिचान र उनीहरूलाई सहयोग गरेर सामुदायिक राहत तथा पुनर्स्थापना कार्यक्रमको व्यवस्थामा वृद्ध व्यक्तिहरूलाई समावेश गर्ने,

(ख) शिक्षा, संचार तथा द्वन्द समाधानका लागि परिवार र समुदायमा नेताको रुपमा भूमिका निर्वाह गर्नसक्ने वृद्ध व्यक्तिहरूको संभाव्यता स्वीकार गर्ने,

(ग) वृद्ध महिलाका विशेष आवश्यकताहरूलाई मध्यनजर राख्दै, आयमूलक, शैक्षिक कार्यक्रम तथा पेशागत कृयाकलापहरू लगायत पुनर्स्थापन आयोजनाहरूको माध्यमवाट आर्थिक स्व-निर्भरता पुनर्स्थापित गर्न वृद्ध व्यक्तिहरूलाई सहयोग गर्ने,

(घ) भूमि तथा अन्य उत्पादनमूलक र व्यक्तिगत सम्पत्तिको विस्थापन र वेदखलीका अवस्थाहरूमा वृद्ध व्यक्तिहरूलाई कानूनी सल्लाह र जानकारी उपलब्ध गराउने,

(ङ) प्राकृतिक विपत्ति र अन्य मानवीय संकटका अवस्थाहरूमा प्रदान गरिने मानवीय सहायता कार्यक्रम र राहत प्याकेजहरूमा वृद्ध व्यक्तिहरूलाई विशेष ध्यान दिने,

(च) संकटकाल पछि वृद्ध व्यक्तिहरूको योगदान सफलतापूर्वक उपयोग गरेका व्यवहार/ अभ्यासहरूवाट सिकिएका पाठहरूमा हिस्सेदारी हुने र, उपयुक्त भएको अवस्थामा, ती पाठहरूलाई प्रयोग गर्ने ।

## ख. प्राथमिकताप्राप्त दिशा २ : वृद्धावस्थामा स्वास्थ्य र संवृद्धि अभिवृद्धि गर्ने

५७. सुस्वास्थ्य एउटा महत्वपूर्ण वैयक्तिक निधि/सम्पत्ति हो । त्यसैगरी, जनसंख्याको स्वास्थ्यको समग्र उच्च स्तर आर्थिक उन्नती र समाजको विकासका लागि

अपरिहार्य छ । सबै मानव जातिले स्वस्थ दीर्घकालका पूर्ण लाभहरू अझैसम्म पनि उपयोग गर्न पाएका छैनन् । सबै देशहरू खास गरी विकसोन्मुख देशहरू र निश्चित जनसांख्यिक समुहहरूमा अझै पनि सबै उमेरका व्यक्तिहरूको अस्वस्थता र मृत्यूदर उच्च भएको तथ्य यो कुराको प्रमाण हो ।

५८. पुनर्स्थापन तथा यौनजन्य स्वास्थ्य सेवा लगायत निवारक र उपचारात्मक सेवामा पहुंच प्राप्त गर्ने वृद्ध व्यक्तिहरूको पूर्ण अधिकार छ। रोग निवारण लगायतका स्वास्थ्य सेवा तथा सुविधामा वृद्ध व्यक्तिहरूको पूर्ण पहुंचमा स्वास्थ्य प्रवर्द्धन र रोग निवारणका कृयाकलापहरूले आजीवन रोगको अनिर्भरता, रोकथाम तथा विलम्व र अशक्त उपचार निरन्तर राख्न र अशक्त भैसकेका वृद्ध व्यक्तिहरूको जीवनको गूणस्तरमा सुधार ल्याउन जोड दिनु पर्छ भन्ने मान्यता समाविष्ट छ । स्वास्थ्य सेवा तथा सुविधामा वृद्ध जनसंख्याका विशेष आवश्यकताहरू पूरा गर्न कर्मचारीहरूका लागि आवश्यक तालीम र सुविधा समेत समाविष्ट हुन जरुरी छ ।

५९. विश्व स्वास्थ्य संगठनले स्वास्थ्यलाई रोग वा दुर्वलता विहिनताको अवस्थाको रुपमा मात्र नभै पूर्ण शारीरिक, मानसिक र सामाजिक कुशलता/संवृद्धीको अवस्थाको रुपमा पनि परिभाषित गरेको छ। सुस्वास्थ्य र संवृद्धी सहितको वृद्धावस्थामा पुग्नका लागि जीवनभर वैयक्तिक प्रयत्नहरू तथा त्यस्ता प्रयत्न सफल हुनसक्ने वातावरणको आवश्यकता पर्छ । स्वस्थ जीवनशैली कायम राख्ने जिम्मेवारी व्यक्तिको हो र वृद्ध उमेरमा स्वास्थ्य र कुशलता अभिवृद्धि सवल बनाउने सहयोगी वातावरण सिर्जना गर्ने जिम्मेवारी सरकारको हो । मानवतावादी र आर्थिक दुवै कारणले अन्य समुहलाई जस्तै वृद्ध व्यक्तिहरूलाई पनि निवारक र उपचारात्मक स्याहार/हेरविचार र पुनर्स्थापनामा समान पहुंच उपलब्ध गराउन आवश्यक छ। सोही समयमा, विश्वविद्यालयका सम्वद्ध पाठ्यक्रम र उपयुक्ततानुसार स्वास्थ्य हेरविचार प्रणालीहरूमा वृद्ध रोगशास्त्र (Geriatric Medicine) को प्रारम्भ लाई मध्यनजर राख्दै वृद्ध जनसंख्याका विशेष आवश्यकताहरू पूरा गर्न तय गरिएका स्वास्थ्य सेवाहरू उपलब्ध हुनैपर्छ । सरकारका अतिरिक्त, सहयोगी वातावरण सिर्जना गर्न सरकारलाई घनिष्ट रुपले सहयोग गर्दै स्वस्थ जीवनशैली कायम राख्न व्यक्तिहरूलाई सहयोग उपलब्ध गराउने अन्य महत्वपूर्ण कर्ताहरू खासगरी गैरसरकारी संस्था र परिवारहरू पनि छन् ।

६०. अहिले विश्वका सबै क्षेत्रहरूमा महामारी/सरुवा रोगको संक्रमण हुन गैरहेको छ, यसले संक्रामक र परजीवि रोगहरूको वाहुल्यता दीर्घ (क्रोनिक) र गैरवंशाणुगत रोगहरूको वाहुल्यतामा सरेको कुरा इंगित गर्छ। तथापि, धेरै विकासोन्मुख

देशहरू तथा संक्रमणकालीन अर्थतन्त्र भएका देशहरूले एच.आइ.भी. /एड्स, क्षयरोग र औलो जस्ता प्रकट र पुनः प्रकट भैरहेका सरुवा रोगहरू विरुद्ध जुध्ने र त्यसका साथसाथै गैर-सरुवा रोगहरू वढ्न सक्ने चुनौतिको सामना गर्ने दोहोरो भार वहन गरिरहेका छन् ।

६१. वृद्ध जनसंख्याको हेरविचार र उपचारको वढ्दो आवश्यकताले गर्दा पर्याप्त नीतिहरू अपरिहार्य भएका छन् । यस्ता नीतिहरूको अभावले गर्दा ठूलो मात्रामा खर्च वृद्धी हुन सक्छ । स्वास्थ्य प्रवर्द्धन र रोगको रोकथाम, सहयोगी प्रविधि, पुनर्स्थापनामूलक हेरविचार, मानसिक स्वास्थ्य सुविधाहरू, स्वस्थ जीवनशैलि, सहयोगात्मक वातावरणको प्रवर्द्धन लगायत आजीवन स्वास्थ्य प्रवर्द्धन गर्ने नीतिहरूले वृद्धावस्थासंग गांसिएका अपाङ्गताका तहहरू कम गर्न र बजेट बचत गराउन सक्छन् ।

## विषय १ : आजीवन स्वास्थ्य प्रवर्द्धन र कुशलता

६२. स्वास्थ्य प्रवर्द्धनले व्यक्तिहरूलाई आफ्नो स्वास्थ्यको ख्याल गरी सुधार गर्न अभिप्रेरित गर्छ । स्वास्थ्य प्रवर्द्धनका लागि ओटावा वडापत्र (१९८६)मा[^] स्वास्थ्य प्रवर्द्धनका लागि आधारभूत रणनीतिहरू उल्लिखित थिए । स्वस्थ जीवनचर्या वृद्धी गर्ने, सवैका लागि जीवनको गूणस्तरमा सुधार ल्याउने, मृत्युदर र अस्वस्थताको दरमा कमी ल्याउने र औषत आयु बढाउने लक्ष्यहरू जनसंख्या तथा विकास सम्वन्धी अन्तर्राष्ट्रिय सम्मेलन (१९९४) ले तय गरेको थियो ।[७] सार्वजनिक स्वास्थ्य तथा पर्याप्त स्वास्थ्य हेरविचारमा पहुंच दुवैमा सुधार ल्याउन विश्व स्वास्थ्य संगठनले सिफारिश गरेका कृयाकलापहरूको कार्यान्वयन गरेर यी लक्ष्यहरू अझ बढी प्रभावकारी ढंगले हासिल गर्न सकिन्छ ।

६३. स्वास्थ्य प्रवर्द्धन-सम्बन्धी कृयाकलापहरू र जीवन भरी रोगको निवारण समेत समाविष्ट स्वास्थ्य हेरविचार एवं सेवाहरूमा वृद्ध व्यक्तिहरूको समान पहुंच नै स्वस्थ वृद्धावस्थाको लागि कोशेढुंगा हो । जीवन मार्ग दृष्टिकोण (लाईफ कोर्ष प्रस्पेक्टिभ)मा स्वास्थ्य प्रवर्द्धन र रोग निवारणसंग सम्वन्धित कृयाकलापहरूले रोग तथा अशक्तताको निरपेक्षताको, निवारण तथा विलम्व कायम गर्न र उपचार उपलब्ध गराउन तथा अशक्त भैसकेका वृद्ध व्यक्तिहरूको कार्यात्मकता तथा जीवनको गूणस्तरमा सुधार ल्याउन जोड दिनुपर्छ भन्ने कुराको स्वीकृति समेत संलग्न हुन्छ ।

---

[७] विश्व स्वास्थ्य संगठन/एच.पी.आर./एच.ई.पी. ९५.१ ।

६४. स्वास्थ्य स्थिति कायम राखी अभिवृद्धि गर्न व्यक्तिको स्वास्थ्यलाई प्रभाव पार्ने विशिष्टिकृत कृयाकलापहरू मात्रै पर्याप्त हुदैनन् । शारीरिक वातावरण, भूगोल, शिक्षा, पेशा, आय, सामाजिक हैसियत, सामाजिक सहयोग, संस्कृति र लैंगिक कुराहरू लगायतका वातावरणीय, आर्थिक र सामाजिक निर्धारक तत्वहरूले स्वास्थ्यमा जोरदार प्रभाव पार्छन् । वृद्ध व्यक्तिहरूको आर्थिक र सामाजिक अवस्थामा सुधार आएमा उनीहरूको स्वास्थ्यमा समेत सुधार हुनेछ । विद्यालय र सेवा आपूर्तिमा सुधार आएको भएतापनि, जीवन मार्गमा महिलाको लागि समान अवसरहरू धेरैं क्षेत्रहरूमा अझै सम्म पनि हासिल गरिएको छैन् । वृद्ध अवस्थामा कुशलता हासिल गर्ने जीवन मार्ग उपागम (Approach) खासगरी महिलाको लागि महत्वपूर्ण छ किनभने उनीहरूले आफ्ना उत्तरार्धका वर्षहरूमा सामाजिक, आर्थिक, शारीरिक तथा मनोवैज्ञानिक कुशलतामा जीवन भर समिश्रित प्रभाव पार्ने व्यवधानहरूको सामना गर्छन् ।

६५. मध्य उमेरमा वयस्कहरू भन्दा बालबालिका र वृद्ध व्यक्तिहरू वातावरणीय प्रदुषणका विभिन्न रुपहरूमा बढी मात्रामा ग्रहणक्षम/संवेदशील हुन्छन् र प्रदुषणको न्यूनतम तहबाट पनि उनीहरू प्रभावित हुने बढी संभावना रहन्छ । वातावरणीय प्रदुषणको कारणले मेडिकल अवस्थाहरूले उत्पादकत्वमा कमी ल्याई व्यक्तिहरु वृद्ध हुंदै जांदा उनीहरूको जीवनको गूणस्तरमा प्रभाव पार्छन् । कुपोषण र न्यून पोषणले पनि वृद्ध व्यक्तिहरूलाई असमानुपातिक जोखिममा पार्छन् र उनीहरूको स्वास्थ्य र सामर्थ्यमा प्रतिकूल प्रभाव पार्न सक्छन् । वृद्ध व्यक्तिहरूको रोग, अपाङ्गता र मृत्यू दरका प्रमुख कारणहरूलाई पोषण, शारीरिक कृयाकलाप र धुम्रपान परित्याग आदि कुरामा जोड दिने स्वास्थ्य प्रवर्द्धनात्मक र रोग निवारक उपायहरूको माध्यमबाट शमन गर्न सकिन्छ ।

## ६६. उद्देश्य १ : रोगको जोखिम बढाउने तत्वहरुको समिश्रित प्रभावहरु र त्यसको परिणाम स्वरुप वृद्धावस्थामा हुने सम्भावित निर्भरतामा कमी ल्याउने

### कृयाकलापहरु :

(क) अन्य कुराका अतिरिक्त, वृद्ध व्यक्तिहरू खासगरी गरिव र सिमान्तमा रहेका व्यक्तिहरूको स्वास्थ्य स्थितिमा सुधार ल्याउन गरिवी निवारण नीतिहरूलाई प्राथमिकता दिने,

(ख) व्यक्तिहरू वृद्ध हुंदै जांदा उनीहरूलाई हेरविचार र संरक्षण प्रदान गर्न परिवार र समुदायहरूलाई सवल बनाउने अवस्थाहरू उपयुक्ततानुसार सुनिश्चित गर्ने,

(ग) वृद्ध व्यक्तिहरूको स्वास्थ्य स्थितिमा सुधार ल्याउन र अपाङ्गता तथा मृत्यू दरमा कमी ल्याउन लक्ष्यहरू, खासगरी लैंगिक-विशिष्टिकृत लक्ष्यहरू तय गर्ने,

(घ) उत्तरार्धको जीवनमा रोग र अपाङ्गता विरुद्ध शिघ्र आक्रमण गर्न सघाउने मुख्य मुख्य वातावरणीय तथा सामाजिक-आर्थिक तत्वहरूको पहिचान गरी सम्बोधन गर्ने,

(ङ) अस्वस्थ आहार, शारीरिक अकृयात्मकता र धुम्रपान तथा मदीराको दुरुपयोग जस्ता अन्य अस्वस्थकर व्यवहारहरूबाट उत्पन्न अन्य ज्ञात जोखिमहरू तथा स्वास्थ्य प्रवर्द्धन, स्वास्थ्य शिक्षा, रोकथाममूलक नीतिहरू र सूचनामूलक अभियानहरूमा जोड दिने,

(च) मदिराको दुरुपयोग रोकथाम गर्न, सबै उमेरका व्यक्तिहरूबाट सूर्तिको प्रयोग परित्यागलाई प्रवर्द्धन गर्न सूर्तिजन्य उत्पादनहरूको प्रयोगमा र धुम्रपानमा हुनसक्ने अस्वेच्छिक अवस्थामा कमी ल्याउन वृहत कार्य गर्ने,

(छ) वाल्यवस्था देखि जीवनभर वातावरणीय प्रदुषकहरूमा हुनसक्ने अवस्थामा कमी ल्याउन कानूनी र प्रशासनिक उपायहरू स्थापित गरी कार्यान्वयन गर्ने र अभियानहरू लगायत सार्वजनिक जानकारी मूलक र स्वास्थ्य प्रवर्द्धनात्मक कृयाकलापहरूको आयोजना गर्ने,

(ज) सबै औषधिहरूको सुरक्षीत प्रयोग प्रवर्द्धन गर्ने र संलग्न औद्योगिक र व्यवसायिक क्षेत्रहरूको सहभागितामा नियमनकारी तथा शैक्षिक उपायहरूको माध्यमबाट चिकित्सकले सिफारिश गरेका औषधिहरूको दुरुपयोग न्यून गर्ने ।

## ६७. उद्देश्य २: वृद्ध व्यक्तिहरुको खराब स्वास्थ्य रोकथाम गर्ने नीतिहरु विकास गर्ने

कृयाकलापहरु :

(क) रोग तथा अपाङ्गता रोकथाम वा विलम्ब गर्न अविलम्ब हस्तक्षेपहरू डिजाईन गर्ने,

(ख) निवारक उपायको रुपमा वयस्क रोग प्रतिरोधात्मक कार्यक्रमहरू प्रवर्द्धन गर्ने,

(ग) लैंगिक विशिष्टिकृत प्राथमिक निवारक तथा अनुविक्षण कार्यक्रमहरू वृद्ध व्यक्तिहरूलाई उपलब्ध भएको र उनीहरूले त्यस्ता कार्यक्रमहरू धान्न सक्ने कुरा सुनिश्चित गर्ने ।

(घ) स्वस्थ जीवनशैली तथा स्व-हेरविचारका बारेमा वृद्धवस्थामा पुगेका व्यक्तिहरूलाई सरसल्लाह दिन र पथ प्रदर्शन गर्न स्वास्थ्य र सामाजिक सेवा तथा स्याहार सेवा उपलब्ध गराउने व्यवसायीहरूलाई तालीम र सुविधाहरू उपलब्ध गराउने,

(ङ) सामाजिक पृथक्करण र मानसिक रोग/विमारबाट उत्पन्न खतराहरूमा ध्यान दिने दौंतरी र छरछिमेकसंग भेटघाट गर्ने कार्यक्रमहरू लगायत सामुदायिक सवलीकरण र आपसी सहयोग समुहहरूलाई समर्थन गरेर तथा स्वेच्छिक कृयाकलापहरूमा वृद्ध व्यक्तिहरूको सक्रिय सहभागिता सहज बनाएर त्यस्ता खतराहरूले वृद्ध व्यक्तिहरूको स्वास्थ्यमा पार्न सक्ने जोखिमहरूलाई कम गर्ने,

(च) सामाजिक पृथक्करण विरुद्ध जुध्ने र सशक्तिकरणलाई सहयोग गर्ने रणनीतिका रुपमा वृद्ध व्यक्तिहरूको नागरिक तथा सांस्कृतिक सहभागिता प्रवर्द्धन गर्ने,

(छ) सवै उमेरमा चोटपटक निवारण गर्ने लक्ष्य राखेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षाका मापदण्डहरूलाई कडाईका साथ कार्यान्वयन गर्ने र सान्दर्भिक भएको अवस्थामा पुनर्वल प्रदान गर्ने,

(ज) अनजानमा लाग्ने चोटपटकका कारणहरूको राम्रो वोध विकास गरी, पैदल यात्रीहरूको सुरक्षा गर्न उपायहरू अवलम्बन गरी, रोकथाममूलक कार्यक्रमहरू कार्यान्वयन गरी, घरमा अग्नी जोखिम लगायतका जोखिम न्यूनीकरण गरी तथा सुरक्षा सम्वन्धी सरसल्लाह उपलब्ध गराई त्यस्ता चोटपटकहरूको रोकथाम गर्ने,

(झ) वृद्ध उमेर समुहका व्यक्तिहरूमा हुने थप विमार रोकथाम गर्ने लक्ष्य लिएका नीतिहरूलाई पथ प्रदर्शन गर्न वृद्ध व्यक्तिहरूमा लाग्ने आम रोगहरू सम्बन्धी तथ्याकंगत सूचकहरूको सवै तहमा विकास गर्ने,

(ञ) भौतिक कृयाकलाप र खेलकुद लगायत सक्रिय र स्वस्थ जीवनशैली कायम राख्न वा ग्रहण गर्न वृद्ध व्यक्तिहरूलाई प्रोत्साहन दिने।

## ६८. उद्देश्य ३ : सवै वृद्ध व्यक्तिहरुलाई खाना र पर्याप्त पोषणमा पहुंच उपलब्ध गराउने

कृयाकलापहरु :

(क) वृद्ध व्यक्तिहरूको स्वच्छ पानी र सुरक्षित आहारमा समान पहुंच प्रवर्द्धन गर्ने,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै तहमा सुरक्षित तथा पौष्टिक रुपमा पर्याप्त खाद्य आपूर्ति सुनिश्चित गरी खाद्य सुरक्षा हासिल गर्ने । यस सम्बन्धमा, खाद्यान्न तथा औषधि राजनीतिक दवावका साधनको रुपमा प्रयोग नगरिने कुरा सुनिश्चित गर्ने,

(ग) पुरुष तथा महिलाका खास खास पौष्टिक आवश्यकताहरू पूरा भएको सुनिश्चित गर्ने तर्फ विशेष ध्यान दिंदै, वाल्यवस्था देखिनै आजीवन स्वस्थता तथा पर्याप्त पौष्टिकता प्रवर्द्धन गर्ने,

(घ) अन्य कुराका अतिरिक्त, राष्ट्रिय आहारगत लक्ष्यहरू तय गर्दै प्राथमिकतानुसार स्थानीय खाद्यान्नमा आधारित भई पर्याप्त शक्ति/उर्जा उपलब्ध गराउन र वृहत तथा सुक्ष्म पौष्टिकताको कमी निवारण गर्न सन्तुलित आहारलाई प्रोत्साहित गर्ने,

(ङ) वृद्ध व्यक्तिहरूका लागि स्वास्थ्य प्रवर्द्धन र रोकथाममूलक कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्दा पौष्टिकताको कमी र सम्बद्ध रोगहरू उपर विशेष ध्यान दिने,

(च) पानी, क्यालोरी, प्रोटिन, भिटामिन र खनिजहरूको पर्याप्त ग्रहण लगायत वृद्ध व्यक्तिका खास खास पौष्टिक आवश्यकताहरूको वारेमा वृद्ध व्यक्ति तथा सर्व साधारणलाई शिक्षा दिने,

(छ) खाना खान अवरोध गर्न र कुपोषण गराउन सक्ने अव्यवस्थाहरूको रोकथाम र उपचार गर्न दांत सम्वन्धी धान्न सकिने सेवाहरू प्रवर्द्धन गर्ने,

(ज) सम्पूर्ण स्वास्थ्य तथा सम्बद्ध सुसारे कामदार र ब्यवसायीहरूलाई दिईने तालीम कार्यक्रमका पाठ्यक्रमहरूमा वृद्ध ब्यक्तिका खास खास पौष्टिक आवश्यकताहरू समावेश गर्ने,

(झ) अस्पताल तथा अन्य स्याहार सुसार गर्ने स्थलहरूमा वृद्ध व्यक्तिहरूका लागि पहुंचयोग्य पौष्टिक आहार तथा खानाको समुचित एवं पर्याप्त व्यवस्था भएको कुरा सुनिश्चित गर्ने ।

## विषय : २ स्वास्थ्य-स्याहार सेवाहरुमा विश्वव्यापी तथा समान पहुंच

६९. वृद्ध व्यक्तिहरूको स्वास्थ्य स्याहार र पुनर्स्थापनमा गरिएको लगानीले उनीहरूको स्वस्थ तथा क्रियाशील उमेर विस्तार गर्छ । स्वास्थ्य प्रवर्द्धन र रोग निवारण देखि प्राथमिक स्वास्थ्य स्याहार, स्याहार तीक्ष्ण उपचार, पुनर्स्थापन, दीर्घ स्वास्थ्य समस्याहरूमा सामुदायिक स्याहार, अशक्त व्यक्तिहरू लगायत वृद्ध व्यक्तिहरूको

शारीरिक तथा मानसिक पुनर्स्थापन तथा कष्टप्रद वा निको नहुने विमार वा रोगबाट पीडित वृद्ध व्यक्तिहरूको सान्त्वनादायक/शामक स्याहार[८] सम्मका स्याहारको निरन्तरता नै अन्तिम लक्ष्य हो । वृद्ध व्यक्तिहरूको प्रभावकारी स्याहारका लागि शारीरिक, मानसिक, सामाजिक, आध्यात्मिक र वातावरणीय तत्वहरू एकीकृत गर्नुपर्छ ।

७०. व्यक्ति तथा परिवारहरूको पूर्ण सहभागिताको माध्यमबाट र आफ्नो विकासका प्रत्येक चरणमा, स्व-निर्भरताको र आत्मनिर्णयको भावना कायम राख्न समुदाय र मुलुकले धान्न सक्ने मूल्यमा समुदायमा व्यक्ति तथा परिवारहरूलाई विश्वव्यापी रुपमा पहुंचयोग्य वनाईएको व्यवहारिक, वैज्ञानिक रुपले कुशल र सामाजिक रुपले स्वीकार्य तरीका र प्रविधिमा आधारित अत्यावश्यक स्वास्थ्य स्याहार नै प्राथमिक स्वास्थ्य स्याहार हो । वृद्ध व्यक्तिहरूले स्वास्थ्य स्याहार सेवाहरूमा वित्तीय, भौतिक, मनोवैज्ञानिक र कानूनी अवरोधहरू महशुस गर्न सक्छन् । वयस्कहरूको उपचारको तुलनामा वृद्ध व्यक्तिहरूको उपचारबाट कम उपलब्धी हासिल हुन्छ भन्ने सोचाई पनि रहन सक्ने हुंदा वृद्ध व्यक्तिहरूले सेवाहरूको उपलब्धतामा उमेरगत भेदभाव र उमेरसंग सम्बन्धित अशक्षमता सम्बन्धी भेदभावको पनि सामना गर्नु पर्ने हुनसक्छ ।

७१. धेरै विकासोन्मुख देशहरू र अति कम विकसित देशहरूलाई दु:ख दिईरहेका सार्वजनिक स्वास्थ्य सम्बन्धी समस्याहरू खासगरी एच.आई.भी./एड्स्, क्षयरोग, औलो र अन्य संक्रामक रोगहरूवाट उत्पन्न समस्याहरूको गाम्भिर्यता पनि हामीले वुझेका छौं । वौद्धिक सम्पत्ति सम्वन्धी अधिकारका व्यापारसंग सम्वद्ध पक्षहरू सम्बन्धी विश्व व्यापार संगठनको सम्झौता यी समस्याहरूलाई सम्वोधन गर्न व्यापकतर राष्ट्रिय र अन्तर्राष्ट्रिय कृयाकलापको एक अंग हुनु पर्ने आवश्यकतामा हामीले जोड दिन्छौं ।

७२. नयां नयां औषधिहरूको विकासका लागि वौद्धिक सम्पत्तिको संरक्षण महत्वपूर्ण हुन्छ । हामीले मूल्यमा पर्ने यसको प्रभावका सम्वन्धमा उठाइएका सरोकारहरूलाई पनि मान्यता दिन्छौं । वौद्धिक सम्पत्ति सम्वन्धी अधिकारका व्यापारसंग सम्वद्ध पक्षहरू सम्बन्धी सम्झौताले सदस्य राज्यहरूलाई सार्वजनिक स्वास्थ्य संरक्षण गर्न उपायहरू ग्रहण गर्न रोक लगाउदैन र रोक लगाउनु पनि हुंदैन भन्ने कुरामा हामी सहमत छौं । त्यसैगरी, सम्झौता प्रतिको हाम्रो प्रतिवद्धता पुन: पुष्टि गर्दै, सार्वजनिक स्वास्थ्य संरक्षण गर्न र खासगरी सवैकालागि औषधि उपरको पहुंच

---

[८] विश्व स्वास्थ्य संगठनका अनुसार, सान्त्वनादायक/शामक स्याहार भन्नाले पीडा र रोगका अन्य लक्षणहरू नियन्त्रण गरेर र रोगी तथा उनीहरूका परिवारहरूलाई मनोवैज्ञानिक, सामाजिक र आध्यातमिक सहयोग गरेर गरिने निदानात्मक उपचार हुन नसक्ने रोगीको सक्रिय पूर्ण स्याहार सम्झनु पर्छ ।

प्रवर्द्धन गर्ने सरकारको अधिकारको पृष्टपोषक हुने गरी सो सम्झौताको व्याख्या गरी कार्यान्वयन गर्न सकिन्छ र त्यसरी व्याख्या गरी कार्यान्वयन गर्नुपर्छ भन्ने कुरा हामी पुनः पुष्टि गर्दछौं ।

७३. स्वास्थ्य स्याहारका मापदण्डहरू तय गरी सुपरीवेक्षण गर्ने र सबै उमेरका व्यक्तिहरूलाई स्वास्थ्य स्याहार सेवा उपलब्ध गराउने प्रमुख उत्तरदायित्व सरकारको हो । सरकारहरू, गैर-सरकारी तथा समुदायमा आधारित संगठनहरू तथा निजी क्षेत्र बीचको साझेदारीले वृद्ध व्यक्तिहरूको सेवा तथा स्याहारमा मूल्यवान योगदान दिन्छ । तथापि, परिवार तथा समुदायहरूबाट उपलब्ध गराईएको सेवा एउटा प्रभावकारी सार्वजनिक स्वास्थ्य प्रणालीको विकल्प हुन सक्दैन भन्ने कुरा स्वीकार गर्न जरुरी छ ।

## ७४. उद्देश्य १: वृद्ध व्यक्तिहरुको स्वास्थ्य स्याहार सेवाहरुमा विश्वव्यापी र समान पहुंच सुनिश्चित गर्न उमेर, लिंग वा भाषागत अवरोध लगायतका अन्य कुनै पनि कुरामा आधारित सामाजिक र आर्थिक असमानता हटाउने ।

### कृयाकलापहरु:

(क) वृद्ध व्यक्तिहरूलाई स्वास्थ्य तथा पुनर्स्थापना सम्बन्धी स्रोतहरूको समान वितरण सुनिश्चित गर्न र, खासगरी, गरिव वृद्ध व्यक्तिको यी स्रोतहरू उपरको पहुंच वृद्धी गर्न तथा ग्रामीण र दुर्गम क्षेत्रहरू जस्ता न्यून सुविधा उपलब्ध क्षेत्रहरूमा यी स्रोतहरूको वितरण एवं अत्यावश्यक औषधि तथा अन्य उपचारात्मक उपायहरू उपरको धान्न सकिने पहुंच समेत प्रवर्द्धन गर्न उपायहरू ग्रहण गर्ने,

(ख) अन्य कुराका अतिरिक्त, उपभोक्ता शुल्कमा कटौती गरेर वा त्यस्तो शुल्क उन्मूलन गरेर, बीमा योजनाहरूको तथा अन्य वित्तीय सहयोग सम्बन्धी उपायहरूको व्यवस्था गरेर, गरिव वृद्ध व्यक्तिहरू तथा ग्रामीण वा दुर्गम क्षेत्रहरूमा वसोवास गर्ने व्यक्तिहरूका लागि स्याहार सेवाहरूमा समान पहुंच प्रवर्द्धन गर्ने,

(ग) अत्यावश्यक तथा अन्य उपचारात्मक उपायहरूमा धान्न सकिने पहुंच प्रवर्द्धन गर्ने,

(घ) स्वास्थ्य तथा पुनर्स्थापना सेवाहरूको प्रभावकारी उपयोग तथा छनौटमा वृद्ध व्यक्तिहरूलाई शिक्षित र सवल बनाउने,

(ङ) उमेरमा आधारित भेदभाव वा अन्य कुनै पनि किसिमका भेदभाव वेगर प्राथमिक स्वास्थ्य स्याहार सुविधामा वृद्ध व्यक्तिहरूको पहुंच सुनिश्चित गर्ने अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्ने,

(च) प्राथमिक स्वास्थ्य स्याहार सुविधामा वृद्ध व्यक्तिहरूको पहुंच सुदृढ गर्ने र स्वास्थ्य स्याहार सुविधाका सम्बन्धमा उमेरमा आधारित भेदभाव तथा अन्य कुनै पनि किसिमका भेदभाव उन्मूलन गर्न कदमहरू चाल्ने,

(छ) ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य स्याहार सुविधा उपरको पहुंचमा भौगोलिक तथा स्रोत सम्बन्धी सीमाहरू कम गर्न उपलब्ध भएकोमा दूर-औषधि तथा दूर-शिक्षा/सिकाई जस्ता प्रविधिको उपयोग गर्ने ।

## ७५. उद्देश्य २ : वृद्ध व्यक्तिका आवश्यकताहरु पूरा गर्न प्राथमिक स्वास्थ्य स्याहार सेवाहरुको विकास र सुदृढीकरण गर्ने तथा उनीहरुलाई प्रकृयामा समावेश गर्ने कार्यलाई प्रोत्साहन दिने

### कृयाकलापहरु:

(क) प्राथमिक स्वास्थ्य स्याहार सेवाहरूमा विश्वव्यापी तथा समान पहुंच उपलब्ध गराउन उपायहरू अपनाउने र वृद्ध व्यक्तिहरूका लागि सामुदायिक स्वास्थ्य कार्यक्रमहरू स्थापित गर्ने,

(ख) वृद्ध व्यक्तिहरूलाई स्वास्थ्य सहयोगी सेवाहरू उपलब्ध गराउन स्थानीय समुदायहरूलाई समर्थन गर्ने,

(ग) उपयुक्त तथा फलदायी भएको अवस्थामा, प्राथमिक स्वास्थ्य स्याहार कार्यक्रमहरूमा परम्परागत औषधि समावेश गर्ने,

(घ) आधारभूत gerontology तथा geriatrics का सम्वन्धमा प्राथमिक स्वास्थ्य स्याहार कार्यकर्ताहरू तथा सामाजिक कार्यकर्ताहरूलाई तालीम दिने,

(ङ) विकासोन्मुख देशहरूमा खासगरी वृद्ध व्यक्तिहरूलाई सताउने रोगहरूको व्यहोर्न सकिने मूल्यमा उपलब्ध गराउन सकिने उपचार पत्ता लगाउने उद्देश्यका अनुसन्धानमा लगानी गर्न व्यापारिक व्यवसायहरू खासगरी औषधि व्यवसायहरूलाई परिचालन गर्न, सवै तहहरूमा गरिने प्रवन्ध तथा सुविधाहरूलाई प्रोत्साहन दिने र स्वास्थ्य सम्बन्धी अनुसन्धानको क्षेत्रमा सार्वजनिक र निजी क्षेत्र बीचको साझेदारीमा सुधार ल्याउने तर्फ विचार गर्न विश्व स्वास्थ्य संगठनलाई आमन्त्रण गर्ने ।

## ७६. उद्देश्य ३ : वृद्ध व्यक्तिका आवश्यकताहरु पूरा गर्न निरन्तर स्वास्थ्य स्याहार सुविधाको विकास गर्ने

कृयाकलापहरु :

(क) वृद्ध व्यक्तिहरूका लागि स्वास्थ्य स्याहार तथा पुनर्स्थापनका उपयुक्त मापदण्डहरू स्थापित गर्न उपयुक्त तहहरूमा नियमनकारी संयन्त्रहरूको विकास गर्ने,

(ख) स्थानीय तहमा आधारित स्वास्थ्य कार्यक्रमहरूको योजना, कार्यान्वयन र मूल्यांकनका लागि प्रणालीगत आवश्यकता निर्धारण आधाररेखा निश्चित गर्ने सामुदायिक विकास रणनीतिहरू कार्यान्वयन गर्ने । प्रस्तुत आधाररेखामा वृद्ध व्यक्तिहरूले दिएका योगदान समाविष्ट हुनुपर्छ,

(ग) प्राथमिक स्वास्थ्य स्याहार, दीर्घकालीन स्याहार तथा सामाजिक सेवाहरू र अन्य सामुदायिक सेवाहरूको समन्वयमा सुधार ल्याउने,

(घ) सान्त्वनादायक[९] स्याहारको व्यवस्था तथा यसको वृहत स्वास्थ्य स्याहार सेवाहरूमा यसलाई एकीकृत गर्न कार्यमा सहयोग गर्ने । यस उद्देश्यका लागि तालीम तथा सन्त्वनादायक स्याहार सम्बन्धी मापदण्डहरू विकास गरी सान्त्वनादायक स्याहार सुविधा उपलब्ध गराउने सवैका लागि वहुविषयगत उपागमहरू (Approches) लाई प्रोत्साहित गर्ने,

(ङ) निवारक तथा प्रवर्द्धनात्मक स्याहार सेवा लगायतका स्याहार सेवा, प्राथमिक स्याहारतीक्ष्ण/सुक्ष्म स्याहार, पुनर्स्थापना, दीर्घकालीन र सान्त्वनादायक स्याहारको निरन्तरतामा सेवाका पूर्ण तहहरूको स्थापना र सोको समन्वय प्रवर्द्धन गर्ने ताकी वृद्ध व्यक्तिहरूका परिवर्तनशील (variable) तथा परिवर्तित स्वास्थ्य आवश्यकताहरू पूरा गर्न स्रोतहरूलाई लचीलो ढंगले उपयोग गर्न सकियोस्,

(च) वृद्धावस्था सम्बन्धी विशिष्टिकृत सेवाहरूको विकास गर्न तथा उनीहरूका कृयाकलापहरूको प्राथमिक स्वास्थ्य स्याहार तथा सामाजिक स्याहार सेवाहरूसंगको समन्वयमा सुधार गर्ने ।

---

९ विश्व स्वास्थ्य संगठनका अनुसार, सान्त्वनादायक/शामक स्याहार भन्नाले पीडा र रोगका अन्य लक्षणहरू नियन्त्रण गरेर र रोगी तथा उनीहरूका परिवारहरूलाई मनोवैज्ञानिक, सामाजिक र आध्यातमिक सहयोग गरेर गरिने निदानात्मक उपचार हुन नसक्ने रोगीको सक्रिय पूर्ण स्याहार सम्झनु पर्छ ।

७७. उद्देश्य ४: प्राथमिक तथा दीर्घकालिन स्याहार सेवाहरुको विकास र सुदृढीकरणमा वृद्ध व्यक्तिहरुलाई संलग्न गराउने

कृयाकलापहरु:

(क) सामाजिक तथा स्वास्थ्य स्याहार र पुनर्स्थापना कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र मूल्याकंनमा वृद्ध व्यक्तिहरूलाई समावेश गर्ने,

(ख) आफ्नै स्याहारसंग सम्वन्धित निर्णय निर्माणमा वृद्ध व्यक्तिहरूलाई पूर्ण रुपमा संलग्न लगाउन स्वास्थ्य तथा सामाजिक स्याहार सेवा प्रदायकहरूलाई प्रोत्साहित गर्ने,

(ग) वृद्ध व्यक्तिहरूलाई स्व-स्याहार गर्न प्रवर्द्धन गर्ने र स्वास्थ्य तथा सामाजिक सेवाहरूमा उनीहरूको दृढता तथा क्षमतालाई अधिकाधिक बनाउने,

(घ) स्वास्थ्य नीति तय गर्दा वृद्ध व्यक्तिका आवश्यकता र धारणाहरूलाई एकीकृत गर्ने ।

## विषय ३ : वृद्ध व्यक्तिहरु र एचआईभी/एडस्

७८. वृद्ध व्यक्तिहरूमा एच.आई.भी./एडसको निदान गर्न कठीन हुन्छ किनभने संक्रमणका लक्षणहरू वृद्ध व्यक्तिहरूमा देखापर्ने अन्य रोग प्रतिरोधात्मक क्षमताको कमीका लक्षणहरूसग दिग्भ्रमित हुन सक्छन् । सार्वजनिक शिक्षा/सूचना अभियानहरूले मूलत: वृद्ध व्यक्तिहरूलाई सम्वोधन नगर्ने हुनाले उनीहरू एच.आई.भी. संक्रमणको वढ्दो जोखिममा पर्न सक्छन् । अत: उनीहरूले आफूलाई कसरी संरक्षण गर्ने भन्ने सम्वन्धी शिक्षावाट फाईदा लिदैनन् ।

७९. उद्देश्य १ : संक्रमित वृद्ध व्यक्तिहरु तथा परिवारका संक्रमित वा जीवित सदस्यहरुलाई स्याहार गर्ने व्यक्तिहरु दुवैका लागि वृद्ध व्यक्तिहरुको स्वास्थ्यमा एचआईभी/एडस्को प्रभावको मूल्याकंनमा सुधार ल्याउने ।

कृयाकलापहरु :

(क) वृद्ध व्यक्तिहरूमा पर्ने एच.आई.भी./एड्स संक्रमणको सीमा/तहको मूल्याकंन गर्न उपयोग गर्ने एच.आई.भी./एड्स सम्वन्धी तथ्याकंको संग्रहण/संकलन सुनिश्चित र विस्तार गर्ने,

(ख) स्याहार सुसार गर्ने वृद्ध व्यक्तिहरूको स्वास्थ्य स्थिति र आवश्यकता सम्वन्धी संख्यात्मक र गूणात्मक दूवै किसिमका तथ्याकं संकलन लगायत

एच.आई.भी./एड्स रोगीको स्याहार सुसार गर्ने वृद्ध व्यक्तिहरूलाई विशेष ध्यान दिने ।

८०. उद्देश्य २: एचआईभी/एड्स लागेका वृद्ध व्यक्तिहरु तथा उनीहरुलाई स्याहार गर्ने व्यक्तिहरुलाई स्याहार सुसार गर्ने सीप, उपचार, मेडिकल उपचार र सामाजिक सहयोगका सम्बन्धमा पर्याप्त सूचना, तालीम उपलब्ध गराउने ।

कृयाकलापहरु :

(क) स्थानीय महामारी प्रतिविम्वित गर्ने सार्वजनिक स्वास्थ्य तथा निवारक रणनीतिहरूको उपयुक्तता अनुसार पुनरावलोकन गर्ने । सामान्य जनसंख्यालाई दिइने एच.आई.भी./एडस्‌को रोकथाम र जोखिम सम्वन्धी जानकारीले वृद्ध व्यक्तिका आवश्यकताहरू पूरा गर्नु पर्छ ।

(ख) स्याहार सुसार गर्ने वृद्ध व्यक्तिहरूको स्वास्थ्य र कुशलतामा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्दै त्यस्ता व्यक्तिहरूलाई प्रभावकारी स्याहार सुसार उपलब्ध गराउन सघाउन उनीहरूलाई तालीम दिने ।

(ग) एडसको उपचार गर्ने र तत्सम्वन्धमा सहयोग उपलब्ध गराउने रणनीतिहरूले एच.आई.भी./एडसवाट संक्रमित वृद्ध व्यक्तिका आवश्यकताहरूलाई स्वीकार गर्नुपर्छ ।

८१. उद्देश्य ३ : दीर्घ रोग लागेका वालवालिकाको स्याहार सुसार गर्ने व्यक्तिको भूमिका तथा संरक्षकको भूमिका निर्वाह गरी वृद्ध व्यक्तिहरुले विकासमा पुऱ्याउने योगदानलाई अभिवृद्धि गर्ने र मान्यता दिने ।

कृयाकलापहरु :

(क) एच.आई.भी./एड्स सम्वन्धी प्रतिवद्धताको घोषणा[१०] मा स्वीकार गरिए अनुसार वृद्ध व्यक्तिहरू खासगरी स्याहार सुसार गर्ने भूमिका निर्वाह गर्दा उनीहरूमा पर्ने एच.आई.भी./एडस्‌को आर्थिक प्रभावको पुनरावलोकन गर्ने,

(ख) सहस्राव्दी घोषणापत्र[११] अनुसार वालवालिका तथा नातिनातिनाका आवश्यकताहरू पूरा गर्न स्याहार सुसार गर्ने वृद्ध व्यक्तिहरूलाई सहयोग

१० साधारण सभाको प्रस्ताव एस्- २६/२, अनुसूची ।
११ साधारण सभाको प्रस्ताव ५५/२ ।

गर्न उनीहरूलाई जिन्सी सहयोग, स्वास्थ्य स्याहार सेवा तथा ऋण उपलब्ध गराउने नीति लागू गर्ने,

(ग) एच.आई.भी. / एड्स्को क्षेत्रमा वालवालिका, युवा तथा वृद्ध व्यक्तिहरूसंग काम गर्ने सरकारी निकायहरू तथा गैर-सरकारी संगठनहरू बीच सहयोग संवर्धन गर्ने,

(घ) सवै देशहरू, खासगरी एच.आई.भी. / एड्सवाट गंभीर रुपमा प्रभावित देशहरूमा आर्थिक तथा सामाजिक विकासमा वृद्ध व्यक्तिहरूले दिने योगदानलाई राम्रोसंग वोध गरी महत्व दिन अध्ययन, अनुसन्धानहरूको विस्तार प्रवर्द्धन गर्ने, र अध्ययनवाट प्राप्त ठहरहरूको प्रचार प्रसार यथाशक्य व्यापक रुपमा गर्ने ।

## विषय ४: स्याहार सुसार गर्ने व्यक्तिहरु तथा स्वास्थ्य व्यवसायीहरुको तालीम

८२. वृद्ध व्यक्तिहरूसंग काम गर्ने सवै स्वास्थ्य व्यवसायीहरूलाई वृदत्व भैषज (Geriatrics) तथा वृदत्वशास्त्र (Gerontology) को क्षेत्रमा शैक्षिक अवसरहरू विस्तार गर्ने तथा सामाजिक सेवाको क्षेत्रमा संलग्न व्यवसायीहरूकालागि स्वास्थ्य तथा वृद्ध व्यक्तिहरू सम्वन्धी शैक्षिक कार्यक्रमहरू विस्तार गर्नुपर्ने अती जरुरी विश्वव्यापी आवश्यकता छ ।

### ८३. उद्देश्य १: स्वास्थ्य व्यवसायीहरु तथा अर्ध व्यवसायीहरुलाई वृद्ध व्यक्तिका आवश्यकताका सम्बन्धमा संवृद्ध जानकारी/सूचना र तालीम उपलब्ध गराउने ।

कृयाकलापहरु :

(क) वृदत्व भैषज (Geriatrics) तथा वृदत्वशास्त्र (Gerontology) लगायत वृद्ध व्यक्तिहरूको लागि आवश्यक सेवा तथा स्याहार सुसारका सम्वन्धमा स्वास्थ्य व्यवसायीहरू, सामाजिक स्याहार व्यवसायीहरू तथा अनौपचारिक स्याहार सुसार उपलब्ध गराउने व्यक्तिहरूकालागि शैक्षिक र तालीम कार्यक्रमहरू प्रारम्भ गरी त्यस्ता कार्यक्रमहरूलाई प्रवर्द्धन गर्ने, र यी प्रयत्नहरूमा सवै देशहरू खासगरी विकासोन्मुख देशहरूलाई सहयोग गर्ने,

(ख) वृद्ध व्यक्तिहरूको स्वास्थ्य, कुशलता र स्याहारको एवं वृद्धवस्थाका सामाजिक र मनौवैज्ञानिक एकीकृत उपागमको उद्देश्यले स्वास्थ्य स्याहार र सामाजिक

हेरविचार व्यवसायीहरूलाई अविच्छिन्न शैक्षिक कार्यक्रमहरू उपलब्ध गराउने,

(ग) अन्य कुराका अतिरिक्त, वृदत्व भैषज (Geriatrics) तथा वृद्धत्वशास्त्र (Gerontology) मा विद्यार्थीहरूको भर्ना बढाउने विशेष प्रयत्नहरूको माध्यमबाट वृदत्व भैषज तथा वृदत्वशास्त्रमा पेसागत शिक्षा विस्तार गर्ने ।

## विषय ५ : वृद्ध व्यक्तिहरुका मानसिक स्वास्थ्यसंग सम्बन्धित आवश्यकताहरु

८४. विश्वव्यापी रुपमै, मानसिक स्वास्थ्य सम्वन्धी समस्याहरू अशक्तताको र जीवनको गूणस्तरमा अवनतिका प्रमुख कारक तत्व हुन् । मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरू स्पष्टतः वृद्ध हुँदै जांदा उत्पन्न हुने अवसंभावी परिणति होइनन् वरु जनसंख्याको वृद्धावस्थाको कारणले मानसिक रोग लागेका वृद्ध व्यक्तिको संख्यामा उल्लेखनीय वृद्धी हुने अपेक्षा गर्न सकिन्छ । विभिन्न क्षति र जीवन परिवर्तनहरूले प्रायः मानसिक स्वास्थ्य अवस्थाहरूको विन्यास तर्फ लैजान्छन्, र ती अव्यवस्थाहरूको राम्रोसंग निदान नभएमा त्यस्ता अव्यवस्थाहरूले अनुपयुक्त उपचार वा उपचार हिनता र वा स्वस्थ्य केन्द्रहरूको अनावश्यक संस्थानीकरण तर्फ धकेल्छन् ।

८५. यस्ता रोगहरूको सामना गर्ने रणनीतिहरूमा औषधि सेवन, मनोवैज्ञानिक समर्थन, ज्ञानमूलक तालीम कार्यक्रमहरू, परिवारका सदस्यहरूको स्याहार सुसार गर्ने व्यक्तिहरू तथा स्याहार सुसार गर्ने कर्मचारिहरूलाई तालीम र स्याहारका विशिष्टिकृत संरचनाहरू समेत समाविष्ट हुन्छन् ।

### ८६. उद्देश्य १ : निवारण देखि अविलम्ब हस्तक्षेप सम्मका वृद्ध मानसिक स्वास्थ्य स्याहार सेवाहरुको विकास गर्ने उपचारात्मक सेवाहरु उपलब्ध गराउने र वृद्ध व्यक्तिहरुमा मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरुको व्यवस्थापन गर्ने ।

### कृयाकलापहरु :

(क) निदानात्मक कार्यविधिहरू, उपयुक्त औषधिय र मनोवैज्ञानिक चिकित्सा, व्यवसायी तथा अनौपचारिक स्याहार सुसार गर्ने व्यक्तिहरूका लागि शिक्षा लगायत वुढेसकालमा हुने मानसिक विमारको समयमै पहिचान तथा उपचारमा सुधार गर्ने लक्ष्य लिएका राष्ट्रिय तथा स्थानीय रणनीतिहरू विकास गरी कार्यान्वयन गर्ने,

(ख) वृद्ध व्यक्तिहरूमा स्मरण शक्ति क्षीण हुने अवस्था (Alzheimer) र सम्बद्ध विसन्चोहरूको शुरुकै अवस्थामा गुणस्तरीय मूल्याकंन र निदानको तह वृद्धी गर्न उपयुक्ततानुसार प्रभावकारी रणनीतिहरू विकास गर्ने, रोगी, स्वास्थ्य व्यवसायी तथा स्याहार सुसार गर्ने व्यक्तिहरूका आवश्यकता पूरा गर्ने गरी वहुविषयगत आधारमा यी विसन्चोहरू सम्वन्धी अनुसन्धान गर्नु पर्छ।

(ग) मानसिक उत्तेजनाका अन्य स्रोतहरूको कारणले मस्तिष्क रोग तथा मानसिक विमार लागेका व्यक्तिहरूलाई जतिसक्यो लामो अवधिसम्म घरमै वस्न र आफ्ना स्वास्थ्य सम्वन्धी आवश्यकताहरू प्रति उत्तरदायी हुन सहयोग गर्न कार्यक्रमहरू उपलब्ध गराउने,

(घ) रोगी, परिवार तथा स्याहार सुसार गर्ने अन्य व्यक्तिहरूलाई स्व-सहयोग समर्थन गर्ने र विश्राम स्याहार सुविधा उपलब्ध गराउने कार्यक्रमहरूको विकास गर्ने,

(ङ) अस्पतालबाट घर फर्काइएका रोगीहरूको पुनः एकीकरणमा सहयोग पुऱ्याउने मनोवैज्ञानिक उपचार सम्वन्धी कार्यक्रमहरूको विकास गर्ने,

(च) अनावश्यक संस्थानीकरण रोक्न समुदायमा सेवाको वृहत अविच्छिन्नताको विकास गर्ने,

(छ) मानसिक विसन्चोबाट पीडित वृद्ध व्यक्तिका आवश्यकताहरू पूरा गर्न सुरक्षा तथा उपचार प्रदान गर्ने र व्यक्तिगत मर्यादा प्रवर्द्धन गर्ने सेवा तथा सुविधाहरू स्थापित गर्ने,

(ज) मानसिक रोगका लक्षण, उपचार, परिणाम र अग्र सूचना/लक्षणका वारेमा सार्वजनिक जानकारी प्रवर्द्धन गर्ने,

(झ) दीर्घकालिन स्याहार सुविधाहरू अन्तरगत रहेका वृद्ध व्यक्तिहरूलाई मानसिक स्वास्थ्य सेवाहरू उपलब्ध गराउने,

(ञ) सवै मानसिक विसन्चो र खिन्नताको पहिचान र मूल्याकंन/परीक्षणमा संलग्न स्वास्थ्य स्याहार व्यवसायीहरूलाई निरन्तर तालीम दिने।

## विषय ६ : वृद्ध व्यक्तिहरु र अपाङ्गता

८७. कमजोरी र अशक्तताका घटनाहरू उमेरसंगै वढ्दै जान्छन्। अन्य कुराका अतिरिक्त, औषत आयु तथा रोग ग्रहणशीलतामा लैंगिक विभिन्नता र जीवनावस्थाहरूमा लैंगिक असमानताको कारणले वृद्ध महिलाहरू खास गरी वृद्धावस्थामा अपाङ्गता हुने जोखिम वढी हुन्छ।

८८. प्रायशः अपाङ्गता व्यक्तिहरूका बारेमा रहेका नकारात्मक रुढीवद्दताहरूले कमजोरी तथा अपाङ्गताका प्रभावहरूलाई चर्काउंछन्, जसको फलस्वरुप उनीहरूको सक्षमताको न्यूनतर अपेक्षा हुन र उनीहरूलाई आफनो पूर्ण संभाव्यता प्राप्त गर्न विमुख गराउने सामाजिक नीतिहरूको तर्जुमा हुनसक्छ ।

८९. सबै वृद्ध व्यक्तिहरूलाई सहयोगी हुने खालका वातावरणहरू स्वाधिनता प्रवर्द्धन गर्न र अपाङ्ग वृद्ध व्यक्तिहरूलाई समाजका सबै पक्षहरूमा पूर्ण रुपमा सहभागी हुन सबल बनाउन अत्यावश्यक छन् । ज्ञानमूलक अपाङ्गता भएका व्यक्तिहरूको वृद्धावस्था एउटा त्यस्तो तत्व हो जसलाई योजना तर्जुमा र निर्णय निर्माण प्रकृयाहरूमा विचार गर्नै पर्छ ।

## ९०. उद्देश्य १ : जीवनावस्था भर अधिकतम कार्यगत क्षमताको बहाली र अपाङ्ग वृद्ध व्यक्तिहरुको पूर्ण सहभागिताको प्रवर्द्धन

कृयाकलापहरु :

(क) अपाङ्गताका क्षेत्रमा कार्य गर्ने राष्ट्रिय नीति तथा कार्यक्रम समन्वय गर्ने निकायहरूका कार्यसूचीहरूमा अपाङ्ग व्यक्तिहरूसंग सम्बन्धित समस्याहरू उपर ध्यान दिने विषय समेत समाविष्ट भएको कुरा सुनिश्चित गर्ने,

(ख) स्वास्थ्य, वातावरणीय र सामाजिक तत्वहरूलाई मध्यनजर राख्दै अपाङ्गताको उपचार र रोकथामका लागि उपयुक्ततानुसार लैंगिक तथा उमेर संवेदनशील राष्ट्रिय र स्थानीय नीति, कानून, योजना तथा कार्यक्रमहरूको निर्माण तथा विकास गर्ने,

(ग) अपाङ्गता भएका वृद्ध व्यक्तिहरूलाई शारीरिक तथा मानसिक पुनर्स्थापना सम्वन्धी सेवाहरू उपलब्ध गराउने,

(घ) अपाङ्गताका कारणहरू सम्वन्धी शिक्षा र आजीवन त्यस्ता कारणको रोकथाम वा व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने बारेमा जानकारी उपलब्ध गराउन समुदायमा आधारित कार्यक्रमहरूको विकास गर्ने,

(ङ) अपाङ्गताको आक्रमण वा निकृष्टता रोक्न सघाउ पुऱ्याउन उमेर मैत्रीपूर्ण मापदण्ड तथा वातावरणहरू सिर्जना गर्ने,

(च) आत्मनिर्भरताका व्यवधानहरू कम गर्ने, आत्मनिर्भरता प्रोत्साहित गर्ने र संभव भएमा सर्वसाधारण जनताले उपयोग गर्ने सर्वजनिक स्थल, यातायात तथा अन्य सेवाहरूका अतिरिक्त वाणिज्यिक परिसर र सेवाहरूलाई अपाङ्गता भएका वृद्ध व्यक्तिहरूको पहुंच भित्र बनाउने खालका आवास विकल्पहरू विकास गर्ने कार्यलाई प्रवर्द्धन गर्ने,

(छ) सेवा, समर्थन र समाजमा पूर्ण एकीकरणको आवश्यकता पूरा गराउन वृद्ध व्यक्तिहरूलाई पुनर्स्थापन र उपयुक्त स्याहार तथा सहयोगी प्रविधिहरूको व्यवस्थालाई प्रोत्साहित गर्ने,

(ज) सम्मिलन गरिएका अन्तर्राष्ट्रिय सम्झौताहरू लगायत लागू हुने अन्तर्राष्ट्रिय कानून अनुसार जनसंख्याका ज्यादै भेद्य वर्गहरू एवं कुनै भेदभाव वेगर औषधि वा चिकित्सकिय प्रविधिहरूमा सवैको पहुंच एवं पिछडिएका सुमहहरू लगायत सवैका लागि त्यस्ता औषधि वा प्राविधिहरू धान्न सकिने भएको कुरा प्रवर्द्धन गर्ने,

(झ) अपाङ्गता भएका वृद्ध व्यक्तिहरू र उनीहरूको हेरविचार गर्ने व्यक्तिहरूका स्वयंसेवी संगठनहरूको स्थापनालाई प्रोत्साहित गरी सहज बनाउने,

(ञ) अपाङ्गता भएका वृद्ध व्यक्तिहरू, जो कामयावी छन् र जसले तलबी वा स्वयंसेवामा काम गर्न सक्छन्, प्रति रोजगारदातालाई ग्रहणशील हुन प्रोत्साहित गर्ने ।

## ग. प्राथमिकताप्राप्त दिशा ३: सवल र सहयोगी वातावरण सुनिश्चित गर्ने

९१. सामाजिक विकासका लागि सवल वातावरणको प्रवर्द्धन सामाजिक विकास सम्वन्धी शिखर सम्मेलनमा स्वीकार गरिएका केन्द्रीय लक्ष्यहरू मध्येको एउटा लक्ष्य थियो । यसलाई साधारण सभाको सामाजिक विकास सम्वन्धी चौविसौं विशेष अधिवेशनमा नवीकरण र सुदृढ गरिएको थियो । सो प्रतिवद्धतामा देहायका समेत अत्यावश्यक कार्यसंरचनाका अवस्थाहरू समाविष्ट थिए: सहस्राव्दी घोषणापत्रमा स्थापित भए अनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सुशासन लगायत सहभागितामूलक, पारदर्शी र जवाफदेही राजनीतिक प्रणालीहरू, सवै मानव अधिकारहरू विश्वव्यापी, अविभाज्य, अन्तरनिर्भर र अन्तर-सम्वन्धित प्रकृतिका भएको कुराको मान्यता, सरकारी विकास सहायता र ऋण मोचनको माध्यमवाट विकासोन्मुख देशहरूलाई वढ्दो वाह्य सहयोग, वातावरणीय, आर्थिक र सामाजिक नीतिहरू बीच हुने महत्वपूर्ण अन्तरक्रयाको मान्यता, विकसित देशका बजारहरूमा विकासोन्मुख देशहरू र संक्रमणकालीन अर्थतन्त्र भएका देशहरूको सुधारिएको पहुंच र अन्तर्राष्ट्रिय वित्तीय उतार चढावको नकारात्मक प्रभावमा कमी । यी र सवल वातावरणका अन्य पक्षहरू तथा यिनीहरूले योगदान पुऱ्याउने आर्थिक वृद्धि र सामाजिक विकासको प्राप्तीले प्रस्तुत अन्तर्राष्ट्रिय कार्ययोजनामा मन्जुर गरिएका लक्ष्य र नीतिहरू हासिल गर्न संभव वनाउने छ ।

९२. सामाजिक विकासका लागि घरेलु र अन्तर्राष्ट्रिय स्रोतहरूको परिचालन वृद्घावस्था सम्वन्धी अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ को कार्यान्वयनका लागि एउटा अत्यावश्यक भाग/अवयव हो । सन् १९८२ देखि विद्यमान स्रोतहरूको प्रभावकारी र दक्ष उपयोग प्रवर्द्धन गर्ने दिशामा भएका सुधारहरूले वढ्दो ध्यान आकर्षण गरेका छन् । तथापि, अपर्याप्त राष्ट्रिय राजश्व उत्पादन र संकलन, जनसांख्यिक परिवर्तन र अन्य तत्वहरूबाट उत्पन्न सामाजिक सेवा र सामाजिक सुरक्षा प्रणालीहरू सम्वन्धी नयां नयां चुनौतिहरूसंग मिलेर धेरै देशहरूमा सामाजिक सेवा तथा सामाजिक सुरक्षा सम्वन्धी प्रणालीहरूमा गरिने आर्थिक लगानीमा प्रतिकूल प्रभाव पार्छन् । अधिकांश ऋणी विकासोन्मुख देशहरूले सामना गरेको वढ्दो ऋण भार धान्न सकिने खालको छैन र सो भारले जन-केन्द्रीत दीगो विकास र गरिवी निवारणमा प्रगति हासिल गर्न अवरोध पुऱ्याउने मुख्य वाधक तत्वहरू मध्येको एउटा तत्व हो भन्ने धारणाले वढ्दो समर्थन पाईरहेको पनि छ । धेरै विकासोन्मुख देशहरू एवं संक्रमणकालीन अर्थतन्त्र भएका देशहरूका लागि, अत्यधिक ऋण भारले सामाजिक विकास प्रवर्द्धन गर्ने र आधारभूत सेवाहरू उपलव्ध गराउने उनीहरूको क्षमतामा गंभीर अवरोध सिर्जना गरेको छ ।

९३. सहस्राव्दी घोषणापत्रमा उल्लिखित लक्ष्यहरू लगायत अन्तर्राष्ट्रिय रुपमा स्वीकृत विकास सम्वन्धी लक्ष्यहरू हासिल गर्न आवश्यक स्रोतहरूमा नाटकीय रुपमा कमी रहेको भनी गरिएका हालका अनुमानहरूलाई हामी सरोकार सहित उल्लेख गर्दछौं । सहस्राव्दी घोषणापत्रमा उल्लिखित लक्ष्यहरू लगायत अन्तर्राष्ट्रिय रुपमा स्वीकृत विकास सम्वन्धी लक्ष्यहरू हासिल गर्न विकसित र विकासोन्मुख देशहरू वीचको नयां साझेदारी आवश्यक पर्छ । हामीले सवै तहरूमा असल नीतिहरू, सुशासन र कानूनको शासन प्रति हाम्रो प्रतिवद्धता जाहेर गर्दछौं । साथै, घरेलु स्रोतहरूको परिचालन गर्न, अन्तर्राष्ट्रिय प्रवाह आकर्षित गर्न, अन्तर्राष्ट्रिय व्यापारलाई विकासको कलको रुपमा प्रवर्द्धन गर्न, विकास, दीगो ऋण व्यवस्था र वाहय ऋण मोचनका लागि अन्तर्राष्ट्रिय वित्तीय र प्राविधिक सहयोग वृद्धी गर्न, अन्तर्राष्ट्रिय मौद्रिक, वित्तीय र व्यापार प्रणालीहरूको समरुप तथा सामन्जस्यता अभिवृद्धि गर्न पनि हामी प्रतिवद्ध छौं ।

९४. महिला र पुरुष, वालवालिका, युवा तथा वृद्ध व्यक्तिहरू सवैका लागि ग्रहणशील, संयोजनशील समाजहरूको सिर्जना गर्ने नीति तथा कार्यक्रमहरू सुदृढ गर्ने प्रतिवद्धता पनि अत्यावश्यक छन् । वृद्ध व्यक्तिहरूका परिस्थितिहरू जेसुकै भएतापनि, आ-आफ्ना सक्षमता अभिवृद्धि गर्ने वातावरणमा रहन वस्न पाउने अधिकार सवै व्यक्तिहरूलाई छ । केही वृद्ध व्यक्तिहरूका लागि उच्च तहको भौतिक समर्थन र स्याहार आवश्यक पर्ने भएतापनि वहुमत चांही स्वेच्छिक

कृयाकलापहरूको माध्यमबाट समेत सक्रिय र उत्पादनशील रहिरहन चाहन्छन् र त्यसकालागि सक्षम पनि छन् । वृद्ध व्यक्तिहरूलाई सशक्त बनाउने र उनीहरूको समाज प्रतिको योगदानलाई समर्थन गर्ने खालका नीतिहरूको आवश्यकता छ । यसमा स्वच्छ पानी र पर्याप्त आहार जस्ता आधारभूत सेवाहरूमा पहुंच समेत समाविष्ट हुन्छ । यसका लागि आजीवन विकास र स्वाधिनतालाई एकसाथ सवल बनाउने र पारस्परिकता र आन्तरनिर्भताका सिद्धान्तहरूमा आधारित सामाजिक संस्थाहरूलाई सहयोग गर्ने खालका नीतिहरू पनि आवश्यक हुन्छन् । नागरिक समाज र वृद्ध व्यक्तिहरू स्वयंलाई सहभागी गराउँदै यस्तो सवल वातावरण प्रवर्धन गर्ने नीतिहरूको तर्जुमा र कार्यान्वयन गर्न सरकारहरूले केन्द्रीय भूमिका खेल्नै पर्छ ।

## विषय १ : आवास तथा वातावरण

९५. आवास तथा आसपासको वातावरण (पर्यावरण) मूलत: वृद्ध व्यक्तिहरूका लागि महत्वपूर्ण हुन्छ । यस्तो वातावरणमा पहुंच तथा सुरक्षा, घरको मर्मत संभार गर्ने आर्थिक भार तथा घरको महत्वपूर्ण भावनात्मक र मनोवैज्ञानिक सुरक्षा आदि जस्ता तत्वहरू पनि समाविष्ट छन् । असल आवासले सुस्वास्थ्य र कल्याण अभिवृद्धि गर्न सक्छ भन्ने कुरा स्वीकार गरिएको छ । संभव भएसम्म आफू कहाँ वस्ने हो सोको पर्याप्त छनौट गर्न पाउने अवसर वृद्ध व्यक्तिलाई उपलब्ध गराउनु पनि उत्तिकै महत्वपूर्ण छ । यो तत्वलाई नीति तथा कार्यक्रमहरूमा समाविष्ट गर्नुपर्ने आवश्यकता छ ।

९६. विकासोन्मुख देशहरू र संक्रमणकालीन अर्थतन्त्र भएका केही देशहरूमा निरन्तर शहरीकरणको पृष्ठभूमिमा जनसांख्यिक वृद्धावस्था तीव्र रुपमा उत्पन्न भईरहेको छ र शहरी क्षेत्रहरूमा वृद्ध हुंदै गएका व्यक्तिहरूको वढ्दो संख्यालाई धान्न सकिने आवास र सेवाहरूको आभाव छ । अर्कोतिर विस्तारित परिवारको परम्परागत वातावरणमा नभई ग्रामीण क्षेत्रहरूमा एकान्त (एकलास)मा वृद्ध हुदै गएका व्यक्तिहरूको संख्या अधिक छ । एक्लै छाडिएकाले, उनीहरू अक्सर गरेर पर्याप्त यातायात र समर्थन प्रणालीहरू विहिन हुन्छन् ।

९७. विकसित देशहरूमा, वृद्ध व्यक्तिहरूका लागि भौतिक वातावरण र पर्याप्त यातायात पनि वढ्दो सरोकारका विषय हुन पुगेका छन् । मूलत आफ्नै सवारी साधन भएका वयस्क परिवाहरूलाई दृष्टिगत गरी आवास सम्बन्धी विकासहरूको डिजाईन गरिन्छ । वृद्ध व्यक्तिहरू सार्वजनिक सवारीमा अधिक मात्रामा निर्भर हुने भएकाले ग्रामीण क्षेत्रहरूमा यातायात समस्यामूलक छ र ग्रामीण क्षेत्रहरूमा यातायात प्राय: अपर्याप्त छ । साथै, आ-आफ्ना वालवालिका घर छाडेर गएपछि

वा पति वा पत्निको मुत्यु भएपछि पनि केही वृद्ध व्यक्तिहरू घरमै वसिरहन सक्छन् तर उनीहरू घरको मर्मत संभार गर्न सक्षम हुने छैनन् ।

९८. उद्देश्य १ : वृद्ध व्यक्तिहरुका लागि व्यक्तिगत चाहना र धान्न सकिने आवास विकल्पहरुलाई मुनासिव ध्यान दिंदै समुदायमा “आफ्नै स्थानमा वृद्धावस्था” को प्रवर्द्धन गर्ने ।

कृयाकलापहरु :

(क) उमेर-एकीकृत समुदायहरूको विकास प्रवर्द्धन गर्ने,

(ख) वृद्ध व्यक्तिका परिवार तथा समुदायहरूमा उनीहरूको निरन्तर एकीकरणलाई समर्थन गर्ने वहुक्षेत्रगत प्रयत्नहरूको समन्वय गर्ने,

(ग) वहुसन्ततिगत समुदायहरूलाई समर्थन गर्न डिजाईन गरिएका यातायात, स्वास्थ्य, सरसफाई र सुरक्षा जस्ता स्थानीय पूर्वाधार संरचनाहरूमा गरिने लगानीलाई प्रोत्साहित गर्ने,

(घ) वस्तु र सेवाहरूमा वृद्ध व्यक्तिहरूको पहुंचलाई सहज बनाउने खालका नीतिहरू लागू गर्ने र तत्सम्बन्धी पहलहरूलाई समर्थन गर्ने,

(ङ) वृद्ध व्यक्तिहरूका लागि सार्वजनिक आवासको समन्यायिक वितरण/वांडफांड प्रवर्द्धन गर्ने,

(च) वसोवासका प्रवन्धहरू, दीर्घकालिन स्याहार र सामाजिक अन्तरकृयाका अवसरहरूको एकीकरण सुनिश्चित गर्न व्यहोर्न सक्ने आवासलाई सामाजिक सहयोग सम्वन्धी सेवाहरूसंग आवद्ध गर्ने,

(छ) उमेर मैत्रीपूर्ण र पहुंचयोग्य आवास डिजाईनलाई प्रोत्साहित गर्ने र सार्वजनिक भवन र स्थलहरूमा सहज पहुंच सुनिश्चित गर्ने,

(ज) वृद्ध व्यक्तिहरू, उनीहरूका परिवार तथा स्याहार सुसार गर्ने व्यक्तिहरूलाई उपलब्ध आवास विकल्पका वारेमा सामयिक र प्रभावकारी जानकारी तथा परामर्श उपलब्ध गराउने,

(झ) वृद्ध व्यक्तिहरूलाई उपलब्ध आवासले उनीहरूको स्याहार र सांस्कृतिक आवश्यकताहरूलाई उपयुक्त ढंगले मध्यनजर राखेको कुरा सुनिश्चित गर्ने,

(ञ) वृद्ध व्यक्तिहरूलाई आवास विकल्पहरूको वढ्दो निरन्तरता प्रवर्द्धन गर्ने ।

९९. वृद्ध व्यक्तिहरु खासगरी अपाङ्गता भएका वृद्ध व्यक्तिहरुका आवश्यकताहरुलाई मध्यनजर राखी स्वतन्त्र बसाई प्रवर्द्धन गर्ने आवास र वातावरणीय डिजाईनमा सुधार ल्याउने ।

कृयाकलापहरु :

(क) आवतजावत र पहुंचका लागि नयां शहरी स्थानहरू कुनै पनि व्यवधानबाट मुक्त रहेको सुनिश्चित गर्ने,

(ख) स्वतन्त्र बसाईमा सहयोग पुऱ्याउने गरी डिजाईन गरिएका प्रविधि र पुनर्स्थापना सम्बन्धी सेवाहरूको प्रयोग प्रवर्द्धन गर्ने,

(ग) आवास र सार्वजनिक स्थानको डिजाईन गरेर संयुक्त र वहु-सन्ततिगत सह- आवासका आवश्यकता पूरा गर्ने,

(घ) आफ्ना आवासहरूलाई आवतजावत र पहुंचका कुनै पनि व्यवधानबाट मुक्त राख्न वृद्ध व्यक्तिहरूलाई सहयोग गर्ने ।

१००. उद्देश्य ३: वृद्ध व्यक्तिहरुका लागि पहुंचयोग्य र धान्न सकिने यातायातको उपलब्धतामा सुधार ल्याउने

कृयाकलापहरु :

(क) ग्रामीण र शहरी क्षेत्रहरूमा दक्ष सार्वजनिक यातायात सेवाहरूको उपलब्धतामा सुधार ल्याउने,

(ख) शहरी क्षेत्रहरूमा, छिमेकमा आधारित व्यवसाय र सेवाहरू जस्ता यातायातका सार्वजनिक र निजी दुवैका वैकल्पिक विधि(ढांचा)हरूको वृद्धिलाई सुगम बनाउने,

(ग) वृद्ध चालकहरूको तालीम र मूल्यांकन, सुरक्षित सडक मार्गहरूको डिजाईन, र वृद्ध व्यक्तिहरू तथा अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकताहरूलाई ध्यान दिने नयां किसिमका सवारी साधनहरूको विकासलाई प्रोत्साहित गर्ने ।

## विषय २ : स्याहार गर्ने व्यक्तिहरुको हेरविचार र सहयोग

१०१. वृद्ध व्यक्तिहरूबाट वा उनीहरूका लागि, स्याहारको आवश्यकता भएका व्यक्तिहरूलाई स्याहार उपलब्ध गराउने काम अधिकांशत परिवार वा समुदायबाट गरिन्छ, खासगरी विकासोन्मुख देशहरूमा । एच.आइ.भी./ एड्सबाट प्रभावित

व्यक्तिहरूको हेरविचार, समर्थन र उपचारमा परवार र समुदायहरूले पनि मुख्य भूमिका खेल्छन् । स्याहार सुसार गर्ने व्यक्तिहरू वृद्ध भए उनीहरूलाई सहयोग गर्ने व्यवस्थाहरू गर्नु पर्छ । साथै, उनीहरूलाईनै स्याहार सुसार गर्नु पर्ने भएमा, उपचार, स्याहार र सहयोगी सेवाहरूको प्रभावकारी आपूर्तिका लागि अपरिहार्य मानव स्रोत र स्वास्थ्य तथा सामाजिक पूर्वाधार संरचना स्थापित र सुदृढ गर्न आवश्यक छ । स्याहार सुसार आवश्यक भएका जनसंख्याको अनुपान वृद्धी हुंदै जांदा स्याहार सुसार सम्बन्धी प्रणालीलाई सार्वजनिक नीतिहरूबाट सुदृढ र पृष्ठपोषित गरिनु पर्छ ।

१०२. सु-विकसित औपचारिक स्याहार सुसार सम्बन्धी नीतिहरू अवलम्वन गरेका देशहरूमा पनि, अन्तर-सन्ततिगत सम्बन्ध र पारस्परिकताले अधिकांश हेरविचार अझैपनि अनौपचारिक भएको सुनिश्चित गर्छ । अनौपचारिक स्याहार सुसारमा परिपूरक चरित्र हुन्छ र यसले व्यवसायिक स्याहार सुसारलाई विस्थापित गर्दैन । आफ्नै समुदायमा वुढो हुने कुरा सवै देशहरूमा एउटा आदर्श हो । तथापि, धेरै देशहरूमा स्याहार सुसार गर्नेलाई पारितोषिक नदिई गरिने पारिवारिक स्याहार सुसारले नयां आर्थिक र सामाजिक तनाव सिर्जना गरिरहेको छ । महिलाहरू, खासगरी अनौपचारिक स्याहार सुसार गरिरहेका अधिकांश महिलाहरूलाई पारितोषिक दिनु पर्छ भन्ने कुरा हाल आएर स्वीकार गरिएको छ । श्रम बजारमा सामेल नभएको, परित्याग गरिएको पदोन्नती तथा न्यूनतर आयको कारणले गर्दा महिला सुसारेहरूले न्यून निवृत्तिभरण भत्ताका आर्थिक दण्ड भोग्छन् । साथै, उनीहरूले काम र घरायसी दायित्व वीच सन्तुलन ल्याउनु पर्ने वाध्यतावाट उत्पन्न दवावको शारिरीक र भावनात्मक मूल्य पनि चुकाउनु पर्छ । यो अवस्था वालवालिका तथा वृद्ध व्यक्तिहरू दुवैको स्याहार सुसार गर्ने जिम्मेवारी भएका महिलाहरूका लागि खासै चूनौतिपूर्ण छ ।

१०३. विश्वका धेरै भागहरू खासगरी अफ्रिकामा, एच.आइ.भी./एड्सको महामारीले कठीन परिस्थितिहरूमा वांचिरहेका वृद्ध व्यक्तिहरूलाई एच.आइ.भी./एड्स लागेका छोराछोरी तथा नातिनातिनाको र एड्सको कारणले टुहुरा भएका नातिनातिनाहरूको हेरविचार गर्ने अतिरिक्त वोझ लिन वाध्य गराएको छ । वयस्क वालवालिकाले आफ्ना वृद्ध वावु आमाको हेरविचार गर्ने कार्य बढी सामान्यीकृत हुंदै गएको समयमा, धेरै वृद्ध व्यक्तिहरू स्वयंले निर्वल/निर्धा वालवालिकाको हेरविचार गर्ने अनपेक्षित जिम्मेवारी वा नातिनातिनाहरूको एक मात्र मातापिता हुने जिम्मा पाउंछन् ।

१०४. विगत दुई दशकमा, सामुदायिक हेरविचार र आफ्नै ठाउंमा वृद्ध हुने कुरा सरकारका नीतिगत उद्देश्य भएका छन् । कहिले कांही, वित्तीय पक्ष नै सन्निहित

आधार हुन पुग्छ किनभने परिवारहरूले हेरविचारको ठुलो अंश आपूर्ति गर्छन भन्ने अनुमानमा आधारित भएर आवासीय हेरविचारमा भन्दा सामुदायिक हेरविचारमा कम खर्च लाग्ने अपेक्षा गरिएको छ। पर्याप्त सहायता बेगर पारिवारिक सुसारे उपर अत्यधिक बोझ पर्न सक्छ। त्यसका अतिरिक्त, औपचारिक हेरविचार प्रणालीहरूमा न्यून स्रोत र समन्वय भएको कारणले त्यस्ता प्रणालीहरूमा प्रायःजसो पर्याप्त क्षमताको कमी छ। फलतः आवासीय हेरविचार निर्वल वृद्ध व्यक्ति वा सुसारेको लागि इच्छाइएको विकल्प हुन सक्छ। समस्याहरूको यो दायरलाई मध्यनजर राख्दा, परिवार देखि संस्थागत सम्मका धान्न सकिने हेरविचारका विकल्पहरूको निरन्तरता वाञ्छनीय छ। अन्ततोगत्वा आफ्ना आवश्यकताहरूको मूल्यांकन गर्ने र सेवा आपूर्तिको सुपरीवेक्षण गर्ने कृयाकलापहरूमा वृद्ध व्यक्तिहरूको सहभागिता सबभन्दा बढी प्रभावकारी विकल्पको छनौटका लागि महत्वपूर्ण हुन्छ।

## १०९. उद्देश्य १: विभिन्न स्रोतहरुबाट वृद्ध व्यक्तिहरुलाई अनवरत हेरविचार सेवाहरु तथा सुसारेहरुलाई अनवरत समर्थन उपलब्ध गराउने

कृयाकलापहरु :

(क) समुदायमा आधारित हेरविचार र पारिवारिक हेरविचारका लागि समर्थन उपलब्ध गराउन कदम चाल्ने,

(ख) एक्लै बसेका व्यक्तिहरूको अस्पतालमा रहने र नर्सिंग होमको अवस्थिति संभावित विकल्पको रुपमा स्वतन्त्र रुपमा बस्न सक्ने क्षमता विस्तार गर्ने उद्देश्यले उनीहरूको हेरविचारको गुणस्तर तथा समुदायमा आधारित दीर्घकालिन हेरविचारमा पहुंच वृद्धि गर्ने,

(ग) तालीम, जानकारी, मनावैज्ञानिक, आर्थिक, सामाजिक र व्यवस्थापिकीय संयन्त्रहरूको माध्यमबाट सुसारेहरूलाई सहयोग गर्ने,

(घ) अनौपचारिक समर्थन/सहयोग उपलब्ध नभएको, गुमेको वा वान्छित नभएको अवस्थामा वृद्ध व्यक्तिहरूलाई सहायता उपलब्ध भएको सुनिश्चित गर्न कदम चाल्ने,

(ङ) पृथक पृथक संस्कृति र अवस्थितिहरूमा प्रचलित हेरविचार प्रणालीहरूका सम्बन्धमा गरिने तुलनात्मक अनुसन्धानलाई सहज बनाउने,

(च) ज्ञानवर्धक रुपमा अपाङ्गता भएका व्यक्तिहरूको हेरविचार गर्ने वृद्ध सुसारेहरूका विशेष आवश्यकताहरू पूरा गर्न रणनीतिहरू तयार गरी कार्यान्वयन गर्ने,

(छ) औपचारिक हेरविचार अवस्थितिहरूमा गुणस्तरीय हेरविचार सुनिश्चित गर्न मापदण्ड तथा संयन्त्रहरू स्थापित गरी लागू गर्ने,

(ज) विशेषतः वढ्दो संख्याका निर्वल वृद्ध व्यक्तिहरूलाई दीर्घकालिन सहयोग र सेवाहरूको उपलब्धता समेत, परिवार भित्रै वृद्ध व्यक्तिहरूको हेरविचार गर्ने परिवारहरूको सक्षमता अभिवृद्धी गर्ने उद्देश्यले औपचारिक तथा अनौपचारिक दुवै किसिमका सामाजिक सहयोग प्रणालीहरूको विकास गर्ने,

(झ) उपयुक्त उपायहरू अवलम्वन गरेर वृद्ध महिला तथा पुरुषको स्वनिर्भरता अभिवृद्धि गर्ने र गुणस्तरीय जीवन प्रवर्द्धन गर्ने तथा उनीहरूलाई संभव र वाञ्छित भएसम्म काम गर्न र आफ्नै समुदायहरूमा स्वतन्त्र रुपले रहन/वांच्न सक्षम बनाउने अवस्थाहरू सिर्जना गर्ने,

(ञ) कार्यमूखि र पारिवारिक जीवनको उत्तम मेलमिलापका लागि उपायहरू अपनाई महिला र पुरुष वीच हेरविचारको सम्बन्धी जिम्मेवारीहरूको समान वितरणलाई दृष्टिगत गरी समुदायमा आधारित हेरविचारको उपलब्धता/व्यवस्था र पारिवारिक हेरविचार समर्थन/सहयोग प्रवर्द्धन गर्ने ।

## १०६. उद्देश्य २: वृद्ध व्यक्तिहरु खासगरी वृद्ध महिलाहरुको हेर विचार गर्ने भूमिकालाई समर्थन गर्ने ।

### कृयाकलापहरु :

(क) वृद्ध सुसारेहरू तथा उनीहरूको हेरविचारमा रहेका परिवारहरू दुवैलाई विश्राम सेवाहरू, परामर्श र जानकारी लगायतका सामाजिक समर्थनको उपलब्धतालाई प्रोत्साहित गर्ने,

(ख) हेरविचार गर्ने काममा वृद्ध व्यक्तिहरू खासगरी वृद्ध महिलालाई कसरी सहयोग गर्न सकिन्छ भन्ने कुरा पहिचान गरी उनीहरूका विशेष सामाजिक, आर्थिक र मनोवैज्ञानिक आवश्यकतालाई सम्वोधन गर्ने,

(ग) आफ्ना नातिनातीना हुर्काउने काममा वुढा वावुआमाको सकारात्मक भूमिकालाई सवल बनाउने,

(घ) सेवा व्यवस्थापन योजनाहरूमा वृद्ध सुसारेहरूको बढ्दो संख्यालाई मध्यनजर राख्ने ।

## विषय ३ : उपेक्षा (अवज्ञ), दुर्व्यवहार (निन्दा) तथा हिंसा

१०७. वृद्ध व्यक्तिहरू प्रतिको उपेक्षा, दुर्व्यवहार तथा हिंसाका धेरै रुपहरू हुन्छन्- शारीरिक, मनोवैज्ञानिक, भावनात्मक, वित्तीय । हरेक सामाजिक, आर्थिक, जातीय र भौगोलिक वृत्त (क्षेत्र)मा त्यस्ता रुप देखा पर्छन् । वृद्ध हुँदै जाने प्रक्रियाले निको पार्ने क्षमतालाई पनि संगसंगै न्यून गर्दै जान्छ ताकि दुर्व्यवहारबाट पीडित वृद्ध व्यक्तिहरूले मर्मघातबाट कहिल्यै पनि शारीरिक वा भावनात्मक रुपमा मुक्ती पाउन सक्दैनन् । लज्जा र डरले सहायता खोज्ने काममा अरुची/अनिच्छा पैदा गर्ने हुनाले मर्माघातको प्रभाव अझ नराम्रो हुनसक्छ । वृद्ध व्यक्तिहरू प्रतिको दुर्व्यहार, उपभोक्ता जालसाज र निजहरू विरुद्धका अपराधहरूको रोकथाम गर्न समुदायहरूले सहकार्य गर्नैपर्छ । घर तथा समुदाय र संस्थागत प्रणालीहरू सुसारेहरूबाट हुन सक्ने संभावित उपेक्षा, दुर्व्यवहार वा हिंसाको जोखिम व्यवसायीहरूले वुझ्न आवश्यक छ ।

१०८. विभेदकारी सामाजिक अवधारणाहरूको र महिलाका मानव अधिकारहरूको वोध नभएको कारणले गर्दा वृद्ध महिलाहरू शारीरीक तथा मनोवैज्ञानिक दुर्व्यवहार/अपमानको उच्चतर जोखिमसंग जुध्नुपर्छ । केही हानिकारक परम्परागत तथा प्रथाजन्य व्यवहारहरूले वृद्ध महिला प्रति लक्षित दुर्व्यवहार र हिंसा उत्पन्न गर्छन्, जो गरिवीले तथा कानूनी संरक्षणमा पहुंचका अभावले गर्दा प्रायः नकारात्मक रुपले वृद्धी हुन्छ ।

१०९. न्यून आर्थिक अवसरहरू र स्वतन्त्रताको अभाव, कर्जा, भूमिको स्वामित्व र अपूताली लगायत आर्थिक स्रोतहरूमा पहुंचको कमी, शिक्षा र समर्थन सेवाहरूमा पहुंचको कमी तथा निर्णय निर्माण प्रक्रियामा उनीहरूको न्यून सहभागितासंग महिलाको गरिवी प्रत्यक्ष रुपमा सम्वन्धित छ । गरिवीले महिलालाई यौनजन्य शोषणको जोखिममा पार्न सक्ने अवस्थाहरू तर्फ पनि धकेल्न सक्छ ।

### ११०. उद्देश्य १: वृद्ध व्यक्तिहरु विरुद्धका सवै किसिमका उपेक्षा, दूर्व्यवहार तथा हिंसा उन्मूलन गर्ने

कृयाकलापहरु :

(क) वृद्ध व्यक्तिहरू प्रतिको दुर्व्यवहार र यसका विविध विशेषताहरू तथा कारणहरूको वारेमा संचार माध्यम र अन्य सचेतना अभियानहरूको माध्यमवाट व्यवसायीहरूलाई संवेदनीकरण गर्ने र सर्वसाधारण जनतालाई शिक्षित वनाउने,

(ख) महिलाको स्वास्थ्य तथा कल्याणकालागि हानिकारक विधवाले गर्नुपर्ने रितिरिवाज/संस्कार उन्मूलन गर्ने,

(ग) वृद्ध व्यक्तिहरू प्रतिको दुर्व्यवहार उन्मूलन गर्ने कानून बनाउने र कानूनी प्रयत्नहरूलाई सुदृढ गर्ने,

(घ) वृद्ध व्यक्तिहरू संलग्न गराउने हानिकारक परम्परागत व्यवहारहरू उन्मूलन गर्ने,

(ङ) अन्य कुराका अतिरिक्त, सामुदायिक पहलहरूको विकास गरेर वृद्ध व्यक्तिहरू प्रति गरिने दुर्व्यवहारलाई सम्बोधन गर्न सरकार तथा गैर-सरकारी संगठनहरू लगायत नागरिक समाज बीचको सहयोगलाई प्रोत्साहित गर्ने,

(च) विशेष गरी संकटकालिन अवस्थाहरूमा उपेक्षा, दुर्व्यवहार तथा हिंसाका सम्वन्धमा सार्वजनिक सचेतना वृद्धि गरेर एवं त्यस्ता उपेक्षा, दुर्व्यवहार तथा हिंसावाट वृद्ध महिलाहरूलाई संरक्षण गरेर वृद्ध महिलाहरू पर्न सक्ने सवै किसिमका उपेक्षा, दुर्व्यवहार तथा हिंसाका जोखिमहरू न्यूनीकरण गर्ने,

(छ) वृद्ध महिला र पुरुष विरुद्ध हुने सवै किसिमका हिंसाको कारण, प्रकृति, हद, गंभिरता तथा परिणामहरूका सम्बन्धमा अग्रीम अनुसन्धान गर्न प्रोत्साहित गर्ने र अनुसन्धान तथा अध्ययनका ठहरहरूको प्रचार प्रसार व्यापक रुपमा गर्ने ।

## १११. उद्देश्य २ : वृद्ध व्यक्तिहरु प्रति हुने दुर्व्यवहारलाई सम्बोधन गर्न समर्थनमुखि सेवाहरु स्थापित गर्ने

कृयाकलापहरु :

(क) दूर्व्यवहारबाट पीडित व्यक्तिहरूका लागि सेवाहरू र दुर्व्यवहार गर्ने व्यक्तिहरूका लागि पनुर्स्थापनाका प्रवन्धहरू स्थापित गर्ने,

(ख) शंकास्पद वृद्ध व्यक्तिहरू प्रतिको दुर्व्यवहारको जाहेरी गर्न स्वास्थ्य तथा सामाजिक सेवा व्यवसायीहरू एवं सर्वसाधारण जनतालाई प्रोत्साहित गर्ने,

(ग) दुर्व्यवहार खपिरहेको आशंका गरिएका वृद्ध व्यक्तिहरूलाई प्रदान गर्न सकिने संरक्षण र सहयोगका वारेमा वृद्ध व्यक्तिहरूलाई सूचित गर्न स्वास्थ्य तथा सामाजिक सेवा व्यवसायीहरूलाई प्रोत्साहित गर्ने,

(घ) हेरविचार गर्ने व्यवसायीहरूको तालीममा वृद्ध व्यक्तिहरू प्रतिको दुर्व्यवहारलाई कसरी तह लगाउन सकिन्छ भन्ने कुरा समावेश गर्ने,

(ङ) उपभोक्ता जालसाजका वारेमा वृद्ध व्यक्तिहरूलाई शिक्षित बनाउन जानकारीमूलक कार्यक्रमहरू तय गर्ने ।

## विषय ४ : वृद्धावस्थाको चित्रण

११२. वृद्धावस्था प्रतिको सकारात्मक विचार वृद्धावस्था सम्बन्धी अन्तर्राष्ट्रिय कार्ययोजनाको एउटा अभिन्न अंग हो । अख्तियारी, विवेक, मर्यादा र अनुभव सँगसँगै आउने अवरोधको स्वीकृति नै इतिहास भर वृद्ध व्यक्तिहरूलाई प्रदान गरिएको सम्मानको एउटा सामान्य विशेषता भएको छ । केही समाजहरूमा यी मूल्यहरूलाई प्रायःजसो उपेक्षा गरिन्छ र वृद्ध व्यक्तिहरूको स्वास्थ्य र समर्थनमूलक सेवाहरूको लागि बढ्दो आवश्यकता भएको भनी उनीहरूलाई अर्थतन्त्रमा शोषणको रुपमा असमानुपातिक ढंगले चित्रण गरिन्छ । वृद्ध व्यक्तिहरूका लागि स्वस्थ वृद्धावस्था सामाजिक रुपले बढ्दो महत्वपूर्ण सवाल हो तापनि स्वास्थ्य स्याहार, निवृत्तिभरण र अन्य सेवाहरूको तह (स्केल) र खर्च उपरको सार्वजनिक चासोले यदाकदा वृद्धावस्थाको नकारात्मक चित्रणलाई सम्वर्धन गर्ने गरेको पाईन्छ । वृद्ध व्यक्तिहरूलाई उल्लेख्य योगदान दिने आकर्षक, वहुमुखी र सिर्जनशील व्यक्तिहरूका रुपमा गरिने उनिहरूको चित्रणले सार्वजनिक ध्यानका लागि प्रतिस्पर्धा गर्नुपर्छ । वृद्ध महिलाहरू खासगरी भ्रमपूर्ण र नकारात्मक रुढीवद्दताबाट प्रभावित छन्: उनीहरूको योगदान, सामर्थ्य, स्रोत-सम्पन्नतापन तथा मानवता प्रतिविम्वित गर्ने किसिमले उनीहरूलाई चित्रित गर्नुको सट्टा उनीहरूलाई प्रायः कमजोर र निर्भर व्यक्तिको रुपमा चित्रित गरिन्छ । यसले स्थानीय तथा राष्ट्रिय तहहरूमा छुट्याउने/वाहेक गर्ने व्यवहारहरूलाई पृष्टपोषण गर्छ

### ११३. उद्देश्य १ : वृद्ध व्यक्तिहरूको अख्तियारी, विवेक, उत्पादकत्व र अन्य महत्वपूर्ण योगदानहरूको सार्वजनिक स्वीकृति अभिवृद्धि गर्ने

कृयाकलापहरु :

(क) वृद्ध व्यक्तिहरूका विगत र वर्तमानका योगदानलाई मान्यता दिने व्यक्तिगत र सामूहिक जिम्मेवारी रहेको, अग्रकल्पित पूर्वाग्रह र मिथकहरूको प्रतिरोध गर्ने र अन्ततोगत्वा वृद्ध व्यक्तिहरूलाई आदर र सम्मान, मर्यादा र संवेदनसिलतापूर्वक व्यवहार गर्ने नीतिगत कार्यसंरचना विकास गरी व्यापक रुपमा प्रवर्द्धन गर्ने,

(ख) अपाङ्गता भएका वृद्ध व्यक्तिहरू लगायत वृद्ध महिला तथा पुरुषको विवेक, सामर्थ्य, योगदान, साहस र स्रोतसम्पन्नता झल्काउने चित्रण/छाप प्रवर्द्धन गर्ने आम संचारलाई प्रवर्द्धन गर्ने,

(ग) वृद्ध व्यक्तिहरू लगायत सबै उमेरका व्यक्तिहरूले दिने योगदानलाई मान्यता दिन र पाठ्यक्रमहरूमा त्यस्तो योगदान समावेश गर्न शिक्षकहरूलाई प्रोत्साहित गर्ने)

(घ) रुढीवद्दताको चित्राकंन/आलेखन भन्दा माथि उठ्न र मानव मात्रको पूर्ण विविधता प्रदिप्त/प्रज्वलन गर्न संचार माध्यमलाई प्रोत्साहित गर्ने,

(ङ) संचार माध्यम परिवर्तनको अग्रदूत हो र ग्रामीण क्षेत्रहरूमा समेत विकासका रणनीतिहरूमा वृद्ध व्यक्तिहरूको भूमिका प्रवर्धन गर्न संचार माध्यम निर्देशक तत्व हुनसक्छ भन्ने कुरालाई मान्यता दिने,

(च) संचार माध्यमबाट हुने उनीहरूका कृयाकलाप र सरोकारहरूको प्रस्तुतिमा वृद्ध महिला तथा पुरुषले दिने योगदानलाई सहज बनाउने,

(छ) कार्यस्थलमा वृद्धवाद हटाउन र वृद्ध व्यक्तिहरूका सकारात्मक चित्रणहरू प्रस्तु गर्न संचार माध्यम र निजी तथा सार्वजनिक क्षेत्रहरूलाई प्रोत्साहित गर्ने,

(ज) वृद्ध महिलाको आत्म-सम्मान बढाउन उनीहरूको योगदानको सकारात्मक चित्रण प्रवर्द्धन गर्ने ।

## ३. कार्यान्वयन र अनुगमन

११४. वृद्धावस्था सम्वन्धी अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ को कार्यान्वयन गर्न भावी जनसांख्यिक परिवर्तनलाई सम्वोधन गर्ने र वृद्ध व्यक्तिहरूका सीप र सामर्थ्यहरूलाई परिचालन गर्ने दुवै कार्यकालागि सवै तहहरूमा दीगो कृयाकलापको जरुरत पर्छ । यसका लागि नयां चुनौतिहरूलाई सम्बोधन गर्न क्रमबद्ध मूल्यांकन आवश्यक हुनेछ । यसका अतिरिक्त, नीतिहरू अवलम्वन गर्न र वृद्धावस्थालाई सम्वोधन गर्न विकासोन्मुख देशहरूलाई सहयोग गर्न अन्तर्राष्ट्रिय सहायताको आवश्यकता अपरिहार्य र निरन्तर रुपमा विद्यमान छ ।

११५. वृद्धावस्था सम्वन्धी अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ को कार्यान्वयनका लागि अन्य कुराका अतिरिक्त मानवीय मर्यादा, मानव अधिकार, समानता, आद शान्ति, प्रजातन्त्र, आपसी जिम्मेवारी र सहयोग तथा जनताका विभिन्न धार्मिक र जातीय मूल्य एवं सांस्कृतिक पृष्ठभूमिहरूको पूर्ण सम्मानमा आधारित वृद्ध व्यक्तिहरूको सामाजिक विकासका लागि राजनीतिक, आर्थिक, जातीय र आध्यात्मिक सोंचको पनि आवश्यकता पर्छ ।

## राष्ट्रिय कृयाकलापहरु :

११६. अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ का व्यापक सिफारिशहरू कार्यान्वयन गर्ने प्राथमिक जिम्मेवारी सरकारहरूको हो । योजनाको सफल कार्यान्वयनको अत्यावश्यक प्रथम कदम/पाइला वृद्धावस्था तथा वृद्ध व्यक्तिहरूका सरोकारहरूलाई राष्ट्रिय विकास कार्यसंरचना र गरिवी निवारण रणनीतिहरूको मूल प्रवाहमा

ल्याउनु हो । कार्यक्रमको नवीनता, वित्तीय स्रोतहरूको परिचालन र आवश्यक मानव स्रोतको विकासलाई संगसंगै लगिने छ । तदनुरुप, योजनाको कार्यान्वयनको प्रगति सरकारहरू नागरिक समाजका सवै तहकाहरू र निजी क्षेत्र बीचको प्रभावकारी साझेदारीमा एवं अन्य कुराका अतिरिक्त, राष्ट्रिय र अन्तर्राष्ट्रिय तह लगायत सवै तहहरूमा प्रजातन्त्र, कानूनको शासन, सम्पूर्ण मानव अधिकार, मौलिक स्वतन्त्रताहरू तथा सुशासन प्रतिको सम्मानमा आधारित सवल वातावरणमा निर्भर हुनु पर्छ ।

११७. अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ को कार्यान्वयन, मूल्यांकन र अनुगमन गर्ने कार्यमा सरकारहरूलाई सहयोग गर्न गैर-सरकारी संस्थाहरूको भूमिका अहं छ ।

११८. उपयुक्तानुसार वृद्धावस्था सम्वन्धी निकाय तथा राष्ट्रिय समितिहरूको स्थापना लगायत अन्तर्राष्ट्रिय कार्ययोजनाको संस्थागत अनुगमन प्रवर्द्धन गर्ने प्रयत्नहरू गर्नुपर्छ । नागरिक समाजका सम्वद्ध क्षेत्रहरू खासगरी वृद्ध व्यक्तिका संगठनहरूका प्रतिनिधिहरू समेत रहेका वृद्धावस्था सम्वन्धी राष्ट्रिय समितिहरूले अती मूल्यवान योगदान दिन र वृद्धावस्था सम्वन्धी राष्ट्रिय परामर्शदातृ र समन्वयनकारी संयन्त्रको रुपमा काम गर्न सक्छन् ।

११९. कार्यान्वयनका अन्य महत्वपूर्ण तत्वहरूमा देहायका कुराहरू समेत समाविष्ट हुन्छन्: वृद्ध व्यक्तिहरूका प्रभावकारी संगठनहरू, वृद्धावस्था सम्वन्धी शैक्षिक, तालीम र अनुसन्धानात्मक कृयाकलापहरू, राष्ट्रिय तथ्यांक संकलन र विश्लेषण, जस्तै नीति तर्जुमा, सुपरीवेक्षण र मूल्यांकनका लागि लैंगिक र उमेर विशेष जानकारीको भण्डारण । कार्यान्वयनमा भएको प्रगतिको स्वतन्त्र र निष्पक्ष सुपरीवेक्षण पनि उत्तिकै महत्वपूर्ण हुन्छ र स्वायत्त संस्थाहरूवाट त्यस्तो सुपरीवेक्षण गराउन सकिन्छ । सरकार एवं नागरिक समाजले सुविधामा वृद्धी गरेर वृद्ध व्यक्तिहरूको प्रतिनिधित्व र समर्थन गर्ने संगठनहरूवाट गरिने स्रोतहरूको परिचालनलाई सहज बनाउन सक्छ ।

## अन्तर्राष्ट्रिय कृयाकलापहरु :

१२०. विश्वव्यापीकरण र अन्तर-सम्वन्धले व्यापार, लगानी र पूजिको प्रवाह तथा सूचना प्रविधि लगायतका प्रविधिमा भएको अग्रगमनको माध्यमबाट विश्व अर्थतन्त्रको वृद्धी र विश्वभर जीवनस्तरको विकास र सुधारका लागि नयां नयां अवसरहरूको ढोका खोली रहेका छन् भने अर्कोतिर समाजहरू भित्रै र समाजहरु बीच गंभिर वित्तीय संकटहरू, असुरक्षा, गरिवी, पृथक्करण र असमानता लगायतका गंभिर चुनौतिहरू विद्यमान छन् । विकासोन्मुख देशहरू खासगरी अती कम

विकसित देशहरू एवं संक्रमणकालिन अर्थतन्त्र भएका केही देशहरूका लागि विश्व अर्थतन्त्रमा एकीकरण र पूर्ण सहभागिता राख्न उल्लेखनीय व्यवधानहरू रहेका छन्। सामाजिक तथा आर्थिक विकासका फाईदाहरू सवै देशहरूमा नपुऱ्याएसम्म सवै देशहरूमा तथा समग्र क्षेत्रहरूमा समेत जनताको बढ्दो संख्या विश्व अर्थतन्त्रको लाभवाट वञ्चित हुने छ। जनता तथा देशहरूलाई प्रभावित गर्ने ती व्यवधानहरूलाई निवारण गर्ने र सवैको हीतका लागि प्रस्तुत अवसरहरूको पूर्ण संभाव्यता हासिल गर्ने उद्देश्यले हामीले अहिले देखिनै काम गर्नुपर्छ।

१२१. विश्वव्यापीकरणले अवसर र चुनौतीहरू प्रस्तुत गर्छ। विकासोन्मुख देशहरू र संक्रमणकालीन अर्थतन्त्र भएका देशहरूले ती अवसर र चुनौतिहरूलाई सम्बोधन गर्न विशेष कठिनाईहरूको सामना गर्छन्। विश्वव्यापीकरण पूर्ण रुपमा ग्रहणशील र समन्यायिक हुनुपर्छ, र विकासोन्मुख देशहरू र संक्रमणकालीन अर्थतन्त्र भएका देशहरूलाई ती चुनौती र अवसरहरूलाई प्रभावकारी ढंगले सम्बोधन गर्न सघाउने उद्देश्यले ती देशहरूको पूर्ण र प्रभावकारी सहभागितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नीति तथा उपायहरूको तर्जुमा र कार्यान्वयन गर्नु पर्ने दरीलो आवश्यकता छ।

१२२. अन्य कुराहरूका अतिरिक्त, देहायका कार्यहरूको माध्यमबाट सहायताको र वित्तीय सहायताको उपलब्धताको महत्वलाई स्वीकार गर्दै, राष्ट्रिय विकासका प्रयत्नहरूमा परिपुरण गर्नको लागि, विकासोन्मुख देशहरू, अती कम विकसित देशहरू र संक्रमणकालिन अर्थतन्त्र भएका देशहरूलाई सहयोग गर्न संवृद्ध अन्तर्राष्ट्रिय सहयोग अत्यावश्यक छ।

– अन्तर्राष्ट्रिय मौद्रिक, वित्तीय र व्यापार प्रणालीहरूमा तादम्यता, शासन र एकरुपता अभिवृद्धि गर्ने अपरिहार्य आवश्यकतालाई मान्यता दिने। सो लक्ष्यमा योगदान दिन, विश्वव्यापी आर्थिक शासनमा सुधार गर्ने र विका[स] प्रवर्द्धन गर्न राष्ट्र संघको नेतृत्वदायी भूमिका सुदृढ गर्ने कार्यको निरन्तरताको महत्वलाई हामी जोड दिन्छौं। सोही प्रयोजनका लागि सवै सम्बद्ध मन्त्रालयहरू र संगठनहरू बीच समन्वय अभिवृद्धि गर्ने प्रयत्नहरूलाई राष्ट्रिय तहमा सुदृढ गर्नुपर्छ। त्यसैगरी, दीगो वृद्धि, गरिवी निवारण र दीगो विकास गर्ने सहस्राब्दी घोषणापत्रको विकास सम्बन्धी लक्ष्य हासिल गर्न संचालन र अन्तर्राष्ट्रिय तहहरूमा तादम्यता र अन्तर्राष्ट्रिय संस्थाहरूको नीति तथा कार्यक्रमगत समन्वयलाई हामीले प्रोत्साहित गर्नुपर्छ।

– अन्तर्राष्ट्रिय वित्तीय संरचना, जसलाई उच्चतर पारदर्शिता सहित दीगो बनाउनु पर्ने आवश्यकता छ, मा सुधार ल्याउन महत्वपूर्ण प्रयत्नहरूको थालनी भैसकेको कुरा र विकासोन्मुख देशहरू र संक्रमणकालीन अर्थतन्त्र

भएका देशहरूको प्रभावकारी सहभागिता उल्लेख गर्ने । सुधारको एउटा मुख्य उद्देश्य विकास र गरिवी निवारणकालागि आर्थिक लगानी अभिवृद्धि गर्नु हो । विकासमूखी अन्तर्राष्ट्रिय वित्तीय संरचनाको महत्वपूर्ण अवयवको रुपमा राष्ट्रिय विकासका प्रयत्नहरूमा महत्वपूर्ण योगदान दिने कुशल घरेलु वित्तीय क्षेत्रहरू प्रतिको हाम्रो प्रतिवद्धतालाई पनि हामी महत्व दिन्छौं ।

- अती कम विकसित देशहरू, न्यून आय भएका विकासोन्मुख देशहरू र मझौला तहको आय भएका विकासोन्मुख देशहरूका ऋण सम्बन्धी समस्याहरूलाई उपयुक्ततानुसार आयोजनाका लागि ऋण साटफेर गर्ने जस्ता ऋण घटाउने विद्यमान क्रमबद्ध संयन्त्रहरू समेतका उनीहरूको राष्ट्रिय ऋणलाई दीर्घकालिन रुपमा दीगो बनाउन डिजाईन गरिएका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उपायहरूको माध्यमबाट वृहत, समन्यायिक, विकासमुखी र स्थायी तवरले प्रभावकारी रुपले सम्बोधन गर्न तथा सामन्जस्यपूर्ण काम कारवाई गर्न आव्हान गर्ने ।
- विकासोन्मुख देशहरूले सहस्राब्दी घोषणापत्रमा उल्लिखित उद्देश्य तथा लक्ष्यहरू लगायत अन्तर्राष्ट्रिय रुपमा स्वीकृत विकासका लक्ष्य र उद्देश्यहरू हासिल गर्ने हो भने सरकारी विकास सहायता र अन्य स्रोतहरूमा महत्वपूर्ण वृद्धी गर्नु पर्ने कुरालाई मान्यता दिने ।

त्यसो नगरेका विकसित देशहरूले कुल राष्ट्रिय उत्पादनको ०.७ प्रतिशत विकासोन्मुख देशहरूलाई सरकारी विकास सहायता स्वरुप उपलब्ध गराउने र विकसित देशको कुल राष्ट्रिय उत्पादनको ०.१५ प्रतिशत अति कम विकसित देशहरूलाई उपलब्ध गराउने लक्ष्य हासिल गर्न ठोस प्रयत्नहरू गर्ने र विकासोन्मुख देशहरूलाई विकासका उद्देश्य र लक्ष्य हासिल गर्न मद्दत गर्न त्यस्ता सरकारी विकास सहायता प्रभावकारी ढंगले प्रयोग भैरहेको कुरा सुनिश्चित गर्ने दिशामा हासिल गरिएका प्रगति सुस्थापित गर्न हामी आव्हान गर्दछौं ।

१२३. अभिवृद्धि गरिएको र महत्व दिईएको अन्तर्राष्ट्रिय सहयोग तथा अन्तर्राष्ट्रिय विकास निकायहरूको प्रभावकारी प्रतिवद्दताले अन्तर्राष्ट्रिय कार्ययोजनाको कार्यान्यवन अभिवृद्धि गरी सक्षम बनाउने छ। अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू र क्षेत्रीय विकास वैंकहरूलाई अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ कार्यान्वयन गर्दा वृद्ध व्यक्तिहरूलाई विकासका स्रोतको रुपमा मान्यता दिईएको र आफ्ना नीति तथा आयोजनाहरूमा विकासोन्मुख देशहरू र संक्रमणकालीन अर्थतन्त्र भएका देशहरूलाई सहयोग गर्ने प्रयत्नहरूको अंगको रुपमा वृद्ध व्यक्तिहरूलाई मध्यनजर राखिएको कुरा सुनिश्चित गर्न आफ्ना कर्जा र अनुदान व्यवहारहरू परीक्षण गरी समायोजन गर्न अनुरोध गरिएको छ ।

१२४. त्यसैगरी, वृद्ध व्यक्ति सम्बन्धी समस्यालाई राष्ट्रिय तहमा समेत आफ्ना कार्यक्रम र आयोजनाहरूमा एकीकृत गरिएको सुनिश्चित गर्न संयुक्त राष्ट्र संघीय कोष र कार्यक्रमहरूको प्रतिवद्धता महत्वपूर्ण छ । विकासोन्मुख देशहरूमा वृद्धावस्था सम्बन्धी तालीम र सक्षमता अभिवृद्धि प्रवर्द्धन गर्ने संस्थाहरूलाई अन्तर्राष्ट्रिय समुदाय र अन्तर्राष्ट्रिय विकास संस्थाहरूबाट दिइने सहयोग अत्यन्तै महत्वपूर्ण छ ।

१२५. वृद्धावस्था सम्बन्धी अन्तर्राष्ट्रिय सहयोगका अन्य प्राथमिकताहरूमा उपयुक्तता अनुसार नीति र कार्यक्रम तय गर्न सहयोग गर्ने अनुभव र उत्तम व्यवहारहरू (Best Practices) को आदान प्रदान, सोधकर्ताहरू तथा सोधबाट निकालिएका ठहरहरू र तथ्यांक संकलन, आयमूलक आयोजनाहरूको तर्जुमा र सूचनाको प्रवाह समेत समाविष्ट हुनुपर्छ ।

१२६. समन्वयका लागि संयुक्त राष्ट्र संघीय प्रणालीका प्रमुख कार्यकारीहरूको समितिले वृद्धावस्था सम्बन्धी अन्तर्राष्ट्रिय कार्ययोजनाको प्रणालीगत कार्यान्वयन आफ्नो कार्यसूचीमा समाविष्ट गर्नुपर्छ । वृद्धावस्था सम्बन्धी विश्व सम्मेलनको तयारीका लागि संयुक्त राष्ट्र संघीय प्रणाली भित्र गठन गरिएका सम्पर्क विन्दूहरूलाई कायम राखी सवल बनाउनुपर्छ । योजना कार्यान्वयन गर्नका लागि आफ्ना जिम्मेवारीहरू वहन गर्ने संयुक्त राष्ट्र संघीय प्रणालीको संस्थागत सक्षमतामा सुधार गर्नुपर्छ ।

१२७. राष्ट्र संघीय प्रणालीमा वृद्धावस्था सम्बन्धी सम्पर्क विन्दूको रुपमा, वृद्धावस्था सम्बन्धी आर्थिक तथा सामाजिक कृयाकलाप सम्बन्धी विभागको प्रथामिक काम वृद्धावस्था सम्बन्धी अन्तर्राष्ट्रिय कार्ययोजनालाई सहज बनाई प्रवर्द्धन गर्नु हुनेछ । त्यस्ता कृयाकलापहरूमा नीतिको विकास र कार्यान्वयन गर्न मार्गनिर्देशिकाहरू डिजाईन गर्ने, वृद्धावस्था सम्बन्धी सवालहरूलाई विकासका कार्यसूचीहरूमा मूलप्रवाहीकरण गर्ने, नागरिक समाज र निजी क्षेत्रसंग सम्वाद गर्ने र सूचनाको आदान प्रदान गर्ने कार्य समेत समाविष्ट हुनेछ ।

१२८. वृद्धावस्था सम्बन्धी अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ लाई आफ्ना क्षेत्रीय कार्ययोजनाहरूमा रुपान्तरित गर्ने जिम्मेवारी संयुक्त राष्ट्र संघीय क्षेत्रीय आयोगहरूको हो । उनीहरूले अनुरोध भै आएमा वृद्धावस्था सम्बन्धी आफ्ना कृयाकलापहरूको कार्यान्वयन र सुपरीवेक्षण गर्न राष्ट्रिय संस्थाहरूलाई समेत सहयोग गर्नुपर्छ । आर्थिक तथा सामाजिक परिषद्ले यस सम्बन्धमा क्षेत्रीय आयोगहरूको सक्षमता अभिवृद्धी गर्न सक्छ । अन्तर्राष्ट्रिय कार्ययोजना प्रवर्द्धन गर्न संजाल विकास गर्ने प्रयत्नहरूमा क्षेत्रीय गैर-सरकारी संगठनहरूलाई सहयोग गर्नुपर्छ ।

## अनुसन्धान :

१२९. सवै देशहरू खासगरी विकासोन्मुख देशहरूमा वृद्धावस्था सम्वन्धी व्यापक, विविधिकृत र विशिष्टिकृत अनुसन्धानलाई प्रवार्दन गर्न र अग्रगति दिन जरुरी छ। उमेर तथा लैंगिक संदेनशील तथ्यांक संकलन र विश्लेषण समेतका अनुसन्धानले प्रभावकारी नीतिका अत्यावश्यक प्रमाण उपलब्ध गराउँछ। वृद्धावस्था सम्वन्धी अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ को अनुसन्धान अवयवको प्रमुख काम अन्तर्राष्ट्रिय कार्ययोजनामा परिभाषित सिफारिश र कृयाकलापहरूको, उपयुक्तता अनुसार, कार्यन्वयन सहज बनाउनु हो। उत्पन्न समस्याहरूको पहिचान गर्न र सिफारिशहरू ग्रहण गर्न विश्वसनीय जानकारीको उपलब्धता अपरिहार्य हुन्छ। मुख्य मुख्य सूचकहरू जस्तै मूल्यांकनका वृहत र व्यवहारिक साधनहरूको विस्तार गरी उपयुक्ततानुसार प्रयोग गर्ने काम सामाजिक नीति निर्माणलाई सहज बनाउन समेत आवश्यक छ।

१३०. वृद्धावस्था सम्वन्धी अन्तर्राष्ट्रिय अनुसन्धान वृद्धावस्था सम्वन्धी नीतिगत प्रतिक्रियाहरूलाई सहयोग गर्न र वृद्धावस्था सम्वन्धी अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ को कार्यान्वयनगत सफलताको लागि पनि आवश्यक पर्छ।

## विश्वव्यापी सुपरीवेक्षण, पुनरावलोकन र अद्यावधिकता :

१३१. सदस्य राष्ट्रिहरूवाट गरिने अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ को प्रणालीगत पुनरालोकन वृद्ध व्यक्तिहरूको जीवनको गुणात्मकतामा सुधार ल्याउने कार्यमा कार्ययोजनाको सफलताको लागि आवश्यक छ। अन्य सरोकारवालाहरूको सहयोगमा सरकारहरूले उपयुक्त पुनरावलोकन व्यवस्थाहरूको सम्वन्धमा निर्णय गर्न सक्छन्। सदस्य राष्ट्रहरू बीच नियमित पुनरावलोकनका उपलव्धीहरूको आदान प्रदान पनि महत्वपूर्ण हुनेछ।

१३२. सामाजिक विकास आयोगले वृद्धावस्था सम्वन्धी अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ को कार्यान्वयनको अनुगमन र समीक्षा गर्ने जिम्मेवारी वहन गर्नेछ। आयोगले अन्तर्राष्ट्रिय कार्ययोजनामा समाविष्ट गरिएका जनसंख्याका विभिन्न आयामहरूलाई आफ्नो काममा एकीकृत गर्नुपर्छ। सभाले गर्ने प्रभावकारी अनुगमनका लागि पुनरावलोकन र समीक्षा महत्वपूर्ण हुनेछ र तिनीहरूको कार्य तरीका (मोडालिटी) हरूको वारेमा यथासंभव छिटो निर्णय गर्नुपर्छ।

## प्रस्ताव २

### स्पेन* का जनता र सरकार प्रति धन्यवाद ज्ञपन

म्याड्रिडमा अप्रिल ८ देखि १२, २००२ सम्म स्पेनको सरकारको निमन्त्रणामा सम्पन्न *वृद्धावस्था सम्बन्धी दोस्रो विश्व सम्मेलनले,*

१. स्पेन अधिराज्य सरकारका प्रमुख (प्रेसिडेन्ट) महामहिम जोसे मारिया अजनारलाई उहांले वृद्धावस्था सम्बन्धी दोस्रो विश्व सभाको सभापतिको रुपमा सम्मेलनको सफल उपलब्धीमा पुऱ्याउनु भएको महत्वपूर्ण योगदानका लागि उहांप्रति गहिरो आभार व्यक्त गर्दछ,

२. स्पेनको सरकार प्रति दोस्रो विश्व सभा स्पेनमा सम्पन्न गर्न संभव वनाएको र आफुसंग उपलब्ध सेवा, कर्मचारी र सुविधाहरू अनुग्रहपुर्वक उपलब्ध गराएकोमा आभार व्यक्त गर्दछ,

३. सहभागीहरूलाई उपलब्ध गराईएको अतिथ्यता र न्यानो स्वागतकालागि विश्व सम्मेलनको आभार म्याड्रिड शहर र स्पेनका जनता समक्ष पुऱ्याउन स्पेनको सरकारलाई अनुरोध गर्दछ,

४. १२ अप्रील २००२ मा म्याड्रिडमा ग्रहण गरिएको वृद्धावस्था सम्बन्धी अन्तर्राष्ट्रिय कार्ययोजनाको नाम "वृद्धावस्था सम्बन्धी म्याड्रिड अन्तर्राष्ट्रिय कार्ययोजना" रहने निर्णय गर्दछ।

## प्रस्ताव ३

### वृद्धावस्था सम्बन्धी दोस्रो विश्व सम्मेलनका प्रतिनिधिका ओहोदाका प्रमाणपत्रहरु[i]

*वृद्धावस्था सम्बन्धी दोस्रो विश्व सम्मेलनले,*

ओहोदाको प्रमाणपत्र सम्बन्धी समितिको प्रतिवेदन[ii] र त्यसमा दिईएका सिफारिशहरू उपर *विचार गरी,*

ओहोदाको प्रमाणपत्र सम्बन्धी समितिको प्रतिवेदन *स्वीकृत गर्छ।*

---

* दशौं पूर्ण बैठकमा १२ अप्रील २००२ मा ग्रहण गरिएको, छलफलको लागि भाग ८ हेर्नुहोस्।

[i] दशौं पूर्ण बैठकमा १२ अप्रील २००२ मा ग्रहण गरिएको, छलफलको लागि भाग ६ हेर्नुहोस्।

[ii] ए/सीओ एन एफ. १९७/६।

## ज्येष्ठ नागरिकावस्था सम्बन्धी दोश्रो विश्व सभा

(म्याडड्रिड,२-१२ अप्रिल २००२)

नेपाल इकाई (नेपालको कार्यपत्र)

### परिचय :

नेपाल एउटा पहाडै पहाडले ढाकेको देश हो जसको कुल क्षेत्रफल १४७,१८१ वर्ग किलोमीटर छ। यसको उत्तरमा चीन तथा पूर्व, पश्चिम र दक्षिणमा भारत अवस्थित छन्। यसको उचाई समुद्रि सतहबाट १०० मीटरदेखि लिएर सबैभन्दा उच्च हिमश्रृङ्खलाहरू पनि यसै क्षेत्रमा पर्दछन्। विषम भौगोलिक अवस्थिति र बेग्ला-बेग्लै हावापानीले धनी राष्ट्र हो नेपाल। थुप्रै हिमाश्रृङ्खलाहरूको धनी राष्ट्र नेपालमा नै विश्वको सबभन्दा अग्लो हिमाल सगरमाथा पर्दछ। वर्तमानमा नेपालको जनसंख्या दुई करोड तीस लाख छ र यसको वृद्धिदर २.०५ प्रतिशत छ। यहाँको जनसंख्या भिन्दा भिन्दै जात तथा जनजातिहरूद्वारा निर्माण भएको छ जसले भिन्दा भिन्दै किसिमका धर्महरू अनुसरण गर्दछन्। नेपाल संस्कृतिमा एकदमै धनी राष्ट्र हो।

### नेपालमा ज्येष्ठ नागरिकवस्थाको जनसंख्या :

विश्वका अरु मुलुकहरूमा जस्तै नेपालमापनि ज्येष्ठ नागरिकहरूको जनसंख्या विस्तारै बढ्दै गइरहेको छ। यसको वृद्धिदर पूर्ण रुपमामात्र नभएर अनुपातिक रुपमा पनि बढेको छ। उदाहरणको लागि साठी वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वृद्धिदर १९५२/५४ मा ५.० प्रतिशत थियो, जुन १९९१ मा आएर ५.८ प्रतिशतले वृद्धि भयो। स्थलरुपमा गरिएको सर्वेक्षणले पनि ज्येष्ठ नागरिकहरूको संख्याको वृद्धिदर २.५ प्रतिशतको दरले बढ्दै गैरहेको पाइन्छ जबकी सम्पूर्ण जनसंख्याको स्वरुपमा असन्तुलन देखिएको छ। एकै समयका पीढीहरूको जमात बढिरहेको छ भने अर्कोतर्फ तीनै पिढीका परिवारका सदस्यहरूको संख्या घट्दै गैरहेको छ यसले पनि सेवा पुऱ्याउने र सेवा लिने बीच असन्तुलन बढाएको छ। ज्येष्ठ नागरिकवस्थामा आश्रित हुनेहरूको संख्या १९९१ मा ११.२ प्रतिशतले वृद्धि हुने र

(१९५२/५४–१९९१)

| जन गणना वर्ष | जनसंख्या वितरण (% मा) | | |
|---|---|---|---|
| | ०-१४ वर्ष | १५-५९ वर्ष | ६० वर्ष |
| १९५२-५४ | ३८.४ | ५६.६ वर्ष | ५.० |
| १९६१ | ३९.९ | ५४.९ वर्ष | ५.२ |
| १९७१ | ४२.१ | ५२.५ वर्ष | ५.४ |
| १९८१ | ४१.४ | ५२.९ वर्ष | ५.७ |
| १९९१ | ४२.४ | ५१.८ वर्ष | ५.८ |

२०६१ मा १२.०५ प्रतिशतले वृद्धि हुने जनाइएको छ । फितलो र कमजोर सहायता प्रणालीले र आश्रीत हुनेहरूको संख्यामा वृद्धि हुने हुनाले ज्येष्ठ नागरिकहरूको अवस्थालाई अरु दयनीय र कमजोर तुल्याउने छ । (विष्ट,२००२)

पारंपरिक रीति अनुसार ज्येष्ठ नागरिकहरूको स्याहार गर्नु परिवारको मुख्य दायित्व हो । यसरी (प्रदान) उपलब्ध गराईने सेवाहरूमा वास, खाना तथा अरु आत्यावश्यक चीजहरू पर्दछन् । परिवारका सदस्यहरू तथा नातेदारहरूले नै सधैं जसो भावनात्मक सहयोग र आफ्नोपन उपलब्ध गराईरहेको हुन्छन् । (विष्ट,२००२) तर आधुनिकीकरणले ठूलो परिवारह अब सानो वन्न पुगेका छन् । जे भए पनि हालसम्म नेपाल तथा दक्षिण एशियाली मुलुकहरूमा विस्तारीत परिवारनै सबैभन्दा प्रभावकारी सामाजिक संस्था हो । अनुसन्धानले के देखाउछ भने ज्येष्ठ नागरिकहरूको परिवारसंग बलियो सम्वन्ध र लगावका कारण उनिहरू बृद्धाश्रम (Old Age Home) मा गएर बस्नुको सट्टा आफ्नै परिवारमा बस्न रुचाउँछन् । र उनीहरूले तिनै परिवारका सदस्यहरूबाट माया र ममता पनि पाउने गर्छन् । (NEPAN and HelpAge International, 2001) यी तथ्यहरूको अतिरिक्त त्यस्ता ज्येष्ठ नागरिकहरू जो घरबाट बहिष्कार गरिएका हुन्छन अर्थात तीनिहरू सहयोग गर्ने कोहि पनि हुँदैनन् तिनीहरूको लागि श्री ५ को सरकार तथा नागरिक समाजले वृद्धाश्रमको संचालन गरेको छ ।

**नेपालमा ज्येष्ठ नागरिकहरूको जीवन :**

नेपालमा ज्येष्ठ नागरिकको संख्याको तीनवटा विस्तृत श्रेणी छ । पहिलो त्यस्तो श्रेणी पर्छ जसमा ज्येष्ठ नागरिकाहरू उनीहरूकै परिवारसंग बसेका हुन्छन । तिनीहरू परिवारका सदस्यहरूसंगै खान्छन र संगै बस्छन तर दिउँसो एक्लै हुन्छन् । यस्तो किन हुने गर्दछ भने स्कूल जाने उमेरका केटाकेटी स्कुल जान्छन भने कामगर्न सक्नेहरू काममा गए सकेका हुन्छन् । त्यसैकारणले गर्दा त्यस्ता परिवारमा बस्ने वृद्धहरूको लागि अतिरिक्त सामाजिक वातावरणको आवश्यकता पर्दछ । दोश्रो श्रेणीमा सम्पन्न ज्येष्ठ नागरिकहरू पर्दछन जसको पहुंच पारिवारीक सम्पतीमा हुन्छ अर्थात निवृती भरण भत्ता पाउने गरेका हुन्छन् । तिनीहरू एक्लो परिवारमा (Nuclear family) बस्छन तर तिनीहरूलाई धेरै स्याहार/सुसार, माया/ममता र सामाजिक वातावरणको आवश्यकता पर्दछ । अन्त्यमा एउटा त्यस्तो एउटा समूह छ जसमा उनीहरू घरबार विहीन र वडो कष्टकर जीवन विताई रहेका छन् । हाम्रो प्रयासहरू तीनै ज्येष्ठ नागरिकहरूलाई एउटा स्वस्थ्य र राम्रो जीवन विताउन सक्षम वनाउनुमा पनि निर्भर हुनु पर्दछ ।

समग्रमा, नेपालमा ज्येष्ठ नागरिकहरूलाई समाजिक दृष्टिले सवैभन्दा वढि हेला तथा लापर्वाही गरी एउटा बेग्लै समुदायमा राखिएको छ । हालैसम्म पनि विकासको प्रक्रियामा

पनि ज्येष्ठ नागरिकहरूको चाहना, उमङ्ग र उत्सुकता एवं भावनालाई वेवास्ता गरिएको छ। सामाजिक सुरक्षा (नीति) प्रथानै छैन र यस तर्फ नत राज्य नत नागरिक समाजहरू नै अघि वढेका छन्। ज्येष्ठ नागरिको अवस्था सम्बन्धी गरिएको सहभागीमूलक अनुसन्धानमा के देखिएको छ भने ज्येष्ठ नागरिकहरू जुनसुकै जातजाती, धर्म, लिङ्ग, समुदायबाट आएको भए पनि प्यार, ममता स्नेह र देखभाललाई वास, गाँस, कपडा र नियमीत स्वास्थ्य परिक्षण जत्तिकै अति महत्वपूर्ण चिजहो भन्ने साझा भावना राख्दछन्। तिनीहरू सकिय भई रहन चाहन्छन। यसमा पनि सवैभन्दा वढी इच्छीत क्षेत्र चाही धार्मीक गतिविधीहरू हो (SCWAN 1994). ज्येष्ठ नागरिकहरू ढल्किदै गएको उमेरमा पनि प्रायः सक्रिय र उत्पादक हुन्छन्। मुख्य गरेर उनीहरू आफूलाई बालवच्चा हेर्न वस्तुभाउ चराउन, हस्तकलाका सामानहरू बनाउन, आयूर्वेदिक औषधोपचार गर्न आदिमा व्यस्त राख्छन्। (NEPAN and HelpAge International, 2001). ज्येष्ठ नागरिक महिलाहरू प्रायः गरेर घर भित्रका काम सघाउन तत्पर रहन्छन। यी सवै ज्येष्ठ नागरिकहरूले आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याई रहेको भए पनि यीनीहरूको सहयोगको कमै मात्र मुल्याङ्कन गरिएको पाइन्छ। समाजले पनि यस्ता कार्यको आर्थिक मुल्याङ्कन गरिएको छैन। यी वृद्धहरूको सकिय सहभागिता र सहयोगको बावजुद पनि यिनीहरूको छवि समाजमा त्यति सकारात्मक छैन्। तिनीहरूलाई समाज लगायत घर परिवारले विभिन्न विशेषणहरू जस्तै "निस्कृय", "बोझ" आदि शब्दहरूबाट सम्बोधन गरेको पाइन्छ।

ज्येष्ठ नागरिकाहरू आलोचित हुने सवालमा लैङ्गिक विभेदले पनि ठुलो चलखेल गरेको हुन्छ। जस्तै प्रायः गरेर महिलाहरूले ज्येष्ठ नागरिकहरूको हेरचाह गर्ने क्रममा अहम भूमिका निर्वाह गरेका हुन्छन तर जब तीनै महिलाहरू वृद्ध हुन्छन तब तिनीहरू पनि थोरै मात्र आर्थिक तथा सामाजिक लाभबाट खुम्चीएर रहने गर्छन। (Risseeuw, 2002) यो पनि मनन् योग्य छ कि लैङ्गिक किसिमले गरिने श्रमको विभाजन पनि वृद्ध महिलाहरू प्रति वढि शोषणयुक्त एवं दवावयुक्त छ। वर्तमानका ज्येष्ठ नागरिक महिलाहरू जो विगतका सन्तानोत्पादक कठिनाईका कारणले विरामी छन्लाई, निश्चित रेखदेख पुऱ्याइ रहनु पर्दछ। साथै स्वास्थ्य सेवालाई उनीहरूको पहुंचसम्म पुऱ्याइनु पर्दछ। पुरुष सहयात्रीको तुलनामा महिलाहरूसंग धेरै सिमित आीर्थक श्रोत हुन्छ अर्थात कतिपयसंग त केहि पनि हुदैनन् न त तिनीहरू कुनै सम्पतीको हिस्सेदार हुन्छन् न त तिनीहरूको पेन्सन नै आउँछ। त्यसैले ती वृद्ध महिलाहरूलाई अति दयनीय तथा कठोर अवस्थावाट जोगाउनको लागि विशेष किसिमको सहयोगको संयन्त्रहरू अपनाउनु पर्ने देखिन्छ। (Subedi 1999) दुर्भाग्यवस नेपालमा यसको पहिचान हुन र त्यही अनुसारका कार्यक्रमहरू व्यवहारमा लागु हुन बाँकी नै छ।

ज्येष्ठ नागरिकहरूले भोग्नु परेका टडकारो समस्याहरू मध्ये एक्लोपना सवैभन्दा प्रमुख छ। यस्ता समस्यासंग जुध्न उनीहरूलाई आफ्नो समुदायमा सामुहिक मंचको आवश्यकता

पर्छ । त्यस्ता सामुहिक मंचहरूले उनीहरूको अध्यात्मिक, सांस्कृतिक र धार्मिक आवश्यकताहरू परिपूर्ति गर्ने मात्र नभएर उनीहरूलाई संगठित हुन र समान चाहना र उद्देश्यका लागी आवाज उठाउने मौका पनि प्रदान गर्दछ र त्यस्ता मंचहरूपछि गएर वृद्धाश्रमको रुपमा विकसित गर्न पनि सकिन्छ ।

ज्येष्ठ नागरिकहरू केवल पारिवारिक र सामाजिक सहयोगका अधिकारीमात्र हैनन् विगतमा र वर्तमानमा उनीहरूले समाज र परिवारलाई पुऱ्याएको सहयोग अतुलनिय रुपमा उल्लेख्य छ । उनीहरूले उल्लेख्य रुपमा विगतका अनुभव र चातुर्यहरू नयाँ पुस्ताहरूमा हस्तान्तरण गर्ने गर्दछन् । तिनीहरू संस्कृतिका भण्डार हुन र तिनीहरूले नै संस्कृतिलाई बचाई राख्न र अरुहरूको सामु पहिचान गराउन मद्दत गर्दछ । तिनीहरूलाई समाजको जिउंदो इतिहास पनि भन्ने गरिन्छ । यसको अतिरिक्त उनीहरूले घरका बच्चाहरू हेरेर उनीहरूलाई जीवनको मूल्य र मन्यताहरू सिकाएर पारिबारिक सम्पत्तिको रेखदेख गरेर आदि विभिन्न क्रियाकलापद्धारा अमुल्य सहयोग पुऱ्याई रहेका हुन्छन् ।

उनीहरूले यसरी पुऱ्याउँदै आएको सहयोगको पहिचान हुनु आवश्यक छ । ज्येष्ठ नागरिकहरू प्रति रहि आएको धुमिल चित्रणलाई सकारात्मक बनाउन विद्यालयदेखि विश्वविद्यालय स्तरको पठयक्रमहरूमा पनि परिवर्तन हुनु अति आवश्यक छ । ज्येष्ठ नागरिकहरूको योगदानलाई पुर्नमुल्याङ्कन साथ मान सम्मना र कदर गरिनु पर्छ । नेपालमा हालसम्म पनि ज्येष्ठ नागरिकहरूलाई प्रदान गरिने सेवालाई धार्मिक तथा दानको रुपमा हेर्ने गरिन्छ । (Khanal 1998) ज्येष्ठ नागरिकहरूलाई सेवा प्रदान गर्न विस्तारित वजार सेवाको विकास नेपालमा भै सकेको छैन । व्यक्तिगत सघसंस्थाहरूबाट पनि निवृत्तीभरण जीवन विमा तथा उत्पादानहरूको व्यवस्था हुन बाँकी नै छ । अपवादको रुपमा केहि आफ्ना नितान्त व्यक्तिगत र सरकारको सिमित पहलमा सा-साना केहि वृद्धाश्रमहरू खुलेका छन् ।

अन्तमा मौसम अनुसार वढ्दै जाने श्रमिकहरूको बसाई सराई भारत तथा अन्य तेस्रा मुलुकहरू र खाडीका देशहरूमा हुने वसाई सराइको कारणले गाउँमा उजाडपना छाएको छ र उल्लेख्य रुपमा श्रमिकहरूको खाँचो महसुस गरिएको छ । यसको अतिरिक्त गाउँहरूमा शसस्त्र आंतककारीको डर र त्रासका कारणले समर्थ युवा जमातहरू पलायन हुने अवस्था टडकारो रुपमा छ । कैयौंले त आंतककारी गतिविधिमा लाग्नाले र कतिले दोहोरा मारमा परेर ज्यान गुमाई सकेका छन ।

**राज्यले गरेका पहलहरु र बाचाहरू :**

नेपालले पनि मकाउ कार्ययोजनालाई अङ्गिकार गरेको छ जस अन्तर्गत एशिया तथा प्रसान्त क्षेत्रमा वढ्दो ज्येष्ठ नागरिकहरूको जनसंख्यालाई ध्यानमा राखेर सात वटा

महत्वपुर्ण विषयहरूमा दृटिगोचर गरिएको छ । साथै यीनै सातवटा महत्पपूर्ण बुंदाहरूलाई ध्यानमा राखेर कार्ययोजनाहरू निर्माण गरिएका छन् । ज्येष्ठ नागरिकका सवालमा बनाइएको नीति निर्माण सम्वन्धी कार्यशालामा र १६-१५ जुलाई २००१ फिलिपिन्सको मनिलामा सम्पन्न वृद्धवृद्धाका अवस्था सम्वन्धी मकाउ कार्ययोजना (Macao plan of action on ageing) मा नेपमालको पनि सहभागीता थियो । त्यस्तै १७ -१९, अगष्ट २००१ भारतमा सम्पन्न भएको दोश्रो एशियाली क्षेत्रीय वैठक (Second Asian Regional Meeting) मा नेपालको तर्फबाट महिला, बालबालिका तथा समाज कल्याण मंत्रालय र समाज कल्याण परिषदले सहभागिता जनाएको थियो ।

नेपालको १९९० को संविधानले समान अधिकार र हकको संरक्षण र ग्यारेन्टी प्रदान गरेको छ । धारा ११, उपधारा ३ समाजबाट प्रत्यक्षरुपमा सहयोग पाउन नसकेका समूहरूलाई, सकारात्मक रुपमा सहयोग पुऱ्याउन सरकारको लागि संविधानले ढोका खेलिदिएको छ । उदाहरणको लागि नेपालको संविधानको धारा २६, उपधारा ९ मा विशेष कानुनी व्यवस्थाको प्रावधान गरिएको छ । संविधानका यिनै मान्यताहरूलाई पथप्रदर्शकको रुपमा ठानिएको हुनाले यी मान्यताहरू टडकारो रुपमा उजागर हुनु पर्छ । हाल श्री ५ को सरकारले ती संवैधानिक प्रावधानहरूलाई ज्येष्ठ नागरिकहरूको व्यवहारिक जीवनमा धेरै तरिकाहरूबाट उपयोग गर्ने प्रयास गरिरहेको छ ।

नवौं योजना (१९९७-२००२)मा श्री ५ को सरकारले ठोस नीति तथा योजनाहरूको कार्यन्वयनको तर्जुमा गऱ्यो । यो कार्यक्रमले परिवार निहित सुरक्षा व्यवस्थालाई विकसित बनाउने कार्यक्रम ल्यायो जसले गर्दा ज्येष्ठ नागरिकहरू स्वभिमानी जीवन बाच्न सकुन भन्ने थियो । नागरिकताको आधारमा ज्येष्ठ नागरिकहरूलाई भत्ता दिने व्यवस्था गरियो । ज्येष्ठ नागरिकहरूकोलागि अस्पतालहरूमा छुटै शैयाहरूको व्यवस्था र उनीहरूलाई सहुलियत र शुलभ स्वास्थोपचार उपलब्ध गराइने व्यवस्थाको प्रवन्ध बारेमा पनि प्रकाश पारियो । सवै विकाश क्षेत्रहरूमा वृद्धाश्रमहरू खोल्ने योजना पनि बनाईयो । गाँउहरूमा ज्येष्ठ नागरिकहरूको लागी क्लवहरूको निर्माण गर्ने योजनाहरूको तर्जुमा गरियो । प्रत्येक दुई वर्षमा ज्येष्ठ नागरिकहरूको जनगणना अध्यावधिक गर्ने व्यवस्था गरियो । यति राम्रा योजनाहरू हुदाहुदै पनि कार्यन्वयन भने सिमित क्षेत्रमा मात्रै भयो र अपेक्षा अनुरुपको उपलब्धी हुन सकेनन् । दशौं योजनाले नवौं योजनामा आधार रहेका योजनाहरूलाई पूर्ण गराउने लक्ष्य राखेको छ ।

ज्येष्ठ नागरिक प्रति नीति र कार्ययोजना (The policy and operational strategy Towanda Senior citizens 2001) श्री ५ को सरकारले अवलम्बन गरेका मुख्य दस्तावेज हो । यो अवश्य नै एउटा सकारात्मक पाइला हो । तर यसलाई अरु परिमार्जन गर्दै लैजानु पर्ने हुन्छ । उदाहरणको लागि ज्येष्ठ नागरिकहरूका लागि उपलब्ध गराइने सहयोग परम्परामा

आधारित छ तर हाल आएर श्री ५ को सरकारले यसलाई अधिकारमा आधारित दृष्टिकोणबाट परिभाषित गर्ने प्रयास गरिरहेको छ ।

सन् १९९५ मा श्री ५ को सरकारले राष्ट्रिय योजना अन्तर्गत ज्येष्ठ नागरिकहरूलाई महिनावरी रुपमा आर्थिक सहयोग उपलब्ध गराउने योजनाको शुरुवात गऱ्यो । हालसालै श्री ५ को सरकारले अरु थप कार्यक्रमहरू पनि अगाडि ल्याएको छ । ज्येष्ठ नागरिका अवस्था सम्वन्धी कार्ययोजनाहरूलाई मुर्तरुप दिन गैरसरकारी संस्थाका प्रतिनिधिहरू रहेको एक समितीको गठन गरेको छ । साथै ज्येष्ठ नागरिकहरूको लागी राष्ट्रिय कोष (National Fund for Older People) को पनि स्थापना गरेको छ । यसको उद्देश्य ज्येष्ठ नागरिकहरूमाथी आकस्मीक रुपमा पर्न आउने आर्थिक संकट समाधान गर्ने उपयोग गर्ने उद्देश्य रहेको छ । यी सवै नीतिहरू संसद समक्ष पारित गर्नको लागि लेखि सकिएको छ । त्यस्तै गरेर शताब्दियौंदेखि श्री ५ को सरकारले वृद्धाश्रमहरू संचालन गरिरहेको छ र त्यस किसीमका कार्यमा संलग्न संधसंस्थाहरूलाई सहयोग पुऱ्याइ रहेको छ । हालसालै महिला वाल वालिका तथा समाज कल्याण मंत्रालयले ज्येष्ठ नागरिक स्वास्थ सेवा (Senior Citizen Treatment Services) कार्यपत्र प्रस्तुत गरेर सम्वन्धित निकायहरूमा पठाई सकेको छ । यो परिपत्रमा ज्येष्ठ नागरिकहरूलार्य साधारण उपचार निशुल्क उपलब्ध गराई दिने वारे उल्लेख गरिएको छ ।

**ज्येष्ठ नागरिकहरूको व्यवस्था सम्बन्धी अन्तर्रराष्ट्रिय रणनीति (International Strategy for Action on Ageing)**

श्री ५ को सरकार ज्येष्ठ नागरिक सम्वन्धी तयार गरिएको रणनीतिक कार्ययोजना अर्न्तगत संयुक्त राष्ट्र संघको सामाजिक सेवाका अध्यक्ष प्रति उहँले गुर्न भएको कार्यको हार्दिक प्रशंसा व्यक्त गर्न चाहन्छ । यसको अतिरिक्त, यस सभाका सहभागीहरू तल उल्लेखीत बुदाहरूमा ध्यानाकर्षण गराउन चाहन्छौं ।

ज्येष्ठ नागरिकहरू प्रति प्रतिवध्द सदस्य राष्ट्रहरूबाट ज्येष्ठ नागरिकहरूको भलाईको लागी निश्चित परिमाणको रकम छुटयाईयोस साथै द्विपक्षिय, वहुपक्षिय सहयोगी अनुदाताहरूबाट संयुक्त राष्ट्रको पहलमा विकासशिल राष्ट्रहरूको लागि आर्थिक सहयोगको व्यवस्थगा गरियोस् । यसको अतिरिक्त ज्येष्ठ नागरिकहरूको लागी अन्तर्रराष्ट्रिय कोषको खडा गरियोस जसले सम्पूर्ण सदस्य राष्ट्रहरूमा भएका गतिविधिहरू माथी निगरानी राखोस् । प्रत्येक पाँच वर्षमा हुने ज्येष्ठ नागरिकहरू सम्वन्धी सम्मेलनमा संयूक्त राष्ट्र संघले अगुवाई गरोस भन्ने श्री ५ को सरकार प्रस्ताव राख्न चाहन्छ । यदि त्यस्तो भएको खण्डमा ज्येष्ठ नागरिकहरूमाथी गरिका कार्यहरूको समुचित निगरानी र कार्ययोजनालई प्रभावकारी ढङ्गले कार्यन्वयन गर्न

सकिन्छ । सदस्य राष्ट्रहरूले कार्ययोजनालाई निर्विवाद रुपमा लागु गरुन भनेर एउटा संयन्त्रको पनि विकाश गरियोस र यसको अधिकार कार्यक्षेत्रको पनि निर्धारण गरियोस् ।

म्याड्रिड कार्ययोजनाका उद्देश्यहरूलाई मूर्तरुप दिनकोलागी विभिन्न व्यक्तिविशेष र संघसंस्थाहरूले बहन गुर्न पर्ने उत्तरदायित्वको निश्चित रुपरेखा तयार पर्ने जसले गर्दा उद्देश्य प्राप्तीमा सुगमता र प्रभावकारिता आवोस । यसै सन्दर्भमा संयूक्त राष्ट्र संघले एउटा छुटै समितिको गठन गरोस जसले प्रस्तावित कार्यहरूको कायान्वयनको निगरानी र मूल्याङ्कन राखोस् भन्ने प्रस्ताव पनि राख्दछौं ।

ज्येष्ठ नागरिकाहरूको लागी उनीहरूको परिवारभन्दा अरु कुनै पनि संस्था उत्तम हुन सक्दैनन् । यसै पृष्ठभूमीलाई ध्यानमा राखेर हामी नेपाली जनताको प्रतिनिधीको रुपमा पूर्वीय पारिवारिक प्रणाली नातागोता र यसका छिमेकीहरूको महत्वको बारेमा उजागर गर्न चाहन्छौं । साथै हामी सम्बन्धित निकायहरूलाई यस्ता परिवारहरूको अध्ययन अनुसन्धान गर्न र त्यस्ता नमुन पारिवारिक प्रणालीहरू संसारका अरु देशहरूपनि संभव हुन्छ की भन्ने संभाव्यता अध्ययन गर्न प्रस्ताव पेश गर्दछौं ।

बढ्दो आतंककारी गतिविधीका कारण संसार भरिका ज्येष्ठ नागरिकहरू चिन्तित छन र प्रभाविति छन् । त्यसरी नै उनीहरू उत्तिकै रुपमा दैवीप्रकोप, महामारी आदिबाट पनि प्रभावित छन । हाम्रो आफ्नै देश र पुरै दक्षिण एशिया पनि यसवाट अछुतो छैन । त्यसैले ती अप्रत्यासित र हृदयविदारक अवस्थाहरूवाट ज्येष्ठ नागरिकहरूलाई राहत दिलाउन संयुक्त राष्ट्र संघले प्रभावित ज्येष्ठ नागरिकहरूकोबारे अन्तर्देशीय अन्वेशण गरोस् र आवश्यक उपायहरूको खोजी गरोस् ।

अन्तमा सामजिक विकास आयोग र स्पेनको सरकार र जनतालाई यो सम्मेलन सफल र उत्पादक बनाउन सहयोग गर्नु भएकोमा हामी नेपाल सरकार र नेपालीको तर्फबाट धन्यवाद दिन चाहन्छौं ।

## नेपानद्वारा ज्येष्ठ नागरिकका सवालमा हालसम्म संचालित विविध गतिविधीहरू

| क्र.सं. | कार्यक्रमहरू | संख्या | मिति |
|---|---|---|---|
| क) | **अनुसन्धान/अध्ययन** | | |
| १) | ज्येष्ठ नागरिकका सवालमा सहभागीमूलक अनुसन्धान | १ | सन २०००/०१ |
| २) | अनुसन्धानको क्षेत्रिय कार्यशाला गोष्ठी | ४ | जनवरी/फेब्रवरी ०२ |
| ३) | ज्येष्ठ नागरिकका सवालमा कार्यरत संघसंस्थाहरूको क्षमता पहिचना अध्ययन | १ | फेब्रवरी २००२ |
| ४) | वृद्धवृद्धा सम्वन्धी सिकाईको सशक्त संचार माध्यमको पहिचान अध्ययन | १ | जुन २००२ |
| ख) | **तालिम/गोष्ठी/सम्मेलन** | | |
| १) | ज्येष्ठ नागरिकका सवालमा प्रशिक्षक प्रशिक्षण तालिम | १ | अक्टोवर २००२ |
| २) | वृद्धवृद्धा सम्वन्धी सचेतना तालिम | ५ | सन २००२/०३ |
| ३) | ज्येष्ठ नागरिकका सवालमा क्षेत्रिय नेटवर्क स्थापना | ४ | सन २००२/०४ |
| ४) | वृद्धवृद्धाहरूका सवालमा कार्यरत संघसंस्थाहरूलाई प्रस्तावना लेखन तथा कोष अभिवृद्धी तालिम | ४ | सन २००३ |
| ५) | वृद्धवृद्धा सम्वन्धी नेटवर्क भ्रमण | ३ | सन २००३ |
| ग) | **प्रकाशन तथा प्रचार प्रसार सामग्री उत्पादन** | | |
| १) | सहभागीता वृद्धवृद्धा विशेषाङ्क | १००० | सन २००३ |
| २) | *"वृद्धयोली आवाज"* अनुसन्धान प्रतिवेदन | १००० | अक्टोवर २००१ |
| ३) | *"वृद्धयोली आवाज"* अनुसन्धान प्रतिवेदन (अंग्रेजी अनुवाद) | १००० | अक्टोवर २००३ |
| ४) | "सुरक्षित *वृद्धयोली जीवन वृद्धावृद्धीको अधिकार"* मा पोष्टर | १००० | सन २००२ |
| ५) | "सुरक्षित *वृद्धयोली जीवन वृद्धावृद्धीको अधिकार"* अंग्रेजी पोष्टर | १००० | सन २००२ |
| ६) | *"जहाँ वृद्धवृद्धा खुशी तहाँ परिवार सदा सुखि"* नेपालीमा पोष्टर | १००० | जुलाई २००३ |
| ७) | *"ज्येष्ठ नागरिक विकासका लागि नयाँ शक्ती"* नेपालीमा पोष्टर | १००० | जुलाई २००३ |
| ७) | ज्येष्ठ नागरिकका सवालमा अन्तर्राष्ट्रिय कार्ययोजना | ३००० | जुलाई २००३ |
| ८) | ज्येष्ठ नागरिकका सवालमा नेपानको वेभपेज तयारी/अनुगमन | १ | सेप्टेम्वर २००३ |
| ९) | ज्येष्ठ नागरिकका सवालमा उपलब्ध सन्दर्भ सामग्रीको नेपान श्रोतकेन्द्रमा संकलन | | सन २००३ |
| घ) | **रेडियो कार्यक्रम** | | |
| १) | ज्येष्ठ नागरिकका ज्ञान र सीपको मुलुकको निर्माण प्रक्रियामा प्रभाव | | जुन २००३ |
| २) | *"एक अरव किशोरकिशोरीहरूका लागि स्वास्थ्य, सूचना तथा सेवाको पहुँच"* विषयक रेडियो अन्तरक्रिया पोखरा तथा काठमाडौंबाट | | जुलाई २००३ |
| ३) | *"ज्येष्ठ नागरिक विकासका लागी नयाँ शक्ती"* विषयमा पोखरा तथा काठमाडौं एफ.एम.बाट रेडियो अन्तरक्रिया | | सेप्टेम्वर २००३ |
| ४) | राष्ट्रिय विकासमा ज्येष्ठ नागरिकहरूको योगदान माथी रेडियो कार्यक्रम | | अक्टोवर २००३ |
| ५) | ज्येष्ठ नागरिकको सवालमा राष्ट्रिय नीति एवं कार्यक्रमहरू | | अप्रिल २००४ |

# नेपान (NEPAN) को संक्षिप्त चिनारी

विकासका विभिन्न क्रियाकलापहरूमा संलग्न कार्यकर्ताहरूवीच सहभागीमूलक विकास प्रक्रिया तथा यसको उत्थान, प्रवर्द्धन र सहजीकरण गर्दै वास्तविक जनसहभागिताको आधारलाई सार्थकता प्रदान गर्न भेटघाट, छलफल, अन्तरक्रिया तथा अनुभव आदान प्रदान गरी आ-आफ्नो कार्यगत प्रक्रियालाई अझ बढी सरल, सहज र प्रभावकारी रूपमा परिमार्जन गर्न सहयोग पुऱ्याउने थलोको रूपमा २०५१ सालमा नेपाल सहभागीमूलक कार्यसमूह (NEPAN) को स्थापना भएको हो ।

विकासको प्रतिफल सहिरुपमा विपन्न तथा पछाडी पारिएका जनताहरू समक्ष पुऱ्याउन तथा सहभागीमूलक प्रक्रियाको माध्यमबाट उनीहरूको सशक्तीकरण गर्न यस प्रक्रियाको प्रवर्द्धन तथा जनवकालत गर्नु नै नेपानको मूलभूत लक्ष्य हो ।

नेपानमा गैरसरकारी तथा सरकारी क्षेत्रका गरी हाल सक्रिय रूपमा ३४७ जना व्यक्तिगत तथा ४० वटा संस्थागत सदस्यहरू रहेका छन् । नेपान जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत दर्ता भई समाज कल्याण परिषदसँग समेत आबद्ध रहेको छ ।

**नेपानले के गर्दै आएको छ ?**

- सहभागीमूलक कार्यसम्बन्धी नीति र कार्यक्रम सम्बन्धी अनुसन्धानात्मक क्रियाकलापहरूको लागि संघ संस्थाहरूसँग विभिन्न स्तरमा समन्वय ।
- सहभागीमूलक विकास सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा विभिन्न कार्यशाला, गोष्ठी, तालिम तथा छलफल सञ्चालन ।
- नेटवर्क सदस्यहरूको नियमित रूपमा अद्यावधिक डाइरेक्टरी प्रकाशन ।
- सहभागीमूलक कार्यक्रमको विकासमा लागेका विकासकर्मी तथा सहजकर्ताहरूको लागि थप सीप प्रदान गर्न विभिन्न क्रियाकलापहरू संचालन ।
- नेटवर्क सदस्यहरूको जन सहभागिता सम्बन्धी अनुभव, जानकारी तथा सान्दर्भिक सामग्रीहरूको नियमित रूपमा संकलन, अभिलेखन, प्रकाशन तथा प्रवाह ।
- जनसहभागिता जुटाई विकास कार्यक्रम संचालनमा संलग्न रहेका व्यक्तिहरूको लागि साझा मञ्चको रूपमा रही उनीहरूलाई सहभागीमूलक कार्य प्रक्रिया अगाडि बढाउन आवश्यक पर्ने, परामर्श र विविध सेवा प्रदान ।
- समान उद्देश्य भएका विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्ध स्थापना तथा विस्तार ।
- ज्येष्ठनागरिक सम्वन्धी सहभागीमूलक अनुसन्धान र यस सवालबारे अध्ययन, अनुसन्धान वकालत ।
- शान्ति र विकास कार्यक्रम मार्फत विभिन्न साझेदार संस्थाहरूको क्षमता अभिवृद्धी ।

**थप जानकारीको लागी**

नेपाल सहभागीमूलक कार्यसमूह (नेपान)
पो. ब. नं. १३७९१, काठमाडौं, नेपाल
फोन नं. ४७८१९५५ फ्याक्स ४७८०९५९
ई-मेल: nepan@mos .com.np, वेभ: www.nepan.org.np